सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१८ कात्तिक २०८२, मंगलबार (4 Nov 2025, Tuesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक १९४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

झाडापखालाको उपचार नपाएर एकै परिवारका तीनको मृत्यु भएको गाउँमा हैजा पुष्टि

आरडिटी परीक्षणमा चारजनामा हैजा पजिटिभ



सप्तरीको छिन्नमस्ता गाउँपालिका- ५, लोखरमस्थित दलित बस्तीकी निलमदेवी सदा र उनकी भतिजी पाँच वर्षीया सुगन्धी। उनीहरू पाँच दिनदेखि झाडापखालाले ग्रसित छन्। यही टोलमा झाडापखालाबाट एक सातामै बुचन सदाका बुबा ७० वर्षीय लक्ष्मण, आठ वर्षीया छोरी राघिनी र चार वर्षीय छोरा सञ्जीवको मृत्यु भएको थियो।

सप्तरीमा **सौरभ यादव**

झाडापखालाको उपचार नपाएर एकै परिवारका तीनजनाको मृत्यु भएको सप्तरीको छिन्नमस्ता गाउँपालिका- ५, लोखरमस्थित दलित बस्तीमा हैजा फैलिएको पुष्टि भएको छ। स्वास्थ्य कार्यालय सप्तरी र पालिकाका स्वास्थ्यकर्मीको टोलीले नौजनाको पखालाको आरडिटी परीक्षण गर्दा चारमा हैजा पजिटिभ देखिएको हो।

हैजा फैलिँदै, स्वास्थ्यचौकीमा भने जीवनजलसमेत अभाव

आरडिटी रिपोर्ट पजिटिभ देखिएकाहरूको दिसाको नमुना ल्याब परीक्षणका लागि मधेश प्रदेश प्रयोगशाला ल्याब जनकपुर पठाएको स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख डा. सतिश यादवले बताए। आरडिटीमा हैजा देखिएका सात र तीन वर्षका बालक तथा ३० र ६५ वर्षीया महिलाको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा उपचार भइरहेको छ।

अस्पतालका निमित्त मेडिकल

» पृष्ठ २ मा क्रमशः

राजनीतिक परिवर्तनको भेलमा फेरि पनि ओझेल पर्दै प्रशासन सुधार

००९ यताका प्रत्येक पटकजसो राजनीतिक परिवर्तनपछि प्रशासन सुधारका लागि आयोग/समिति बनाइएका छन्। तर, प्रशासनिक क्षेत्र उस्तै समस्याग्रस्त छ। जेन-जी आन्दोलनपछि प्रशासनिक पुनर्संरचनाको आवाज संगठनभित्रैबाट सघन रूपमा उठे पनि अन्तरिम सरकारले कुनै प्रयासको छनक देखाएको छैन।

उच्चस्तरीय प्रशासन सुधार सुझाव समिति २०७० का अध्यक्ष काशीराज दाहाल भन्छन्-

अब प्रशासनिक सुधार होइन, क्रमभंग नै गर्नुपर्छ



नेपालको प्रशासनमा अनावश्यक भद्दा संरचना, व्यवस्थापकीय कमजोरी, आचरणगत र सांगठनिक रूपमा मौलाएको दलीयकरण मूल समस्या हुन्। यसले जवाफदेहिता खस्काएको, भ्रष्टाचार बढाएको र दण्डहीनतालाई प्रोत्साहन गरेको छ। संघदेखि स्थानीय तहसम्म अनावश्यक र समानान्तर संरचना खडा गरिएका छन्। बजेट र योजनामा दोहोरोपन छ। अनावश्यक दरबन्दी सिर्जना र नियुक्ति गरिएका छन्। प्रशासनिक सुधारका लागि विगतदेखि नै आयोगमाथि आयोग बने, तर राजनीतिक इच्छाशक्तिको कमीले परिणाम दिएन। वर्तमान सरकारले सुधारका केही प्रारम्भिक छनक देखाए पनि यतिले मात्र पुग्दैन। जेन-जीले सुशासनको माग गरेको हो। यसका लागि प्रशासनिक सुधार होइन, क्रमभंग नै गर्नुपर्छ।

सरकारका प्रवक्ता जगदीश खरेल भन्छन्-



सुशासन कायम गर्न सम्बन्धित निकायले विगतभन्दा सक्रिय भएर काम गरिरहेका छन्

सुवास भट्ट/नयाँ पत्रिका

भ्रष्टाचारको अन्त्य गरी सुशासन कायम गर्नुपर्ने प्रमुख मागसहित उठेको जेन-जी आन्दोलनले सत्ता उलटफेरसँगै साबिकको राजनीतिक दृष्टिकोणलाई पनि केही हदसम्म बदलिदियो। तर, मुख्य माग सुशासनलाई सम्बोधन गर्ने महत्त्वपूर्ण औजार प्रशासनिक सुधारको एजेन्डा भने फेरि पनि ओझेलमा पर्ने जोखिम बढेको छ।

आधारभूत सेवा-सुविधा सर्वसुलभ रूपमा प्रवाह गर्नुपर्ने दायित्वबाट चुक्दै गएको राज्यमाथि जेन-जीहरूले विद्रोह गरेका थिए। मामुली सेवादेखि नीतिगत तहसम्मै झाँगिएको घुसखोरी,

» पृष्ठ २ मा क्रमशः

■ प्रशासन सुधारका लागि ७३ वर्षमा बनेका २० आयोग/समितिका प्रतिवेदन जो दराजमा थन्किएका छन्



- प्रशासनिक पुनर्गठन समिति- २००९ 'बुच कमिसन'
- प्रशासन पुनर्गठन योजना आयोग- २०१३
- प्रशासन सुधार आयोग- २०२५
- प्रशासन सुधार आयोग- २०३२
- उच्चस्तरीय प्रशासन सुधार आयोग- २०४८
- सार्वजनिक प्रशासनको २५ वर्षीय गुरुयोजना अध्ययन प्रतिवेदन- २०५५
- भ्रष्टाचार नियन्त्रण सुझाव समितिको प्रतिवेदन- २०५६
- संगठनात्मक स्वरूप, तालिम र भ्रष्टाचार नियन्त्रणसम्बन्धी प्रतिवेदन- २०५६
- 'सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०५७
- स्वैच्छिक अवकाश प्रणाली अध्ययन प्रतिवेदन, २०६१
- मानव संसाधन मन्त्रालयको गठनसम्बन्धी कार्यदलको प्रतिवेदन- २०६२
- संस्थान सुधार सुझाव समितिको प्रतिवेदन- २०६३
- निजामती सेवामा तहगत प्रणाली लागू गर्नेसम्बन्धी अध्ययन प्रतिवेदन- २०६४
- प्रशासन पुनर्संरचना आयोगको प्रतिवेदन- २०६५
- निजामती सेवामा उत्प्रेरणाको विद्यमान अवस्था सर्वेक्षण अध्ययन प्रतिवेदन- २०६८
- प्रशासन सुधार सुझाव समिति- २०७०
- सार्वजनिक खर्च पुनरावलोकन आयोग- २०७५
- उच्चस्तरीय प्रशासन सुधार कार्यान्वयन तथा अनुगमन समिति- २०७६
- उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदन- २०८१
- उच्चस्तरीय शासकीय सुधार आयोग- २०८२

कर्मचारी नेतृत्वलाई प्रधानमन्त्रीको १४बुँदे निर्देशन



सोमबार मन्त्री र सचिवहरूसँग संयुक्त बैठकमा प्रधानमन्त्री सुशीला कार्कीले भनिन्-

नयाँ पुस्ताले सुम्पेको समृद्धि, विकास, सुशासन, समानता र भ्रष्टाचारविहीन शासकीय प्रबन्धको ग्यारेन्टी गर्ने जिम्मा तपाईंहरूकै हो

नयाँ पत्रिका

प्रधानमन्त्री सुशीला कार्कीले नयाँ पुस्ताले सुम्पेको समृद्धि, विकास, सुशासन, समानता र भ्रष्टाचारविहीन शासकीय प्रबन्धको सुनिश्चितताका लागि कर्मचारी नेतृत्वलाई निर्देशन दिएकी छिन्। सोमबार मन्त्री र सचिवहरूसँग संयुक्त बैठकमा प्रधानमन्त्री कार्कीले सुधारका १४ बुँदे निर्देशन दिएकी हुन्।

यस्ता छन् प्रधानमन्त्रीका १४ बुँदे निर्देशन

(पृष्ठ २)

'विषयगत मन्त्रालयका सचिवहरूको प्रस्तुति सुनैं। तत्काल सुधारका कार्ययोजनाहरू प्रशंसनीय छन्। तपाईंहरूले अघि सार्नुभएका सुधार योजनाले आमनागरिकलाई छुन सक्नुपर्छ। त्यसैबमोजिम कार्ययोजना

» पृष्ठ २ मा क्रमशः

अदालतले थमौती गरेका ११ राजदूत नैतिक दबाबमा, बाध्यात्मक बहिर्गमनमा पठाउने सरकारको रणनीति

नयाँ पत्रिका

सर्वोच्चको आदेशपछि ११ राजदूत फिर्ता बोलाएर परराष्ट्रमा खटाउने परराष्ट्रको परिमार्जित निर्णय, २० कात्तिकसम्म मन्त्रालयमा सम्पर्कमा आउन निर्देशन, पदमा बसिरहन नैतिक संकट



सर्वोच्च अदालतले ११ देशका लागि कार्यरत राजदूत फिर्ताको निर्णय कार्यान्वयन नगर्न आदेश दिएको अर्को दिन परराष्ट्र मन्त्रालयले निर्णय 'परिमार्जन' गर्दै उनीहरूलाई पुनः फिर्ता बोलाएको छ। स्वदेश फिर्ताको पूर्ववत् निर्देशन कायमै राख्दै सरकारले उनीहरूलाई परराष्ट्रमा खटाउने निर्णय लिएको छ। यसले फिर्ता बोलाइएको राजदूतहरूलाई पदमा बसिरहन नैतिक दबाब परेको छ।

३० असोजमा मन्त्रिपरिषद् बैठकले राजनीतिक भागबन्डामा अघिल्लो सरकारले नियुक्त गरेका ११ राजदूतलाई २० कात्तिकभित्र स्वदेश फर्किन निर्देशन दिने निर्णय गरेको थियो। सरकारको निर्णयविरुद्ध राजदूतहरूका तर्फबाट परेको रिटमा सर्वोच्चले आइतबार मात्रै निर्णय कार्यान्वयन नगर्न आदेश दिएको थियो। त्यसपछि सरकारले ती राजदूतहरूलाई बाध्यात्मक बहिर्गमन गराउने गरी काठमाडौं बोलाएर परराष्ट्रमा खटाउने निर्णय लिएको हो।

अदालतको आदेशपछि प्रधानमन्त्री सुशीला कार्कीले सोमबार परराष्ट्रमन्त्रीको हैसियतमा गरेको निर्णयअनुसार

» पृष्ठ २ मा क्रमशः

■ दोलखामा हिमपहिरो

एक विदेशीसहित तीनको मृत्यु, चार बेपत्ता

नयाँ पत्रिका

दोलखाको गौरीशंकर गाउँपालिका- ९ स्थित रोल्वालिङ हिमशृंखलाअन्तर्गत यलुङ री हिमालको आधार शिविरमा गएको हिमपहिरोमा तीनजनाको मृत्यु भएको छ। उक्त हिमाल आरोहणका लागि गएका एक विदेशी नागरिकसहित तीनजनाको मृत्यु भएको हो।

सोमबार बिहानको हिमपहिरोमा अन्य चार बेपत्ता र चार घाइते रहेको जिल्ला प्रहरी कार्यालय दोलखाका प्रहरी प्रमुख डिएसपी ज्ञानकुमार महतोले जानकारी दिए। 'हिमपहिरोमा घाइते भएकाहरूले बताएअनुसार तीनजनाको घटनास्थलमै मृत्यु भएको, चार बेपत्ता र चार घाइते भएका छन्,' उनले भने।

आरोहण दलमा पाँच विदेशी तथा १० नेपाली (गाइड र भरिया) सहभागी थिए। उनीहरू सोमबारै नाँ गाउँबाट प्रस्थान गरेका थिए। घाइते भएकाहरूबाटै घटनाबारे प्रहरीमा खबर पुगेको थियो। बेपत्ताको खोजीका लागि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्रको उद्धार टोली तथा स्थानीय बासिन्दासमेत परिचालन गरिएको छ। यलुङ री हिमाल पाँच हजार ६३० मिटर अग्लो छ।

खराब मौसमका कारण उद्धार कठिन, हेलिकोप्टर अवतरण हुन सकेन

सम्पर्कविहीन आरोहीको खोजीका लागि हेलिकोप्टर पठाइए पनि खराब मौसमका कारण रोल्वालिङ क्षेत्रमा अवतरण हुन नसकेको प्रहरीले जनाएको छ। उद्धारका लागि दिउँसो एभरेस्ट एयरको हेलिकोप्टर पठाइएको थियो। तर, खराब मौसमका कारण हेलिकोप्टर सिमगाउँमा अवतरण भएको छ। मौसमको अवस्था हेरेर मंगलबार उद्धारमा हेलिकोप्टर पठाइने डिएसपी महतोले बताए। हिमपहिरोमा परी हराइरहेकाको उद्धारका लागि गौरीशंकर संरक्षण क्षेत्रसँग पनि सम्पर्क गर्ने प्रयास भइरहेको उनले बताए।

महाधिवेशन कार्यतालिकामा कांग्रेसभित्र अझै जुटेन सहमति



केन्द्रीय कार्यसमिति बैठक निरन्तर प्रभावित, दबाब दिन भेला र ताला

(विस्तृत पृष्ठ ३)

ट्रम्पले नयाँ आणविक दौड सुरु गर्न लागेका हुन् ?



केही समयअघि मात्र रक्षा मन्त्रालयको नाम बदलेर युद्ध मन्त्रालय बनाएका ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लाटफर्ममा अमेरिकासँग अहिले अन्य देशमा भन्दा बढी आणविक हतियार भएको बताएका छन्

- सारा शमिम

(लेख पृष्ठ ५)

विद्युत् बक्यौता विवाद समाधानका लागि उद्योग वाणिज्य महासंघ र प्रधानमन्त्री कार्कीको अग्रसरता

पञ्चकन्यासहित चार उद्योगीले बुझाए बक्यौताको पहिलो किस्ता लाइन जोडियो



पञ्चकन्या ग्रुपका कार्यकारी निर्देशक उज्ज्वलकुमार श्रेष्ठ भन्छन्- किस्ता तिरेर पुनरावलोकन गर्ने पहिलादेखि नै योजना थियो, सोमबार प्रधानमन्त्रीले अग्रसरता लिएपछि सहज भयो

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ ६० किलो सुन तस्करी प्रकरण

जीवन चलाउने र चिनियाँसहित एक दर्जनविरुद्ध दुई अर्बको सम्पत्ति शुद्धीकरण मुद्दा



काठमाडौं/ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमार्फत भएको ६० किलो सुन तस्करी प्रकरणमा संलग्न जीवन चलाउने र चिनियाँ नागरिकसहित एक दर्जन व्यक्तिविरुद्ध सम्पत्ति शुद्धीकरण मुद्दा दायर गरिएको छ। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले सुन तस्करीबाट अवैध रूपमा आर्जित सम्पत्ति वैध देखाउने प्रयत्न गरेको ठहर गर्दै सोमबार काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको हो।

विभागका अनुसार आरोपितहरूले तस्करीमार्फत आर्जित सम्पत्ति प्रयोग गरी दुई

» पृष्ठ २ मा क्रमशः

जेन–जी आन्दोलनमा मारिएका ४५ जनालाई सहिद घोषणा

७६ जना मारिएका थिए, जेलबाट भाग्दा मारिएका र सनाखत नभएकाबाहेकलाई मात्र सहिद घोषणा

नयाँ पत्रिका

सुशासनको माग गर्दै भएको जेन-जी आन्दोलनमा मारिएका ४५ जनालाई सरकारले सहिद घोषणा गरेको छ। सोमबार बसेको मन्त्रिपरिषद् बैठकले सहिद घोषणाको निर्णय गरेको हो।

सहिद सूचीमा ४२ आन्दोलनकारी र तीन प्रहरी छन्। २३ र २४ भदौको आन्दोलनमा ७६ जनाको मृत्यु भएको थियो। जसमध्ये १० कैदीबन्दी हुन्। कतिपयको शव सनाखत हुन सकेको छैन। आन्दोलनमै ज्यान गुमाएकालाई मात्र सहिद घोषणा गरिएको गृह मन्त्रालयका एक अधिकारीले बताए।

गृहका सहसचिव नेतृत्वको टोलीले ७६ मध्ये ४५ जनाको सूची तयार गरेको हो। बाँकीको विषयमा थप अध्ययन हुने सोमबारको मन्त्रिपरिषद् बैठकपछि सञ्चारमन्त्री जगदीश खरेलले बताए।



२३ भदौ : जेन-जी आन्दोलनका क्रममा संसद् भवन नयाँ बानेश्वरअगाडिको दृश्य

■ यी हुन् जेन-जी आन्दोलनका सहिद

१. बुद्धिबहादुर तामाङ (कीर्तिपुर- २, काठमाडौं)
२. सन्तोष विश्वकर्मा (बेलका- ४, उदयपुर)
३. सुलभराज श्रेष्ठ (नेपालगन्ज- १, बाँके)
४. श्रीयम चौलागाईं (बेलबारी- ११, मोरङ)
५. इस्वतबहादुर अधिकारी (कामपा- ११, काठमाडौं)
६. आयुष थापा (नेपालगन्ज- १, बाँके)
७. गौरव जोशी (धनगढी- ५, कैलाली)
८. योगबहादुर श्रेष्ठ (बाह्रबिसे- ६, सिन्धुपाल्चोक)
९. माधव सारू मगर (भूमिकास्थान- ४, अर्घाखाँची)
१०. विमलबाबु भट्ट (बारपाक सुलिकोट- ५, गोरखा)
११. असहाव आलम ठकुराई (वीरगन्ज- १२, पर्सा)
१२. सौरनकिशोर श्रेष्ठ (बागलुङ- ४, बागलुङ)
१३. सुभाषकुमार बोहरा (खप्तडछान्ना- ७, बझाङ)
१४. रसिक खतिवडा खत्री (पनौती- १०, काभ्रे)
१५. विनोद महर्जन (ललितपुर- ७, ललितपुर)
१६. दिलनारायण तामाङ (तिमाल- ७, काभ्रे)
१७. योगेन्द्र न्यौपाने (गोलान्जोर- १, सिन्धुली)
१८. अभिषेक श्रेष्ठ (इनरुवा नपा- ६, सुनसरी)
१९. मोहन सरदार (इटहरी-१४, सुनसरी)
२०. छत्रमान कुथुमी (पाख्रीबास- २, धनकुटा)
२१. ओझन बुढा (स्वामिकार्तिकखापर- २, बाजुरा)
२२. साजन राई (धरान- २२, सुनसरी)
२३. अनिश पराजुली (पालुङटार- ३, गोरखा)
२४. सारकुमार राई (चौदन्डीगढी- ३ उदयपुर)
२५. अर्जुन भट्ट (गण्डकी- ४, गोरखा)
२६. धीरज श्रेष्ठ (तादी- ३, नुवाकोट)
२७. देवकुमार सुवेदी (लालबन्दी- ५, सर्लाही)
२८. उमेश महत (चौतारासाँगाचोकगढी- ८, सिन्धुपाल्चोक)
२९. प्रवीण कुलुङ (सिलिचुङ- ३, संखुवासभा)
३०. निखिता गौतम (कालिका- ८, चितवन)
३१. अभिषेक चौलागाईं (शैलुङ- ४, दोलखा)
३२. विजय चौधरी (लहान- १५, सिराहा)
३३. भीमराज धामी (दुर्गाथली- १, बझाङ)
३४. निरज पन्त (दशरथ- ६, बैतडी)
३५. दीपकसिंह साउद (शिवनाथ- २, बैतडी)
३६. शुभराज बलामी श्रेष्ठ (ककनी- १, नुवाकोट)
३७. ज्ञानिन्द्र सेढाई (अर्जुनधारा- ११, झापा)
३८. दिनेश राजवंशी (अर्जुनधारा-८, झापा)
३९. कमल भण्डारी (हिलिहाङ- २, पाँचथर)
४०. दीपेश सुनुवार (तिनपाटन- ६, सिन्धुली)
४१. महेश बुढाथोकी (बिगु-३, दोलखा)
४२. लच्छुमान राई (पञ्चकन्या-२, नुवाकोट)

प्रहरीतर्फ

१. मिलन राय : दुधौली- ८, सिन्धुली (असइ)
२. अमृत गुरुङ : रूपा- ५, कास्की (हवल्दार)
३. उत्तम थापा : लेकाम- ३, दार्चुला (जवान)

झाडापखालाको...

पृष्ठ १ बाट क्रमशः

सुपरिटेन्डेन्ट डा. दिलीप साहले हैजा आशंका गरिएका बिरामीको इमर्जेन्सीमा उपचार भइरहेको बताए। हैजा संक्रमण देखिएका बिरामीको गजेन्द्रनारायण सिंह अस्पतालमै उपचार भइरहेको र थप व्यवस्थाबारे पालिकासँग समन्वय गरिरहेको यादवले बताए।

१४० घरपरिवारको बसोबास रहेको मुसहर बस्तीका २१ जनामा झाडापखाला देखिएको पालिकाका स्वास्थ्य संयोजक दीपेन्द्र यादवले बताए। उनीहरूमध्ये धेरैको कोचाबखारी स्वास्थ्यचौकी लोखरममा उपचार भइरहेको र केही घरमै रहेको उनले जानकारी दिए। 'तत्कालका लागि प्रभावित क्षेत्रलाई आइसोलेट गरेका छौँ, त्यहाँ २४सै घण्टा स्वास्थ्यकर्मी खटाइएको छ,' उनले भने। पालिकाका स्वास्थ्यकर्मीले जीवनजल, औषधि वितरण तथा जाँच गरिरहेका छन्।'

मुसहर टोलमा ६ कात्तिकयता आठ दिनमा झाडापखालाबाट स्थानीय बुचन सदाका परिवारका तीनजनाको ज्यान गएको थियो। बुचनका बुबा ७० वर्षीय लक्ष्मण सदा, आठ वर्षीया छोरी राधिनी र चार वर्षीय छोरा सञ्जीवको मृत्यु भएको थियो। सञ्जीव र राधिनीलाई गजेन्द्रनारायण सिंह अस्पताल पुर्‍याए पनि चिकित्सकले उपचार हुन नसक्ने भन्दै अन्यत्र लैजान भनेका थिए। तर, आर्थिक अभावका कारण अन्यत्र लैजान नसक्दा उनीहरूको ज्यान गएको थियो। लक्ष्मणको भने घरमै ज्यान गएको थियो। सञ्जीवको ६ कात्तिक, लक्ष्मणको ११ कात्तिक र राधिनीको १४ कात्तिक राति मृत्यु भएको थियो। बुचनकी पत्नी पार्वती पनि झाडापखालाले थलिएकी छिन्।

आर्थिक अभावका कारण उपचार गर्न नसकेर घरमै थलिएका बिरामी अहिले पनि टोलभरि छन्। स्थानीय प्रमिलादेवी सदाकी पाँच वर्षीया छोरी सुगन्धी र देउरानी ३० वर्षीया निलमदेवी सदा पाँच दिनदेखि झाडापखालाले ग्रसित छन्। प्रमिलाका अनुसार उनीहरूलाई गाउँघरकै क्लिनिकबाट औषधि ल्याएर खुवाइएको छ। 'अस्पतालमा बढी पैसा लाग्छ, त्यति पैसा कहाँबाट ल्याउने ? यहाँ गाउँमै जसोतसो केही रकम जम्मा गरेर औषधि ल्याएर दिइरहेका छौँ, डाक्टरले ठिक भइहाल्छ भनेका छन्,' उनले भनिन्। स्वास्थ्यकर्मीले जीवनजल दिएका छन्। प्रमिलाका श्रीमान् र देवर सात महिनादेखि भारतको पञ्जाबमा काम गरिरहेका छन्। उनीहरूले पनि पैसा नपठाएकाले झन् समस्या भएको सदाले बताइन्। 'ठेकेदारले पैसा दिएको छैन रे। म यहाँ अर्काको घरमा काम गरेर छाक टार्दै आएकी छु। यिनीहरूलाई लिएर अस्पताल लैजान पैसा छैन,' उनले भनिन्।

सोही बस्तीका ६५ वर्षीय अरहुलिया सदा पनि तीन दिनदेखि झाडापखालाबाट पीडित छन्। 'गाउँकै डाक्टर (क्लिनिक)बाट केही औषधि ल्याएको छु, निको भएको छैन,' उनले भने, 'पैसा नभएर उपचार गराउन राजविराज गएको छैन।'

हैजा फैलिँदै, स्वास्थ्यचौकीमा भने जीवनजलसमेत अभाव

गाउँमा हैजा फैलिएको छ, तर छिन्नमस्ता गाउँपालिकाका स्वास्थ्यचौकीमा औषधि अभाव छ। प्राथमिक उपचारका लागि आवश्यक औषधिसमेत पालिकाका अधिकांश स्वास्थ्यचौकीमा नरहेको स्वास्थ्यचौकीकै प्रमुखहरूले जानकारी दिए। झाडापखाला तथा ज्वरो आउँदा दिइने औषधि पर्याप्त मात्रामा छैन। जीवनजल, मेट्रोन, सिटामोलसमेत सकिएको उनीहरूले बताए।

छिन्नमस्ता-४, ललापट्टी स्वास्थ्यचौकीका प्रमुख सुशील मण्डलले चार महिनाका लागि कम्तीमा एक हजार ट्याबलेट मेट्रोन हुनुपर्नेमा दुई प्याकेट मात्र रहेको बताए। 'सामान्य औषधिकै अभाव छ, जसोतसो काम चलाइरहेका छौँ,' उनले भने।

टोलस्तरमा झाडापखाला फैलिए जीवनजल र मेट्रोन दिन सक्ने अवस्था नरहेको छिन्नमस्ता- १, बरही वीरपुर स्वास्थ्यचौकीकी प्रमुख सरिता झाले बताइन्। पालिकासँग औषधि माग गरे पनि प्राप्त हुन नसकेको उनको भनाइ छ।

त्यस्तै, वडा नम्बर ३ को सखडा स्वास्थ्यचौकीमा दैनिक ४०-५० जना बिरामी चेकजाँच गराउन आउने गरे पनि मेट्रोनको अभाव छ। स्वास्थ्यचौकी प्रमुख श्रवण साहले मेट्रोनबाहेक औषधि भने पर्याप्त रहेको बताए। पालिकाका स्वास्थ्य संयोजक दीपेन्द्र यादवले लोखरम स्वास्थ्यचौकीमा जीवनजल पठाइएको र अन्यत्र पनि पठाइने बताए। चालू आर्थिक वर्षमा पालिकामा औषधि खरिद नभएकाले पोहोरकै खरिदबाट वितरण भइरहेको उनले बताए।

राजनीतिक परिवर्तनको...

पृष्ठ १ बाट क्रमशः

अनियमितता र बेथिति अन्त्यका लागि उनीहरूले जागरण थालेका थिए। यी विषय प्रशासन सुधारसँग प्रत्यक्ष रूपमा जोडिएका छन्। तर, प्रशासनिक गतिरोधको अवरोध तोड्ने गरी सरकारले कुनै प्रयास गरेको छैन। उच्चस्तरीय राजनीतिक र प्रशासनिक भ्रष्टाचार छानबिनका लागि आयोग गठन गर्नेबारे पनि सरकार मौन छ। प्रशासनिक सुधार र सुशासनका लागि प्रशासनिक वृत्तबाटै अभियान छेड्दासमेत सरकारले यसबारे यथोचित कदम चालेको छैन। शाखा अधिकृत गणेश घिमिरेको संयोजकत्वमा 'सार्वजनिक प्रशासन रूपान्तरण अभियान- २०८२' गठन गरेर निजामती कर्मचारीको एक समूहले निजामती प्रशासन सुधारका लागि दबाब बढाइरहेको छ।

उच्चस्तरीय प्रशासन सुधार सुझाव समिति- २०७० का अध्यक्ष काशीराज दाहालका अनुसार नेपालको प्रशासनमा अनावश्यक भद्दा संरचना, व्यवस्थापकीय कमजोरी, आचरणगत समस्या र सांगठनिक रूपमा मौलाएको दलीयकरण मूल समस्या हुन्। यसले जवाफदेहिता खस्काएको, भ्रष्टाचार बढाएको र दण्डहीनतालाई प्रोत्साहन गरेको उनको मत छ।

'संघदेखि स्थानीय तहसम्म अनावश्यक र समानान्तर खालका संरचना खडा गरिएका छन्। बजेट र योजनामा दोहोरोपन छ। अनावश्यक दरबन्दी सिर्जना र नियुक्ति गरिएका छन्,' उनी भन्छन्। संघमा जुन संख्यामा मन्त्रालय छन्, यति धेरै आवश्यक नरहेको उनी बताउँछन्। 'मेरो अध्यक्षतामा गठित आयोगले राजनीतिक सहमतिसमेत गरेर संघमा १५ र प्रदेशमा सातभन्दा बढी मन्त्रालय आवश्यक छैन, विभाग र कार्यालयको संख्या कटौती गर्नुपर्छ भनेर प्रतिवेदन दिएको हो, तर कार्यान्वयन भएन,' उनी थप्छन्।

प्रशासनिक सुधारका लागि विगतदेखि अनेकौँ आयोग बनेका छन्। तर, राजनीतिक इच्छाशक्तिको कमीका कारण परिणाम नदेखिएको दाहाल बताउँछन्। प्रशासनिक सुधारका लागि अनावश्यक दरबन्दी कटौती गर्नुपर्ने, सरुवा र बढुवालाई अनुमानयोग्य र वस्तुगत बनाउनुपर्ने, फजुल प्रशासनिक खर्च कटौती गर्नुपर्ने, दण्डहीनताको अन्त्य गर्नुपर्ने, बिचौलियाको प्रभाव शून्य गर्नुपर्ने उनको सुझाव छ। 'निहित स्वार्थ राखेर कानुन बनेका छन्, दलीयकरणले कर्मचारी प्रशासनको स्वच्छता र व्यावसायिकतामा ह्रास आइरहेको छ। यसमा सुधार गर्नुपर्छ,' दाहालले भने।

जेन-जी आन्दोलनको रापतापबाट जन्मिएको डेढ महिनामा सरकारले मितव्ययिताका केही प्रारम्भिक छनक त दिएको छ, तर सुधारका कार्ययोजनामा अन्योल छ। ५ असोजमा बसेको मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्रीदेखि स्थानीय तहका वडाध्यक्षसम्मका स्वकीय, सल्लाहकार र विभिन्न नियुक्ति खारेज गर्ने निर्णय गरेर मितव्ययिताकेन्द्रित काम थालेको थियो। अधिकांश गैरकानुनी र अनावश्यक नियुक्ति र सुविधा खारेज तथा फिर्ता गर्नेलगायत अनेकौँ बेथिति रोक्नेसम्बन्धीका विभिन्न आयाममा सरकारले निर्णय गरेको छ। प्रशासनिक सुधारसहितका एजेन्डामा गरेका यस्ता निर्णयले सरकारको काम केही हदमा सकारात्मक देखिए पनि पर्याप्त नभएको टिप्पणी सरोकारवालाहरूले गरेका छन्।

विशेष परिस्थितिमा गठन भएको वर्तमान सरकारले सुधारका केही प्रारम्भिक छनक देखाए पनि यतिले मात्र नपुग्ने दाहाल बताउँछन्। 'जेन-जीले सुशासनको माग गरेको हो। सुशासन भएन भने शासन गर्ने वैधता समाप्त हुन्छ। अब यसका लागि प्रशासनिक सुधार होइन, क्रमभंग नै आवश्यक छ। अहिलेको संवैधानिक व्यवस्थामा यो शक्ति प्रधानमन्त्रीमा छ,' उनले भने, 'शासन प्रणालीले परिणाम दिनुपर्छ, नभए शासन गर्ने वैधता समाप्त हुन्छ,' उनले भने, 'सुशासन भएन भने शासन गर्ने वैधता समाप्त हुन्छ।'

खासगरी उच्चस्तरीय राजनीतिक र प्रशासनिक पदाधिकारी जोडिएका भ्रष्टाचार छानबिन गर्ने मामिलामा सरकारले ठोस निर्णय हालसम्म पनि गर्न सकेको छैन। जेन-जी आन्दोलनले भ्रष्टाचार नियन्त्रण, सम्पत्ति छानबिन र भ्रष्टाचारमा संलग्न तथा आरोपितमाथि छानबिन गर्ने विषयलाई प्रमुखताका साथ उठाएको थियो। यसका लागि भ्रष्टाचार छानबिन गर्न अलग्गै आयोग बनाउने भन्ने थियो। तर, भ्रष्टाचार नियन्त्रणको मूल एजेन्डा उठाएर भएको आन्दोलनको म्यान्डेटबाट बनेको सरकारले यसबारे ठोस कदम नै चाल्न सकेको छैन। जनताको काम गर्ने शपथ खाएर सरकारी तलबधारी कर्मचारीको दलीय ट्रेड युनियन पनि लामो समयदेखि आलोच्य छ। सरकारी काममा आनावश्यक हस्तक्षेप र बेथितिमा सक्रिय यस्ता ट्रेड युनियन खारेजीको आवाज पनि उठिरहेको छ। तर, सरकारले कठोर कदम चाल्न सकेको छैन।

तर, सरकारका प्रवक्ता सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल सुशासन कायम गर्न सम्बन्धित निकायले विगतभन्दा सक्रिय भएर काम गरिरहेको दाबी गर्छन्। 'सुशासनको सन्दर्भमा खर्च कटौती, मितव्ययिता र बजेटको समुचित उपयोगबारे सरकारले निर्णयहरू गरेको छ। सार्वजनिक सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउने कदम पनि चालिरहेका छौँ। भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्ने सन्दर्भमा सम्बन्धित निकायहरूले विगतभन्दा सक्रिय भएर काम गरिरहेका छन्। निर्वाचनलाई प्राथमिकता दिने भनेर सरकारले सुशासनको सवाललाई छाडेको छैन,' उनले भने, 'त्यसो त सुशासन भनेको देखिनेभन्दा महसुस गर्ने कुरा हो। यसका लागि राज्यका निकायलाई सक्रिय बनाउने मामिलामा काम भइरहेका छन्। आन्दोलनपछि बनेको सरकार भएकाले मुलुकलाई सामन्यीकरणतर्फ फर्काउनुपर्ने प्राथमिकता छ। तर, प्रशासनिक सुधार र सार्वजनिक सेवा सुधारतर्फ पनि काम गरिरहेका छौँ, प्रधानमन्त्रीले मन्त्रालयहरूलाई परिपत्र गर्नुभएको छ।'

जीवन चलाउने...

पृष्ठ १ बाट क्रमशः

अर्ब रुपैयाँभन्दा बढी रकम शुद्धीकरण गरेको प्रमाण भेटिएको छ। तस्करीमा संलग्नमाथि प्रहरीद्वारा मुद्दा चलाइसकेपछि सम्पत्ति शुद्धीकरण विभागले छुट्टै अनुसन्धान थालेको थियो। करिब दुई वर्षको अनुसन्धानपछि विभागले मुद्दा अदालतमा पेस गरेको हो। २ साउन ०८० मा विमानस्थलमार्फत ६० किलो सुन तस्करी भएको घटना सार्वजनिक भएको थियो। राजस्व अनुसन्धान विभागले त्यसवेलै सुनसहित संलग्न केही व्यक्तिलाई नियन्त्रणमा लिएर छानबिन थालेको थियो। नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले सुन तस्करीमा संलग्न दिलीप भुजेलसहितविरुद्ध सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा अनुसन्धान गर्न १६ असोज ०८० मा विभागमा पत्राचार गरेको थियो। भुजेल अवैध रूपमा सुन भन्सार चोरीपैठारी, नेपाल राष्ट्र बैंकअन्तर्गतको कसुर तथा संगठित अपराधसमेतको मुद्दाका प्रतिवादी हुन्। यसपछि विभागले उनीविरुद्ध छानबिन थालेको थियो।

कर्मचारी नेतृत्वलाई...

पृष्ठ १ बाट क्रमशः

परिमार्जन गर्नुहोला। अन्तरमन्त्रालय र अन्तरनिकाय समन्वयलाई बढावा दिनुहोला,' तत्कालका प्राथमिकताबारे निर्देशन दिँदै कार्कीले भनिन्, 'तपाईंहरू स्थायी सरकार हो। आफ्नो ज्ञान, सिप, अनुभवको प्रयोग गरी कर्तव्य र उत्तरदायित्व पालनामा खरो उत्रनुहुनेछ र नयाँ पुस्ताले सुम्पेको समृद्धि, विकास, सुशासन, समानता र भ्रष्टाचारविहीन शासकीय प्रबन्धको ग्यारेन्टी गर्ने जिम्मा तपाईंहरूकै हो।'

जेन-जी आन्दोलनपछिको परिस्थिति, सरकार गठन भएयताका उपलब्धि र आगामी दिनमा गर्न सकिने कामबारे छलफलका लागि समीक्षा आयोजना गरिएको बैठकमा प्रधानमन्त्री कार्कीले भ्रष्टाचार नियन्त्रण, सुशासन कायम र सेवा प्रवाहमा सुधार गर्ने विषयमा केन्द्रित भएर निर्देशन दिइन्। बैठकमा सबै मन्त्री र सरकारका सचिवहरू सहभागी थिए।

प्रधानमन्त्रीका १४ बुँदे निर्देशनमा के छ ?

१- जेन-जी आन्दोलनको मर्म र भावनाबमोजिम भ्रष्टाचार नियन्त्रण, सुशासन र प्रभावकारी सेवा प्रवाहका लागि सबै मन्त्रालयहरूद्वारा ब्लुप्रिन्ट तयार गरी कार्यान्वयन गर्ने। २-सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्न र सार्वजनिक कोषको प्रभावकारी एवं नतिजामूलक उपयोग गर्ने। ३-निजी क्षेत्रको मनोबल वृद्धि गरी औद्योगिक वातावरणमा सुधार गर्न आवश्यक संवाद, सहजीकरण र सहकार्य गर्ने। ४-आमनागरिकमा सरकारप्रतिको भरोस, निजामती कर्मचारी र सुरक्षाकर्मीहरूमा मनोबल वृद्धि गर्ने। ५-अनुमानयोग्य, पारदर्शी र न्यायोचित कर्मचारी सरुवा-बढुवा प्रणाली बनाउने। ६-आन्दोलनका क्रममा क्षतिग्रस्त संरचनाको पुनर्निर्माणका लागि नीति र कार्ययोजना, सेवा प्रवाह अवरुद्ध हुन नदिन तत्काल खरिद वा वैकल्पिक सेवा प्रवाह गर्ने। ७-निर्वाचनको पूर्वतयारीका लागि जिम्मेवारीका कार्यलाई चुस्त दुरुस्त सम्पादन गर्ने। ८-सबै मन्त्रालयहरूको वार्षिक कार्ययोजना कार्यान्वयनमा नयाँ मानकहरू स्थापना गर्ने। ९-मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति बैठकमा नयाँ प्रस्ताव ल्याउने। १०-अन्तर प्रदेश परिषद्लगायतका सबै परिषद् वा समितिका बैठकहरूको व्यवस्थापन गर्ने। ११-नवनियुक्त मन्त्रीहरू र प्रदेशका मुख्यमन्त्रीहरूको उपस्थितिमा कूटनीतिक मामिलासम्बन्धी छलफल गर्ने। १२-प्रदेशमा जनशक्ति व्यवस्थापन प्रभावकारी बनाउन तीनै तहका सरकारबिचको समन्वय थप प्रभावकारी बनाउने। १३-सम्झौताहीन तरिकाले सबै खाले आपराधिक क्रियाकलापहरू नियन्त्रण गर्ने। १४-अनावश्यक देखिएका संरचना हटाएर सार्वजनिक प्रशासन चुस्त दुरुस्त र उच्च उत्पादकत्वयुक्त बनाउने।

अदालतले...

पृष्ठ १ बाट क्रमशः

उनीहरूलाई स्वदेश फर्केर परराष्ट्र मन्त्रालयमा रहेर कामकाज गर्ने गरी फिर्ता आउन भनिएको छ।

'महामहिमज्यूलाई अर्को व्यवस्था नभएसम्मका लागि परराष्ट्र मन्त्रालयमा रही कामकाज गर्ने गरी नेपाल बोलाउने २०८२ कात्तिक १७ मा निर्णय (सम्माननीय प्रधानमन्त्री तथा परराष्ट्रमन्त्रीस्तरीय) भएको व्यहोरा जानकारी एवं आवश्यक कार्यार्थ अनुरोध छ,' परराष्ट्रको सामान्य प्रशासन महाशाखा प्रमुख सहसचिव सुरेन्द्रकुमार यादवद्वारा हस्ताक्षरित पत्रमा भनिएको छ, 'साथै, नेपाल आउनका लागि महामहिमज्यूको नाममा यसअघि जारी भएको हवाई टिकट नै प्रयोग गरी २०८२ कात्तिक २० गतेभित्र मन्त्रालयमा सम्पर्क गर्न आइपुग्नुहुनसमेत सोही निर्णयअनुसार सादर अनुरोध छ।'

परराष्ट्रले ११ देशका नेपाली राजदूतावासलाई बोधार्थ र कार्यार्थ भनेको छ। 'माथि उल्लेखित मितिमा सम्बन्धित नियोगका महामहिम राजदूतज्यू नेपाल प्रस्थान गरेपश्चात् तत्‌तत् नियोगमा कार्यरत उपनियोग प्रमुखले कार्यवाहक राजदूत भई कामकाज गर्नुहुन सोही निर्णयअनुसार अनुरोध छ' परराष्ट्रले पठाएको चिठीमा भनिएको छ।

प्रधानमन्त्रीका मुख्य सल्लाहकार अजयभद्र खनालले सरकारले फिर्ता गरेका राजदूतहरूले देशको प्रतिनिधित्व गर्न नसक्ने बताएका छन्। 'सरकारले राजनीतिक नियुक्ति भएका राजदूतहरूलाई फिर्ता बोलाउनुको अर्थ हो सरकारलाई यी राजदूतमा विश्वास छैन,' खनालले सोमबार एक्समा लेखेका छन्, 'अर्थात् यी राजदूतले सरकारको प्रतिनिधित्व गर्न सक्दैनन्।

सूचना ! सूचना !! सूचना !!!

यस टोरस फर्मा प्रा.लि. काठमाडौँबाट उत्पादित निम्नानुसारको औषधीहरूको आ.ब. २०८२/०८३ को लागि बजार दररेट तथा बिक्री मुल्य निर्धारण गरी यो दररेट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ।
यदि यी औषधीहरू कुनै संघसंस्था वा नेपाल सरकार अन्तरगतका कार्यालयहरूले खरिद गर्नुपरेमा यस फर्मको आधिकारिक बिक्रेता मेगा मेडिसिन सप्लायर्स, महेन्द्रनगर, कञ्चनपुर भ्याट नम्बर ६०१४२६९७५ बाट खरिद गर्न सक्नुहुनेछ भनी यो सूचना प्रकाशित गरिएको छ।
Email : megamedicinesuppliers@gmail.com

SN	Name of Product	Unit	MRP (in local currency)
1	Hydrocortisone Acetate 1%	pcs	130
2	Azithromycine 500mg	Tab	30
3	Fusidic Acid 2%	pcs	85
4	Calcium 500mg + Vitamin D3	Tab	6
5	Ciprofloxacin 250mg	Tab	6
6	Ciprofloxacin 500mg	Tab	8
7	Chewable acid	Tab	4.95
8	Aceclofenac 100mg	Tab	5.5
9	Doxycycline 100mg	Cap	6
10	Fexfenadine 120mg	Tab	13.5
11	Fexfenadine 180mg	Tab	16.5
12	Fluconazole 150mg	Cap	24
13	Folic acid 0.400mg + ferrous sulphate 60mg	Tab	3
14	Citrizine Hydrochloride	Tab	4
15	ORS		10
16	Hysocinebutylbromide 10mg	Tab	15
17	Ibuprofen 400mg	Tab	2
18	Metronidazole 400mg	Tab	3.84
19	Metronidazole DF 400mg + 500mg	Tab	8
20	Mupirocin	Tab	240
21	Omeprazole 20mg	cap	4
22	Paracetamol 500mg	Tab	1
23	Pantaprazole 40mg	Tab	8
24	Ranitidine 150mg	Tab	2.2
25	Clobetasol 10gm	pcs	65
26	Ibuprofen 400mg + Paracetamol 325mg	Tab	2
27	Anticold	Tab	3
28	Tinidazole 1000mg	Tab	9.5
29	Tinidazole 500mg	Tab	5
30	Levocetrizine	Tab	6.05
31	Vitamin B Complex		2.5

सूचना ! सूचना !! सूचना !!!

यस एस. आर ड्रग्स ल्याबोरेटोरी प्रा. लि. काठमाडौँबाट उत्पादित निम्नानुसारको औषधीहरूको आ. ब. २०८२/०८३ को लागि बजार दररेट तथा बिक्री मुल्य निर्धारण गरी यो दररेट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ।
यदि यी औषधीहरू कुनै संघसंस्था वा नेपाल सरकार अन्तरगतका कार्यालयहरूले खरिद गर्नुपरेमा यस फर्मको आधिकारिक बिक्रेता मेगा मेडिसिन सप्लायर्स, महेन्द्रनगर, कञ्चनपुर भ्याट नम्बर ६०१४२६९७५ बाट खरिद गर्न सक्नुहुनेछ भनी यो सूचना प्रकाशित गरिएको छ।
Email : megamedicinesuppliers@gmail.com

SN	Name of Product	Unit	MRP
1	Ranitidine 150mg	Tab	2
2	Amitriptyline 10mg	Tab	2.4
3	Amitriptyline 25mg	Tab	3.8
4	Co-Amoxyclave 625mg	Tab	40
5	Amlodipine 5mg	Tab	5
6	Aspirin 150mg	Tab	2
7	Aspirin 75mg	Tab	1.2
8	Atorvastatin 10mg	Tab	10.78
9	Azithromycin 250mg	Tab	17.45
10	Azithromycin 500mg	Tab	30
11	Atenolol 50mg	Tab	3
12	Ibuprofen 400mg + Paracetamol 325mg	Tab	2
13	Vitamin C Chewable	Tab	6
14	Chlorpoheniramine 4mg	Tab	1.2
15	Ciprofloxacin 250mg	Tab	5
16	Ciprofloxacin 500mg	Tab	8
17	Neomycin Sulphate 0.5% Clobtaso 10.5% Chlorocresolip 0.1%	pcs	75
18	Clotimazole 25gm	pcs	110
19	Clove oil 5ml	pcs	35
20	Cloxacillin Sodium 250mg	Cap	6.5
21	Cloxacillin Sodium 500mg	Cap	10
22	Anticold	Tab	3
23	Fluconazole 150mg	Cap	24
24	Chlorhexidine Gluconate 3gm	pcs	28
25	Cotimaxazole 400mg + 80mg	Tab	4
26	Clotimaxazole 800mg + 160mg	Tab	5
27	Clotimaxazole 200mg + 40mg, 60ml	pcs	36
28	Clamine Lotion 60ml	pcs	70
29	Diclofenac gel 30gm	pcs	150
30	Diclofenac 50mg	Tab	3
31	Acelofenac 100mg	Tab	4.5
32	Frusemide 40mg	Tab	1
33	Povidine Iodine 5% 450ml	pcs	350
34	Ferrous sulphate Elemental Iron & folic Acid 60mg + 0.04mg	Tab	3
35	Hyoscine butlybromide 10mg	Tab	17
36	Ibuprofen 200mg	Tab	1.5
37	Ibuprofen 400mg	Tab	2
38	Indomethacin 25mg	Cap	6
39	Indomethacin 50mg	Cap	8
40	Indomethacin 75mg	Cap	17
41	Cefixime 100mg	Tab	18
42	Cefixime 200mg	Tab	20
43	Cefixime 50mg, 60ml	pcs	140
44	Metformin 1000mg	Tab	6
45	Metformin 500mg	Tab	2
46	Metformin 850mg	Tab	3.5
47	Metronidazole 200mg	y	2
48	Metronidazole 400mg	Tab	3.5
49	Metronidazole 100mg 5ml Susp, 60ml	pcs	60
50	Salbutamol 4mg	Tab	2
51	Amoxycillin 125mg DT	Tab	3.5
52	Amoxycillin 250mg	Tab	5
53	Amoxycillin 500mg	Tab	8
54	Amoxycillin 125mg, 60ml	pcs	85
55	Nimesulide 100mg	Tab	3
56	Omeprazole 20mg	Cap	4
57	Pnataprazole 40mg	Tab	8
58	Paracetamol 125mg, 60ml	pcs	30
59	Paracetamol 500mg	Tab	1
60	Promethazine 25mg	Tab	5
61	Rectified Spirit 450ml	pcs	300
62	Cetirizine 5mg, 60ml	pcs	70
63	Cetirizine 10mg	Tab	4
64	Rosuvastatin	Tab	17
65	Benzoic acid 6% + Salicylic acid 3% 30gm	pcs	70
66	Cetrimide 0.1% + Gamma Benzene 1% 100ml	pcs	100
67	Silver Sulphadizine 25mg	Tab	100
68	Doxycycline 100mg	Tab	6
69	Tranexamic Acid 500mg	Tab	24
70	Calcium Carbonate 500mg + vitamin D3 IU	Tab	5
71	Vitamin B Complex	Tab	3
72	Albendazole 400mg, 10ml	pcs	18
73	Albendazole 400mg,	Tab	10
74	Ofloxacin 200mg	Tab	5
75	Ofloxacin 400mg	Tab	8
76	Zinc gulcomate Zinc 10mg	Tab	3
77	Zinc gulcomate Zinc 20mg	Tab	4
78	Tinidazole 1000mg	Tab	8
79	Tinidazole 500mg	Tab	5
80	Gention Voilet 10ml	pcs	21
81	Aciclovir 5% 5gm	pcs	70
82	Paracetamol 125mg + Ibuprofen 100mg 60ml	pcs	32

नेपाल विद्युत प्राधिकरण
कर्णाली प्रादेशिक कार्यालय, सुर्खेत
(फोन नं ०८३ ५२३८३७)

बोलपत्र रद्द गरिएको सूचना

(सूचना प्रकाशित मिति : २०८२/०७/१८)

ने.वि.प्रा. कर्णाली प्रादेशिक कार्यालयको बोलपत्र नं. **KPO/2081/082-Security-01 "Supply of Security Guards"** हाललाई रद्द गरिएको व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ।

सूचना ! सूचना !! सूचना !!!

यस एभरेष्ट पेरेन्टेरल्स प्रा. लि. बाराबाट उत्पादित निम्नानुसारको औषधीहरूको आ.ब. २०८२/०८३ को लागि बजार दररेट तथा बिक्री मुल्य निर्धारण गरी यो दररेट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ।
यदि यी औषधीहरू कुनै संघसंस्था वा नेपाल सरकार अन्तरगतका कार्यालयहरूले खरिद गर्नुपरेमा यस फर्मको आधिकारिक बिक्रेता मेगा मेडिसिन सप्लायर्स, महेन्द्रनगर, कञ्चनपुर भ्याट नम्बर ६०१४२६९७५ बाट खरिद गर्न सक्नुहुनेछ भनी यो सूचना प्रकाशित गरिएको छ।
Email : megamedicinesuppliers@gmail.com

Sn	Name of Product	Unit	Mrp
1	Inj. Ondasetron hydrochloride 2mg/2ml	Amp	35
2	Inj. Hyoscine Butylbromide 20mg/1ml	Amp	33
3	Inj. Metoclopramide hydrochloride 5.0mg/2ml	Amp	18
4	Inj. Ketorolac tromethamine 30mg/1ml	Amp	40
5	Inj. Ranitidine hydrochloride 25.0mg/2ml	Amp	9
6	Inj. Gentamicine sulfate 40mg/2ml	Amp	19.8
7	Inj. Diclofenac 3ml	Amp	30
8	Inj. Phemiramine maleate 22.75mg/2ml	Amp	10
9	Inj. Dexteose 5% 500ml	Vail	53
10	Inj. Dextrode 10% 500ml	Vail	63
11	Inj. Sodium chloride 0.9% 500ml	Vail	53
12	Inj. Rengerlcatate 500ml	Vail	63
13	Inj. Ketamine 2ml	Amp	50
14	Inj. Udocaln 2% 30ml	Vail	50
15	Inj. Atropine 1ml	Amp	11
16	Inj. Vitamin C 5ml	Amp	22
17	Inj. Dopamin 5ml	Amp	30
18	Inj. Levofloxacine 100ml	Vail	233
19	Inj. Dextrose 5% sodium chloride 0.9% 500ml	Vail	53
20	E/E Ciprofloxacine 5ml	Vail	28
21	E/E. Ofloxacine 5ml	Vail	70
22	E/E. Gentamycine 5ml	Vail	18
23	Inj. Paracetamol 100ml	Vail	550
24	Inj. Amicacin 500mg	Amp	140
25	Inj. Amicacin 250mg	Amp	66
26	Inj. Frusimide	Amp	11
27	Inj. Traxamic acid	Amp	110
28	Inj. Clindamycin 2ml	Amp	243

सूचना ! सूचना !! सूचना !!!

यस एभरेष्टमेड प्रा. लि.काठमाडौँबाट उत्पादित निम्नानुसारको सर्जिकल सामाग्री आ.व. २०८२/०८३ को लागि बजार दररेट तथा बिक्री मुल्य निर्धारण गरी यो दररेट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ।
यदि यी औषधीहरू कुनै संघसंस्था वा नेपाल सरकार अन्तरगतका कार्यालयहरूले खरिद गर्नुपरेमा यस फर्मको आधिकारिक बिक्रेता मेगा मेडिसिन सप्लायर्स, महेन्द्रनगर, कञ्चनपुर भ्याट नम्बर ६०१४२६९७५ बाट खरिद गर्न सक्नुहुनेछ भनी यो सूचना प्रकाशित गरिएको छ।
Email : megamedicinesuppliers@gmail.com

SN	Name of Product	Unit	MRP (in local currency)
1	Bandage Than	Pcs	440
2	Gauze Than	Pcs	450
3	Syringe 3ml	Pcs	4
4	Syringe 5ml	Pcs	5
5	Syringe 10ml	Pcs	8
6	Syringe 20ml	Pcs	18
7	I.V set	Pcs	30
8	I.V Cannula	Pcs	30
9	Urine bag	Pcs	60
10	Cotton 400mg	Pcs	250
11	Adhesive Tape	Pcs	250
12	Surgical Blade	Pcs	10
13	Rubber Catherter	Pcs	25
14	Suture set	Pcs	50
15	Suture needile	Pcs	50
16	Surgical gloves	Pcs	30
17	Examation Gloves	Pcs	800
18	Folley Catherter	Pcs	60
19	Cord Clamp	Pcs	10

माथि उल्लेखित सर्जिकल सामानहरूमा भ्याट रकम अतिरिक्त थप लाग्नेछ।

ब्यास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमौली, तनहुँ
गण्डकी प्रदेश, नेपाल

ढुंगा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड २०७७ को अनुसूची २-क (दफा ४ को उपदफा (५) सँग सम्बन्धित) नदीजन्य पदार्थको बिक्रीका लागि विद्युतीय बोलपत्र आव्हानसम्बन्धी सूचना

तेस्रोपटक प्रकाशित मिति : २०८२।०७।१८ गते

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(क) र व्यास नगरपालिकाको आर्थिक ऐन २०८१ को दफा १५ को व्यवस्थाबमोजिम तपशिलमा उल्लेखित नदीहरूको स्वीकृत घाटहरूको निधारित मापदण्डबमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले फर्मको नवीकरण भएको प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र आर्थिक वर्ष २०८१/०८२ को कर चुक्ताको प्रमाणित प्रतिलिपी वा म्याद थप भए सो को प्रमाणित प्रतिलिपी, नेपाली नगरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरू संलग्न गरी तपशिलबमोजिमका शर्तहरूको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल

सि.नं	सूचना र बोलपत्र नंम्बर	बोलपत्रको नाम	उत्खनन् परिमाण (घन फिट)	न्यूनतम बोलपत्र रकम (कर बाहेक) रु.	धरौटी रकम रु.	बोलपत्र दस्तुर रु.
१.	RE1/04/VYAS REV/082/083	मादी नदीको ढुंगा, गिटी, बालुवा (चापाघाट मादीको पक्की पुलदेखि शिशाघाट मादी नदीको पक्की पुलसम्म)	३९,३३,८१७.४९	२,४७,८३,०५०.१८	१२,३९,५००.००	५,०००.० (पाँच हजार मात्र)
२.	RE1/05/VYAS REV/082/083	मादीसेती नदीको ढुंगा, गिटी, बालुवा (निउरोघारीदेखि खहरे डाढ खोलासम्म)	१०,३५,३१२.७२	६५,२२,४७०.१३	३,२६,५००.००	३,०००.०० (तीन हजार मात्र)

बोलपत्रसम्बन्धी शर्तहरू

- बोलपत्र फाराम तोकिएको दस्तुर तिरी PPMO's को **website http://www.bolpatra.gov.np/egp** बाट **Download** गर्न सकिनेछ। बोलपत्र पेश गर्दा मिति २०८२।७।२५ गते दिनको १२.०० बजेसम्म PPMO's को **website http://www.bolpatra.gov.np/egp** मा सबै कागजातहरू **Scan** गरी **PDF format** मा बोलपत्र पेश गर्न सकिने छ। नियमानुसार दर्ता हुन आएका बोलपत्रहरू मिति २०८२।७।२५ गते दिनको २.०० बजे यस कार्यालयमा बोलपत्रदाताहरू समेतको रोहवरमा खोलिनेछ। बोलपत्रदाताहरू उपस्थिति नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। बोलपत्र खोल्ने अन्तिम दिन विदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा उल्लेखित कार्यहरू हुनेछन्।
- अन्य कुरा प्रचलित कानुनबमोजिम हुनेछ।

बोलपत्रको रकम दाखिलासम्बन्धी विवरण
बैकको नाम : **नेपाल बैंक लिमिटेड, दमौली शाखा**
कार्यालयको नाम : **ब्यास नगरपालिकाको कार्यालय, दमौली, तनहुँ**
बोलपत्र फाराम खरिदको दस्तुर जम्मा गर्ने राजश्व खाता नं. : ०६००३०००००१००१०००००१ **शीर्षक नं.** १४२२९
धरौटी रकम जम्मा गर्ने धरौटी खाता नं. : ०६००३००००३०००००००१ **कार्यालय कोड नं.** ८०१०४३८०३
विस्तृत जानकारी तथा अन्य शर्तका लागि फोन नं. ०६५-५६४१६९ मा सम्पर्क गर्नु हुन र **website www.vyasmun.gov.np** मा हेर्नुहुन अनुरोध छ।

महाधिवेशन कार्यतालिकामा कांग्रेसभित्र अझै जुटेन सहमति

केन्द्रीय कार्यसमिति बैठक निरन्तर प्रभावित, दबाब दिन भेला र ताला


विभिन्न विकल्पमा छलफल गरी सहमतिको प्रयास भइरहेको छ



● **प्रकाशशरण महत**
प्रवक्ता, कांग्रेस

पदाधिकारी तथा केन्द्रीय कार्यसम्पादन समिति सदस्यहरूबिच पुसको मध्यतिर महाधिवेशन गर्ने कार्यतालिका केन्द्रीय कार्यसमितिमा पेस गर्नेलगायतका विकल्पमा सहमतिको प्रयास भइरहेको छ। चरणबद्ध छलफल भए पनि निष्कर्षमा पुगेको छैन। विभिन्न विकल्पमा छलफल चलिरहेको छ।





महाधिवेशनका लागि दबाब दिन कांग्रेस केन्द्रीय कार्यालय सानेपाको मूल गेटमा आइतबार ताला लगाउँदै ४० वर्षमुनिका युवा नेताहरूको एक समूह।

पर्शुराम काफ्ले / नयाँ पत्रिका

कांग्रेसका विभिन्न समूह भावी नेतृत्व कब्जा गर्ने रणनीतिअनुसार महाधिवेशन कार्यतालिका बनाउन लागेपछि नेताहरूबिचको विवाद अझै टुंगिएको छैन। शीर्ष नेताबिच आगामी महाधिवेशनको कार्यतालिकामा सहमति नजुट्दा लगातार केन्द्रीय कार्यसमिति बैठक प्रभावित हुँदै गएको छ। केन्द्रीय कार्यसमिति बैठक मंगलबारका लागि सारिएको छ।

मिति र कार्यतालिका खोज्न कार्यवाहक सभापति पूर्णबहादुर खड्काले सोमबार ललितपुरको धोबीघाटस्थित सिद्धार्थ बैंकेटमा केन्द्रीय कार्यसम्पादन समितिको अनौपचारिक बैठक राखेका थिए। तर, भिन्दाभिन्दै समूहले फरक-फरक मिति र कार्यतालिका अगाडि सार्दा सहमति जुट्न सकेन।

कांग्रेस पदाधिकारी तथा केन्द्रीय कार्यसम्पादन समिति सदस्यहरूबिच पुसको मध्यतिर महाधिवेशन गर्ने कार्यतालिका केन्द्रीय कार्यसमितिमा पेस गर्नेलगायतका विकल्पमा सहमतिको प्रयास भइरहेको छ। उनीहरूबिच चरणबद्ध छलफल भए पनि सोमबारसम्म निष्कर्षमा नपुगेको नेताहरूले बताएका छन्। 'विभिन्न विकल्पमा छलफल चलिरहेको छ। सहमतिको प्रयास भइरहेको छ,' कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले भने।

कांग्रेस बैठक २८ असोजदेखि सुरु भएको थियो। बैठकको सुरुवातमा सभापति शेरबहादुर देउवाले नेता पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापति तोकेका थिए। त्यसयता पार्टी महाधिवेशनका लागि कुन मिति प्रस्ताव गर्ने भन्नेमा महामन्त्री गगन थापा र पार्टी नेतृत्वबिच सहमति हुन नसक्दा केन्द्रीय समिति बैठक प्रभावित हुँदै आएको छ।

महामन्त्री थापाले मंसिरभित्रै नियमित महाधिवेशन वा महाधिवेशन प्रतिनिधिको मागअनुसार विशेष महाधिवेशनको कार्यतालिका केन्द्रीय कार्यसमितिमा पेस गर्ने चाहना राखेका छन्। तर, कार्यवाहक सभापति खड्काले महामन्त्री थापालाई उक्त प्रस्ताव पेस गर्न अनुमति दिएका छैनन्।

संस्थापन पक्षले आगामी २१ फागुनको निर्वाचनपछि वैशाखतिर महाधिवेशन गर्नु उपयुक्त हुने धारणा राख्दै आएको छ। यो धारणालाई पूर्वपदाधिकारीहरू विमलेन्द्र निधि, प्रकाशमान सिंह, गोपालमान श्रेष्ठ, कृष्णप्रसाद सिटौलालगायतले साथ दिँदै आएका छन्।

अर्का महामन्त्री विश्वप्रकाश शर्माले १६ देखि १९ पुससम्म पार्टीको नियमित महाधिवेशनमा जानुपर्ने वा महासमिति सदस्यहरूको भर्चुअल मतदानबाट यसको टुंगो लगाउनुपर्ने मत राख्दै आएका छन्। कतिपय केन्द्रीय सदस्यले भने केन्द्रीय कार्यसमितिलाई नै महाधिवेशनको मितिबारे निर्णय गर्न दिनुपर्ने दबाब दिँदै आएका छन्। केन्द्रीय कार्यसमितिमा संस्थापन पक्ष बहुमतमा छ।

विशेष महाधिवेशनको माग गर्दै ५४ प्रतिशतभन्दा बढी महाधिवेशन प्रतिनिधिले दर्ता गरेको हस्ताक्षरअनुसार कार्यतालिका ल्याउन दबाब दिइरहेका छन्।

कांग्रेसका ४० वर्षमुनिका युवा नेताहरूको एउटा समूहले केन्द्रीय कार्यालयको मूल गेटमा ताला लगाएर महाधिवेशनका लागि दबाब दिइरहेको छ। उनीहरूले महाधिवेशनको कार्यतालिका सार्वजनिक गर्न माग गरेका छन् भने पार्टीका हरेक निकायमा अबदेखि ४० वर्षमुनिका नेताका लागि कम्तीमा ४० प्रतिशत हिस्सा सुनिश्चित गर्न माग पनि गरेका छन्।

सोमबार विशेष महाधिवेशनको अभियान चलाइरहेको समूहले नेता डा. शेखर कोइरालासँग छलफल गरेको छ। गुरुराज घिमिरेको अगुवाइमा युवा नेताहरूले कोइरालालाई विशेष महाधिवेशनको कार्यतालिका ल्याउन ध्यानाकर्षण गराएका थिए। मंसिरभित्रै नियमित महाधिवेशन वा विशेष महाधिवेशनका पक्षमा उभिन कोइरालालाई अनुरोध गरिएको सहभागी एक नेताले बताए।

कोइरालाले पार्टीमा सहमतिका आधारमा महाधिवेशन गर्नुपर्ने र एकताको सन्देश दिनुपर्नेमा जोड दिएको छलफलमा सहभागी एक नेताले बताए। महाधिवेशन प्रतिनिधिको निर्णयविपरीत अघि बढे पार्टीका लागि यो प्रत्युत्पादक हुने पनि कोइरालालाई युवा नेताहरूले बताएका थिए।

उक्त समूहले मंगलबार राजधानीमा भेला आयोजना गरेको छ। 'पार्टी विधानअनुसार महाधिवेशन प्रतिनिधिहरूले विशेष महाधिवेशन गर्न माग गर्दै दर्ता गरेको हस्ताक्षरसहितको निवेदनका विषयमा छलफल गर्न भेला बोलाइएको हो। पार्टीले यो माग सम्बोधन गर्नुपर्छ भन्नेमा हामी दृढ छौं' विशेष महाधिवेशनका लागि हस्ताक्षर अभियानमा सहभागी अर्का अगुवा कांग्रेस नेता उज्ज्वल बरालले भने।

■ माओवादीको विघटित केन्द्रीय समितिको बैठक आज

आठ दल-समूहसँगको पार्टी एकता सहमति अनुमोदन गर्ने

प्रेम गौतम / नयाँ पत्रिका

एकीकृत समाजवादीलगायत आठ दल/समूहसँगको पार्टी एकता सहमति अनुमोदन गर्न माओवादीको विघटित केन्द्रीय समिति बैठक मंगलबार बस्दै छ। बैठक मंगलबार दिउँसो १ बजे बस्ने प्रवक्ता अग्नि सापकोटाले जानकारी दिए। मुख्य एजेन्डा एकताको निर्णय अनुमोदन गराउने रहेको छ। 'एकता सहमतिको ब्रिफिङ र अनुमोदन हुन्छ,' उनले भने।

माओवादीबाट अलग भएको गोपाल किराती नेतृत्वको देशभक्त समाजवादी मोर्चा आठ वर्षपछि माओवादीमै समाहित भएको छ। माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र मोर्चाका अध्यक्ष किराँतीले सोमबार सहमतिपत्रमा हस्ताक्षर गरेका छन्।

मुलुकको पछिल्लो परिस्थितिलाई सही दिशा दिन क्रान्तिकारीबिच एकता र ध्रुवीकरण अनिवार्य भएको सहमतिपत्रमा उल्लेख छ। विगतमा भए-गरेका वैचारिक-राजनीतिक एवं सांगठनिक गल्ती कमजोरीको वस्तुनिष्ठ समीक्षा गर्ने सहमति पनि भएको छ। किराँतीद्वारा विकसित देशभक्तिपूर्ण पहिचानसहितको समाजवादी लोकतन्त्रबारे पार्टीमा व्यवस्थित छलफल गर्दै पूर्ण जनवादका आधारमा निर्णय लिने सहमति पनि भएको छ।



● **अग्निप्रसाद सापकोटा**
प्रवक्ता, माओवादी

केन्द्रीय समिति बैठकमा आठ वाम दल-समूहसँगको एकता सहमतिको ब्रिफिङ र अनुमोदन हुन्छ।

माओवादी र एमालेबीचको एकताप्रति असन्तुष्टि जनाउँदै किरातीले नयाँ दल गठन गरेका थिए। किराती माओवादीमा समाहित भएर आठ पार्टीको एकता प्रक्रियामा सहभागी हुँदैछन्।

प्रचण्ड नेतृत्वको माओवादी, माधवकुमार नेपाल नेतृत्वको एकीकृत समाजवादी, महिन्द्रराय यादव नेतृत्वको नेसपा, सुवास काफ्ले नेतृत्वको जनसमाजवादी, राजु कार्की नेतृत्वको नेकपा समाजवादी, चिरण पुन नेतृत्वको नेकपा, कर्णाजित बुढाथोकी नेतृत्वको माओवादी-समाजवादी र प्रेमबहादुर सिंह नेतृत्वको नेकपा साम्यवादीबिच पार्टी एकता सहमतिपत्रमा हस्ताक्षर भइसकेको छ।

१९ कात्तिकमा राष्ट्रिय एकता सम्मेलन गरेर पार्टी एकता घोषणा गर्ने सहमति छ। नेकपा समाजवादी, नेपाली कम्युनिस्ट पार्टीलगायतका नाम छलफलमा आएका छन्। बुधबारसम्ममा नामबारे टुंगो लाग्ने माओवादी प्रवक्ता सापकोटाले बताए। चुनाव चिह्न पाँचकुने तारा हुनेछ।

माओवादीका जनार्दन शर्मा, राम कार्की, सुदन किराँतीलगायतका नेताहरूले एकता प्रक्रियामा सहभागी नहुने बताएका छन्। उनीहरूले माओवादीलाई नै पुनर्गठन गर्ने बताएका छन्।

■ प्रचण्ड, नेपाल र श्रेष्ठबिच छलफल

माओवादी संयोजक प्रचण्ड, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र माओवादी नेता नारायणकाजी श्रेष्ठबिच एकता कार्यक्रमको व्यवस्थापनबारे छलफल भएको छ। नेपाललाई भेट्न सोमबार प्रचण्ड र श्रेष्ठ एकीकृत समाजवादीको केन्द्रीय कार्यालय आलोकनगर पुगेका थिए।

'कसरी एकता कार्यक्रम व्यवस्थित गर्ने भन्ने विषयमा छलफल भएको हो। एकता कार्यक्रम भव्य बनाउने तयारी छ,' एकीकृत समाजवादीका सचिव रामकुमार भट्टराईले भने।

एकीकृत समाजवादीका अध्यक्ष नेपालले एकता प्रक्रियामा असन्तुष्टि जनाएका केन्द्रीय सदस्यहरूसँग सोमबार छलफल गरेका छन्।

■ जनार्दन र घनश्यामसँग प्रचण्डको छलफल

माओवादी संयोजक प्रचण्डले एकता प्रक्रियाप्रति असन्तुष्ट माओवादी सचिवालय सदस्य जनार्दन शर्मा र एकीकृत समाजवादीका महासचिव घनश्याम भुसालसँग छुट्टाछुट्टै छलफल गरेका छन्। प्रचण्डले दुवै नेतालाई एकता प्रक्रियामा अगाडि बढ्न आग्रह गरेका छन्। दुवै नेताले पार्टीहरू पुनर्गठन नभई एकता गरेर अर्थ नहुने बताएका छन्। त्यस्तो एकतामा सहभागी नहुने पनि स्पष्ट पारेका छन्।

भुसालसँग प्रचण्डले आइतबार र सोमबार लगातार दुई दिन छलफल गरेका छन्। एकीकृत पार्टीको महासचिव भएर चलाउन प्रचण्डले भुसाललाई प्रस्तावसमेत गरेका छन्। तर, भुसालले पुनर्गठन नगरी यही संरचना र एकतामा पार्टी सञ्चालन गर्न नसकिने जवाफ दिएको उनीनिकट एक नेताले जानकारी दिए।

संक्षेप

राष्ट्रपति पौडेलले राष्ट्रसंघीय सम्मेलनलाई सम्बोधन गर्ने

काठमाडौं / संयुक्त राष्ट्रसंघीय सम्मेलनमा सहभागी हुन राष्ट्रपति रामचन्द्र पौडेल सोमबार कतारको राजधानी दोहा पुगेका छन्। 'सामाजिक विकासका लागि दोस्रो विश्व शिखर सम्मेलन'मा राष्ट्रपति पौडेलले मंगलबार सम्बोधन गर्नेछन्। राष्ट्रपति पौडेल कतारका अमिर शेख तमिम बिन हमद अल थानीको निमन्त्रणमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै गएका हुन्। पौडेललाई दोहास्थित हमाद अन्तर्राष्ट्रिय विमानस्थलमा कतारका विदेश मन्त्रालय र नेपाली राजदूत रमेशचन्द्र पौडेल, संयुक्त राष्ट्रसंघका लागि नेपालका स्थायी प्रतिनिधि लोकबहादुर थापाले स्वागत गरे। 'राष्ट्रपति पौडेलले संयुक्त राष्ट्रसंघको महासभाको निर्णयअनुसार कतारको दोहामा हुन लागेको 'सामाजिक विकासका लागि दोस्रो विश्व शिखर सम्मेलन'को मुख्य सत्रलाई कात्तिक १८ गते सम्बोधन गर्ने कार्यक्रम छ,' राष्ट्रपति पौडेलको सचिवालयले पठाएको प्रेस नोटमा उल्लेख छ। राष्ट्रपति पौडेलले कतारका अमिर थानी र संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसलगायतसँग भेटवार्ता गर्ने कार्यक्रम छ। यसअघि उक्त सम्मेलन १९९५ मा डेनमार्कको कोपनहेगनमा भएको थियो। सम्मेलनमा वर्तमान विश्वले सामना गर्नुपरेको विकासको असमानता, जनसंख्यामा आएको असन्तुलन र प्रविधिका कारण समाजमा परेको प्रभावलगायत विषयमा छलफल हुनेछ।

छथर जोरपाटी गाउँपालिकाको कार्यालयमा तालाबन्दी

धनकुटा / छथर जोरपाटी गाउँपालिकाको अध्यक्षको र प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षमा तालाबन्दी भएको छ। गाउँपालिकाले गत २१ असोजमा अस्थायी र करार कर्मचारीको सम्झौता रद्द गरेपछि निकालिएका कर्मचारीले तालाबन्दी गरेका हुन्। गाउँपालिकाले अर्थ मन्त्रालयको पत्रअनुसार नेपाल सरकार, प्रदेश तथा स्थानीय तहमा स्वीकृत दरबन्दीबाहेकका अस्थायी तथा करारका कर्मचारी राख्न नपाउने पत्र पाएपछि सूचना जारी गरेर अस्थायी र करार कर्मचारीको सम्झौता रद्द गरेको थियो। त्यसपछि निकालिएका अस्थायी र करार सम्झौताका कर्मचारीले २६ असोजमा प्रमुख प्रशासकीय अधिकृत महेन्द्रबहादुर घिमिरेलाई चारबुँदे माग राख्दै ज्ञापनपत्र बुझाएका थिए। आफूहरूको माग पालिकाले सुनुवाइ नगरेपछि बाध्य भएर तालान्दी गर्नुपरेको निष्कासित कर्मचारी प्रदीप ओझाले बताए।

ज्यान मार्ने धम्की दिई पैसा असुल्ने ६ जना पक्राउ

संखुवासभा / ज्यान मार्ने धम्की दिई पैसा असुल्ने ६ जना पक्राउ परेका छन्। पक्राउ पर्नेहरूमा प्युठानको नौबाहिनी गाउँपालिका-६ का ३० वर्षीय केबी पुनमगर, चैनपुर- ७ का २५ वर्षीय लब आलेमगर, ३१ वर्षीय युवराज पिठाकोटे मगर, २५ वर्षीय राजु भन्ने यमसिख इस्माली मगर, २५ वर्षीय प्रदीप समाल मगर र २९ वर्षीय ऐम वीरेन इस्माली मगर रहेको जिल्ला प्रहरी कार्यालय संखुवासभाका सूचना अधिकारी तथा प्रहरी निरीक्षक धनबहादुर राजवंशीले बताए। उनका अनुसार सुनसरीगढी गाउँपालिका- ५ घर भई हाल चैनपुरमा डेरा गरी बस्ने अक्षय चौधरीलाई १२ कात्तिक राति १० बजे उनीहरूले मोटरसाइकल रोकी साँचो खोसेर अपशब्द बोल्नुका साथै कुटपिट गरी स्थानीय पदमबहादुर इस्माली मगरको घरमा जबर्जस्ती लगेर अनेकौं प्रलोभनमा पार्नुका साथै ज्यान मार्ने धाकधम्की दिई २० लाख रुपैयाँ माग गरेका थिए। चौधरीलाई जबर्जस्ती कसैलाई नभन्ने भनेर उनीहरूले भिडियोसमेत बनाएका थिए। चौधरीले आफ्नो साथमा रहेको नगद ८१ हजार एक सय ४५ रुपैयाँ तत्काल दिई बिहान ३ बजे बाँकी पैसा घरबाट ल्याएर दिने सर्तमा छाडेको पाइएको प्रहरीको भनाइ छ। उनीहरूलाई पक्राउ गरी खानतलास गर्दा ३८ हजार ४ सय ७० रुपैयाँ बरामद गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

टिओबीका दावाविरुद्ध किर्ते र लागुऔषध कसुर

नयाँ पत्रिका

गत २३ र २४ भदौको जेन-जी आन्दोलन भड्काउन मुख्य भूमिका रहेको टिओबी (टिब्बटियन ओरिजिनल ब्लड) का तेन्जिङ दावाविरुद्ध प्रहरीले लागुऔषध र सरकारी कागजात किर्ते कसुरअन्तर्गत अनुसन्धान अघि बढाएको छ।

जिल्ला प्रहरी परिसर काठमाडौंले दावालाई गत २६ असोजमा पक्राउ गरेको थियो। त्यसवेला दावाविरुद्ध अभद्र व्यवहारअन्तर्गत मुद्दा दर्ता गरिएको थियो। अनुसन्धानका क्रममा उनको जन्मदर्ता र नागरिकतासमेत किर्ते भएको खुलेपछि प्रहरीले किर्ते तथा जालसाजी कसुरअन्तर्गत अनुसन्धान अघि बढाएको थियो। खनतलासीका क्रममा उनकको बौद्धस्थित कोठाबाट लागुऔषधसमेत फेला परेपछि प्रहरीले उनीविरुद्ध लागुऔषध कसुरअन्तर्गत पनि अनुसन्धान अघि बढाएको थियो।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी पवन भट्टराईले दावाविरुद्ध लागुऔषध र किर्ते कसुरअन्तर्गत मुद्दा अघि बढाइएको बताए।

'नागरिकता लिने क्रममा उनले पेस गरेका कागजात शंकास्पद देखिन्छ। उनीसँग लागुऔषध पनि फेला परेको छ। त्यसो हुँदा उनीविरुद्ध लागुऔषध र किर्ते कसुरअन्तर्गत मुद्दा अघि बढेको छ,' उनले भने।

प्रहरीका अनुसार तेन्जिङ दावाको नागरिकता र जन्मदर्ता प्रमाणपत्रसमेत शंकास्पद देखिएको छ। नागरिकता प्रमाणपत्रमा उनको जन्ममिति २१ माघ ०५३ उल्लेख छ। काठमाडौं महानगरपालिका-६ जन्मस्थान उल्लेखित प्रमाणपत्र जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट जारी भएको थियो। उनको जन्मदर्ता प्रमाणपत्र भने १० चैत ०६३ मा गरिएको थियो । नागरिकता प्रमाणपत्रमा नेपाल सरकारको छापा लगाइएको देखिएको छ भने जन्मदर्ता प्रमाणपत्रमा 'श्री ५ को सरकार'को छाप लगाइएको भेटिएको छ।

प्रहरीले जेन-जी आन्दोलनमा उनीहरू सहभागी भएका सबै ठाउँका सिसिटिभी फुटेज संकलन गरेको छ। नागरिकस्तरबाट प्राप्त भएका भिडिओ र फोटोलाई पनि प्रहरीले सूक्ष्म ढंगले विश्लेषण गरिरहेको छ।

१३ वर्षीया अंशु गौतमको हत्या महिना दिन बित्दा पनि रहस्यमै

विराटनगरमा **गणेश लम्साल**

साथीसँग खेल्न जान्छु भनेर घरबाट निस्किएकी मोरङको लेटाङ नगरपालिका- २, बुधबारेकी १३ वर्षीया अंशु गौतमको हत्याको रहस्य एक महिना बितिसक्दा पनि प्रहरीले पत्ता लगाउन सकेको छैन। गत २१ असोजमा साथीसँग 'खेल्न जान्छु' भन्दै घरबाट निस्किएकी गौतमको शव १८ दिनपछि ७ कात्तिकमा घरबाट साढे चार किलोमिटर टाढाको जंगलमा क्षतविक्षत अवस्थामा फेला परेको थियो।

प्रहरीले अंशुको शव अनुसन्धानका लागि भन्दै सुनसरीको धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको शवगृहमा राखिएको छ। प्रहरीले उनले लगाएको कपडाबाट जंगलमा क्षतविक्षत रूपमा फेला परेको शव अंशुकै भएको यकिन गरे पनि थप पुष्टि हुन शवको डिएनए परीक्षण गर्ने भएको छ। अंशुको परिवारले छोरीको बलात्कारपछि बीभत्स हत्या भएको भन्दै न्याय नपाएसम्म शव नबुझ्ने अडान राखेको छ।

मोरङका एसपी कवित कटुवालले जंगलमा फेला परेको अंशुको क्षतविक्षत शव उनको हुलिया र कपडाका आधारमा यकिन भए पनि शवको डिएनए परीक्षणपछि मात्रै पुष्टि हुने बताए। उनका अनुसार डिएनए परीक्षण प्रतिवेदन आएपछि अंशुको मृत्यु रहस्य पत्ता लगाउन थप यकिन हुनेछ। एसपी कटुवालले हत्याको रहस्य पत्ता लगाउन विशेष अनुसन्धान टोली नै परिचालन गरिरहेको र घटनास्थलबाट संकलन गरिएका प्रमाणलाई फरेन्सिक परीक्षणका लागि प्रहरीको विधि विज्ञान प्रयोगशालामा पठाइसकेको बताए। 'डिएनए परीक्षण प्रतिवेदनपछि हामीलाई शव अंशुकै हो भन्ने पक्का यकिन हुनेछ र अनुसन्धान अगाडि बढाउन पनि थप आत्मबल मिल्नेछ,' उनले भने।

अंशुका ठुलाबुवा दामोदर गौतमले जबसम्म प्रहरीले अनुसन्धान पूरा गरेर छोरीको हत्यामा संलग्न दोषीलाई सार्वजनिक नगरेसम्म शव नबुझ्ने बताए। 'चाँडो डिएनए परीक्षणको रिपोर्ट ल्याएर अपराधीलाई कानुनी दायरामा नल्याएसम्म हामी छोरीको शव बुझ्केर कुनै हालतमा दाहसंस्कार गर्दैनौं,' उनले भने। गौतम परिवार र लेटाङवासीले जंगलमा फेला परेको शव बालिका अंशुकै भएको र उनको कसैले अपहरण गरेर बलात्कार गरेर कञ्चनपुरकी बालिका निर्मला पन्तको जस्तै बीभत्स हत्या गरेको दाबी गरेका छन्।

सुदूरपश्चिम प्रदेश सभाले रोक्यो सांसदका स्वकीयसचिवको तलब

● **युवराज जैसी**, सूचना अधिकारी
सुदूरपश्चिम प्रदेश सभा सचिवालय

मुख्यमन्त्री कार्यालयको पत्रका आधारमा अहिले तलब रोकिएको छ। सांसदका स्वकीय सचिव हटाउने वा कायम राख्ने निर्णय प्रदेश सरकारले गर्ला।



धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिम प्रदेश सभाले सांसदका स्वकीयसचिवको असोज महिनाको तलब रोकेको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले संघीय सरकारको निर्णय कार्यान्वयन गर्न पत्र पठाएपछि तलब रोकिएको प्रदेश सभा सचिवालयका सूचना अधिकारी युवराज जैसीले बताए।

संघीय मन्त्रिपरिषद्को गत ५ असोजको बैठकले राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रदेश प्रमुख, नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रीबाहेक सांसदलगायत अन्य राजनीतिक पदाधिकारीको स्वकीयसचिवको सुविधा खारेज गर्ने निर्णय गरेको थियो। मुख्यमन्त्री कार्यालयले उक्त निर्णयको परिपत्रसहित कार्यान्वयनका लागि गत २४ असोजमा प्रदेश सभालाई पत्राचार गरेको थियो।

तलब सुविधा रोकिए पनि संघको निर्णयअनुसार प्रदेश सरकारले सांसद र मन्त्रीको स्वकीय सचिवालय कटौती वा खारेज भने गरेको छैन। संघ र प्रदेश सरकारका मन्त्री तथा प्रदेश प्रमुखको स्वकीय सचिवालयमा बढीमा तीनजना नियुक्त गर्न सक्ने निर्णय संघ सरकारले गरेको थियो।

प्रदेश सभामा हाल कायम ५२ सदस्यमध्ये प्रदेश सरकारमा मन्त्री रहेका नौजनाबाहेक अन्य सांसदले सचिवालयबाट स्वकीय सचिवको सुविधा लिइरहेका छन्। 'मुख्यमन्त्री कार्यालयको पत्रका आधारमा अहिले तलब रोकिएको छ,' सूचना अधिकारी जैसीले भने, 'सांसदका स्वकीयसचिव हटाउने वा कायम राख्ने निर्णय प्रदेश सरकारले गर्ला।' सचिवालयले सांसद र उनीहरूका स्वकीय सचिवको तलबसँगै पठाउने गरेको थियो। सांसदको असोजको पारिश्रमिक र सुविधाभने गत २९ असोजमा निकासा गरिएको सविचालयले जनाएको छ।

प्रदेशमा मुख्यमन्त्री, मन्त्री, सांसदसहित राजनीतिक पदाधिकारी प्रदेशले आफ्नै ऐन बनाएर स्वकीय सचिवालयको व्यवस्था गरेकाले संघको निर्णय यहाँ कार्यान्वयन नगर्ने अडानमा छन्। कर्मचारी भने संघको परिपत्र कार्यान्वयनको पक्षमा छन्। कार्यान्वयन नगरे प्रदेश सरकारले यसबारे निर्णय गरिदिनुपर्ने उनीहरूको मत छ। 'स्वकीयसचिवको तलब निकासा गर्नुपर्ने कुरा राजनीतिक तहबाट आएको छ,' प्रदेश सभाका एक अधिकारीले भने, 'सरकारले एकखालको निर्णय गरेर निकास दिनुपर्छ।' तलब रोकिए पनि सांसद र पदाधिकारीका स्वकीय सचिवालय कायम रहेका उनले बताए।

लुम्बिनीमा पनि रोकियो स्वकीयहरूको पारिश्रमिक, नरोक्न संसदीय समितिको निर्देशन

बुटवलमा **विष्णु घिमिरे**

लुम्बिनी प्रदेश सभाका विभिन्न संसदीय समितिले सांसदका स्वकीयसचिवहरूको पारिश्रमिक नरोक्न सरकारलाई निर्देशन दिएको छ। प्रदेश सभा सचिवालयले सांसदका स्वकीयको पारिश्रमिक असोज महिनादेखि रोकेको छ।

स्वकीयको पारिश्रमिक रोकिएपछि आइतबार सबै संसदीय समितिका सभापतिहरूको बैठक बसेको थियो। बैठकले प्रदेश मामिला तथा कानुन समितिमार्फत प्रदेश सरकारलाई स्वकीयको सेवा-सुविधा हटाउने निर्णय कार्यान्वयन नगर्न निर्देशन दिन आग्रह गर्ने निर्णय गरेको थियो।

सोही निर्णयबमोजिम आइतबार लुम्बिनी प्रदेश सभाअन्तर्गत प्रदेश मामिला तथा कानुन समितिको बैठकले प्रदेश सभाका पदाधिकारी र सदस्यको पारिश्रमिक तथा सुविधा कटौती गर्न दिएको संघीय सरकारको निर्देशन कार्यान्वयन नगर्न र प्रदेश कानुनबमोजिम नै कार्यान्वयन गर्न प्रदेश सरकारलाई निर्देशन दिने निर्णय गरेको हो।

समिति सभापति दिलकुमारी बुढाले संविधानले प्रदेशलाई अधिकार दिएको विषयमा संघीय सरकारको निर्देशनअनुसार चल्नु हुँदैन भनेर निर्देशन दिने निर्णय गरिएको बताइन्। उनले कार्यपालिकाले सोही सुविधा पाउने, तर व्यवस्थापिकाले नपाउने गरी भएको निर्णय विभेदकारी रहेको पनि बताइन्।

जेन-जी आन्दोलनपछि बनेको अन्तरिम सरकारले खर्च कटौती गर्नेक्रममा विभिन्न निर्णय गरेको थियो। त्यही निर्णयको मर्मअनुसार संघीय सरकारको अर्थ मन्त्रालयले प्रदेशका सांसदहरूका स्वकीयसचिवहरूको सेवा-सुविधा कटौती गर्न पत्र पठाएपछि मुख्यमन्त्री कार्यालयले प्रदेश सभा सचिवालयलाई सो निर्णय कार्यान्वयनका लागि पत्र पठाएको थियो। सो पत्र आएपछि असोज महिनादेखिको पारिश्रमिक रोकिएको प्रदेश सभाका सचिव दुर्लभकुमार पुनमगरले बताए। लुम्बिनी प्रदेश सभामा ८७ जना सदस्य छन्।

बृहत् कम्युनिस्ट एकताको अपरिहार्यता

विगतका कमजोरीका लागि जनतासँग आत्मालोचना गर्दै व्यापक रूपमा पार्टीको शुद्धीकरण गर्ने विषय एकता पक्षधर क्रान्तिकारीको तत्कालीन कार्यनीति बन्नुपर्छ



● इन्द्रप्रसाद गोतामे (जगतजंग)

अग्रलेख



नेपालको कम्युनिस्ट आन्दोलन आज विभाजन र विघटनको लामो शृंखला पार गर्दै एक निर्णायक मोडमा उभिएको छ। माओवादी केन्द्र, एकीकृत समाजवादी, नेपाल समाजवादी पार्टी, नेकपा (समाजवादी), जनसमाजवादी पार्टी नेपाल, नेकपा (माओवादी-समाजवादी) र नेकपा (साम्यवादी) जस्ता शक्तिले बृहत् एकताको प्रक्रिया सुरु गर्नुले पुरानो पार्टी विघटन गरी नयाँ र सामूहिक नेतृत्व निर्माण गर्ने ऐतिहासिक संकल्पलाई उजागर गरेको छ। १६ कात्तिकमा भएको यो एकता प्रक्रियाले १८ बुँदे सहमतिपत्रमा हस्ताक्षर गरी १९ गते एकता घोषणा गर्ने निर्णय भएको छ। मार्क्सवाद-लेनिनवादलाई मार्गनिर्देशक सिद्धान्त र नेपाली विशेषताको वैज्ञानिक समाजवादलाई क्रान्तिको कार्यक्रम बनाएको छ, जसमा पुष्पकमल दाहाल 'प्रचण्ड' संयोजक र माधवकुमार नेपाल सह-संयोजक रहनेछन्। यस एकताको मूल आधार नै वैचारिक प्रश्न बनेको छ, जसको केन्द्रमा मार्क्सवादको रक्षा, प्रयोग र परिमार्जनसहितको विकास रहेको छ। एकातिर नयाँ ढंगले कम्युनिस्ट पार्टी पुनर्गठन गर्ने र अर्कातिर मार्क्सवादलाई युग सुहाउँदो ढंगले विकास गर्ने दोहोरो दायित्व कम्युनिस्टसामु छ। आठ दलबिच 'पाँचकुने तारा' चुनाव चिह्नमा सहमति जुटिसकेको भए पनि नयाँ पार्टीको नाम भने वैचारिक गन्तव्यलाई स्पष्ट पार्ने गरी टुंग्याउन बाँकी छ, जसले आगामी क्रान्तिकारी यात्रालाई दिशानिर्देश गर्नेछ। यो प्रक्रिया २०१९ देखि नै चलेको विभाजनको अन्त्यका रूपमा देखा परेको छ, जसले ०७५ मा नेकपाको विघटनपछिको घाउलाई निको पार्ने प्रयास गर्दै छ।

वर्तमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थिति, नेपालको जटिल भूराजनीतिक अवस्था, आत्मगत अवस्था, समय र विज्ञान प्रविधिको विकासको अवस्थासँग मार्क्सवादलाई जोड्नु आजको प्राथमिक कार्यभार हो। आजसम्मको ज्ञान क्रान्तिकारीले सजिलै किताब वा सामाजिक सञ्जालबाट पाउन सक्छन्, तर नयाँ परिस्थितिमा अगाडि बढ्न आवश्यक नयाँ ज्ञान मार्क्सवादको इमानदार प्रयोगबाट मात्र प्राप्त हुन्छ। यो ज्ञान प्राप्तिका लागि इमानदारी अपरिहार्य छ, जसलाई आफैँभित्रबाट पैदा गर्नुपर्छ। त्यसका लागि मार्क्सवाद, वर्ग, उत्पीडित जाति र क्षेत्रप्रति इमानदार हुन सक्नुपर्छ। यो इमानदारी कायम गर्न ठुल्ठुला महाविपत्ति सामना गर्ने साहस कम्युनिस्टमा हुनुपर्छ। यही नै आजको निर्णायक वैचारिक प्रश्न हो। मार्क्सवादलाई नेपाली सन्दर्भमा लागू गर्दा लेनिनको राज्य र क्रान्ति सिद्धान्तलाई आधार बनाएर नेपालको बहुजातीय, बहुभाषिक र बहुधार्मिक संरचनालाई सम्बोधन गर्नुपर्छ, जसमा उत्पीडित जातिको मुक्ति र क्षेत्रीय असमानताको अन्त्यलाई प्राथमिकता दिनुपर्छ। यसका लागि, माओको 'जनयुद्ध' अवधारणा र २१औँ शताब्दीको डिजिटल युगको प्रभावलाई समाहित गर्दै 'डिजिटल जनवाद'जस्ता नयाँ अवधारणा विकास गर्न सकिन्छ, जसले सामाजिक सञ्जाल र एआईलाई क्रान्तिकारी औजारका रूपमा प्रयोग गर्छ।

अबको नेपाली आन्दोलनको दीर्घकालीन रणनीति वैज्ञानिक समाजवाद हो, न कि समाजवादउन्मुख यात्रा मात्र। यसको लक्ष्य हासिल गर्न अहिलेलाई पुरानो संसदीय व्यवस्थामा व्यापक सुधार तथा सुशासन, सामाजिक न्याय र समृद्धिलाई तत्कालीन कार्यनीति बनाइएको छ। जेन-जी विद्रोहले उठाएको प्रत्यक्ष कार्यकारी अब सडकबाट मुखरित भएको मुख्य माग बनेको छ। २३ र २४ भदौमा भएको यो विद्रोहमा भ्रष्टाचार, परिवारवाद र सामाजिक सञ्जालमाथिको प्रतिबन्धविरुद्ध लाखौँ युवा सडकमा उत्रिएपछि सरकार नै ढल्यो। युवा विद्रोहले सरकार परिवर्तन हुने तेस्रो देश नेपाल बन्न पुग्यो। उनीहरूका माग पूरा गरी राजनीतिक स्थायित्व कायम गर्न प्रत्यक्ष कार्यकारी प्रमुख (संघ), प्रदेशमा प्रत्यक्ष कार्यकारी मुख्यमन्त्री, सानो आकारको मन्त्रिमण्डल र संसद् अपरिहार्य छ। राजनीतिक अस्थिरता अन्त्य गर्न अब क्रान्तिकारीसँग विकल्प छैन, तसर्थ सबैले यो माग पूरा गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ। जेन-जी विद्रोहपछि नेपाल नयाँ चरणमा छ, क्रान्तिकारीले यसको नेतृत्व गर्न सक्ने गरी जनतामा आशा र विश्वास दिन सक्नुपर्छ।

विश्वव्यापी रूपमा एकध्रुवीय विश्व व्यवस्था विघटनको संघारमा छ। शक्ति राष्ट्रले व्यापार युद्ध, प्रोक्सी युद्ध, जेन-जी विद्रोह, गृहयुद्ध, सरकार परिवर्तन, सैनिक कु तथा रणनीतिक परियोजनाद्वारा हस्तक्षेप गरी देश टुक्र्याउनेसम्मको खेलमार्फत नयाँ कठपुतली निर्माण गरी आफूलाई पुनर्संगठित गर्न खोजिरहेका छन्। नेपाल पनि शक्ति राष्ट्रको भूराजनीतिक संकट र अव्यवस्थाको चपेटामा छ। बाह्य हस्तक्षेपका रूपमा भ्रष्टाचारलगायत सामाजिक मुद्दा उठाइए पनि सारमा यो पुँजीवादी संकट टार्न विश्वव्यापी रूपमा फैलिएको आन्दोलन हो, जसले पुरानो शासकको मानसिकताबाट मुक्त हुन प्रेरित गर्छ। अब कम्युनिस्टले मानसिकता बदल्दै 'पार्टीमा लागेर के पायौ ?' बाट 'पार्टीमा लागेर जनताको के सेवा गरियो ?' तर्फ संक्रमण गर्नु आवश्यक छ। मिठा भाषण होइन, जनजीवन बदल्ने व्यवहार चाहिन्छ। जेन-जी विद्रोहले जनताले निर्णय गर्ने र प्रतिनिधिले लागू गर्ने प्रणालीलाई मुखरित गरेको छ। यो परिवर्तन पार्टी तथा नेतृत्वको कार्यशैलीमा आमूल परिवर्तनको माग गर्ने सांस्कृतिक क्रान्ति र ठुलो राजनीतिक सिफ्ट हो। यसलाई सम्बोधन गर्न क्रान्तिकारीले माओको सांस्कृतिक क्रान्तिको अवधारणालाई आधुनिक सन्दर्भमा पुनर्व्याख्या गर्दै युवा पुस्तालाई पार्टी संरचनामा समाहित गर्ने नीति अपनाउनुपर्छ, जसमा डिजिटल प्लेटफर्ममार्फत जनमत संकलन र निर्णय प्रक्रिया समावेशी बनाउन सकिन्छ।

यो नयाँ परिस्थितिमा सबैले त्याग गर्दै कम्युनिस्ट एकता गरी व्यापक कम्युनिस्ट केन्द्र निर्माण गर्नु मात्र पर्याप्त छैन, लोकतन्त्रवादी र लोकप्रियतावादीलाई समेत समेटेर राष्ट्रिय सहमतिमा शासकीय स्वरूपमा प्रत्यक्ष कार्यकारी प्रमुखलगायत सुधार गर्नुपर्छ। कर्मचारीतन्त्रभित्र मौलाउँदै गएको बेथिति, भ्रष्टाचार, जनताको दैनिक कार्यमा हुने गरेको ढिलासुस्ती अन्त्य गर्न व्यापक नीतिगत परिवर्तन गर्न, राष्ट्रिय आर्थिक नीति निर्माण गर्न र उत्पादन, उत्पादन र फेरि पनि उत्पादनको नीतिद्वारा औद्योगिक क्रान्ति गर्न आवश्यक छ। समुदायले उत्पादनको नेतृत्व गर्ने र समुदायले नै उपभोग गर्ने नीतिद्वारा दलाल पुँजीवादलाई परास्त गर्ने, अन्तर्राष्ट्रिय व्यापार नीतिको व्यापक सुधार गर्ने र जनताको सहभागितामा राज्यका संस्था तथा सामाजिक संस्थालाई बलियो बनाउँदै भ्रष्टाचारमुक्त समाज निर्माण गर्नुपर्छ। शिक्षामा आमूल परिवर्तन गरी विश्वमा प्रचलित मोडेलको राम्रो पक्षलाई जोड्दै नेपालको मौलिकतामा आधारित वैज्ञानिक, व्यावहारिक र रोजगारमूलक शिक्षा नीति अपनाउनुपर्छ।

> अहिलेको बृहत् कम्युनिस्ट एकता प्रक्रिया विगतदेखि नै चलेको विभाजनको अन्त्य र ०७५ मा नेकपाको विघटनपछिको घाउलाई निको पार्ने प्रयासका रूपमा रहेको छ

जेन-जी विद्रोहपछि अन्तर्राष्ट्रिय शक्ति केन्द्रहरूको ठुलो चलखेल बढेको छ, जसले आन्तरिक र बाह्य राष्ट्रियतामाथिको संकटलाई अकल्पनीय रूपमा बढाएको छ। यसलाई सचेत ढंगले परास्त गर्न विभिन्न जातजातिका आफ्नै भाषा, धर्म, संस्कृतिसहितको बहु-सभ्यतालाई एकीकृत गर्दै आन्तरीक राष्ट्रिय एकता कायम गर्ने, साथै बाह्य रूपमा राष्ट्रवादको अराजकताबाट बच्दै विदेशी प्रयोगशालाबाट देश जोगाउन, वास्तविक तटस्थता, असंलग्नता, सन्तुलित र संयमित परराष्ट्र नीति अपनाई विश्वमै नेपाललाई शान्तिको पक्षमा दृढतापूर्वक उभ्याउनुको विकल्प छैन। कुनै पनि शक्तिराष्ट्रको भुक्तिकएए पनि गोटी बन्नुहुँदैन। सबै उत्पीडित वर्ग, जाति, लिंग, क्षेत्रको मुक्तिका लागि साझा धारणा बनाउन संविधान संशोधन गरी मार्ग प्रशस्त गर्नुपर्छ। आजको ग्लोबल युगमा नेपाली श्रमिकको मूल्य विश्व मापदण्डअनुसार १०औँ गुणाले नबढाउँदासम्म र दक्ष जनशक्तिमा रुपान्तरण नगरुन्जेल सेवा र श्रमका लागि मान्छे विश्वभरि नै गतिशील हुन्छ। राज्यले ती नेपाली श्रमिकलाई दक्ष जनशक्तिमा रुपान्तरण गरी सुरक्षा र श्रमको मूल्यको ग्यारेन्टी गर्नुपर्छ। र, विदेशी नागरिकता लिएका नेपालीलाई सचेत ढंगले नेपाल फर्काउन वंशजको दोहोरो नागरिकता दिने र तिनलाई नेपालमा फर्काई लगानी गर्ने वातावरण मिलाउनुपर्छ। यसका लागि, भारत र चीनसँगको सम्बन्धलाई सन्तुलित राख्दै नेपाललाई 'शान्ति क्षेत्र' घोषणा गर्ने अन्तर्राष्ट्रिय अभियान चलाउन सकिन्छ, जसले पर्यटन र लगानीलाई बढावा दिन्छ।

माओवादीले अगाडि सारेको २१औँ शताब्दीको जनवादको विकाससम्बन्धी विचारलाई जीवन व्यवहारमा लागू गर्दै २१औँ शताब्दीको वैज्ञानिक समाजवादको वैज्ञानिक खाका तय गर्नुपर्छ। जहाँ पार्टीका मुख्य नेता सरकारमा नजाने, जनता र पार्टी परिचालनमा रहने विधि आजको दलाल पुँजीवाद हाबी हुँदै गएको समाजमा अपरिहार्य छ। जनतासँग आत्मालोचना गर्दै व्यापक रूपमा पार्टीको शुद्धीकरण गर्ने विषय क्रान्तिकारीको तत्कालीन कार्यनीति बन्नुपर्छ। अर्कातिर, वैज्ञानिक समाजवाद 'सुशासन, सामाजिक न्याय र समृद्धि'लाई आधार बनाएर अर्थतन्त्रमा व्यापक संरचनात्मक सुधार गरेर अगाडि बढ्नुपर्छ। नेपालले विज्ञान र प्रविधिको अधिकतम उपयोग गरेर पुँजीवादी अर्थतन्त्र, साम्यवादी अर्थतन्त्र, बहिर्मुखी अर्थतन्त्र र व्यवहारवादी आर्थतन्त्रको राम्रो पक्षलाई समेटेर दलाल र वित्तीय पुँजीवादको घेराबन्दीलाई परास्त गर्दै नेपालको मौलिकतासहितको जनताको सहभागितामा मिश्रित र समाजवादी अर्थतन्त्रको विकास गर्नुपर्छ। 'केवल योजनाबद्ध अर्थतन्त्र र बलियो लोकतन्त्रले मात्र व्यक्तिका अधिकारको रक्षा गर्न सक्छ' भन्ने अल्बर्ट आइन्स्टाइनको भनाइले लोकतन्त्रको विकल्प भनै उन्नत लोकतन्त्रलाई पुष्टि गर्छ। आज पुँजीवादको विकल्प 'नयाँ वैज्ञानिक समाजवाद' (उन्नत लोकतन्त्र) बन्दै गएको छ। राज्य र निजी क्षेत्रलाई भन्दा समुदायलाई बलियो बनाउने 'म र हामी' अर्थात् 'निजी र सामूहिक सम्पत्ति' समायोजन गर्दै समाजवादको नयाँ र उन्नत विकल्पको प्रतिस्पर्धा गर्ने व्यावहारिक बाटो नै आजको वैज्ञानिक समाजवादमा जाने बाटो हो। समाजवाद नै मानव सभ्यताको मूल विषय हो।

सबै दुःख, उत्पीडनको अन्त्य, विज्ञान र पर्यावरणमैत्री समाजले स्वतन्त्रता, समानता र भ्रातृत्व जन्माउँछ, जसले विश्वको एकतालाई मजबुत बनाउँदै मानवीय खुसी पैदा गर्छ। नयाँ वैज्ञानिक समाजवादको भूमण्डलीकरणले मानवजातिको पृथ्वीको रक्षा गर्दै अन्तरिक्ष र त्योभन्दा परको न्यायोचित प्रवेशमा तीव्रता आउनेछ। मार्क्सले भनेझैं साम्यवाद भनेको स्वतन्त्रता, समानता र भ्रातृत्वसहितको मानव समाज हो। त्यहाँ देश र विश्व रहन्छ, शोषण, शासन र सिमाना रहँदैन, त्यहाँ व्यक्ति र सामुदायिक अनुशासन रहन्छ, कानुन रहँदैन, त्यहाँ मानव समाज रहन्छ, वर्ग रहँदैन, त्यहाँ पर्यावरण र जीवजन्तु रहन्छन्। अन्ततः त्यहाँ उत्पादन, गाँस, वास, कपास, यौन, शिक्षा, स्वास्थ्य, सुरक्षा, अनुशासन, मनोरञ्जन, सेवा, आविष्कार र खुसी नियमित जीवनशैली बनेको हुन्छ। त्यसैले, वैज्ञानिक समाजवादलाई केन्द्र बनाएर बृहत् कम्युनिस्ट केन्द्र निर्माण गर्दै अगाडि बढ्नुको विकल्प छैन। दलाल पुँजीवादलाई समाजवादी आन्दोलनको प्रधान दुस्मनका रूपमा किटान गरी, संसद्, सडक, सरकार, विज्ञान/प्रविधि/मिडिया/सोसल प्लेटफर्ममार्फत चुनाव, जनआन्दोलन र विद्रोहलाई वैकल्पिक तयारीका रूपमा राखेर यो एकताले नेपाली क्रान्तिलाई नयाँ उचाइमा पुऱ्याउनेछ। यस प्रक्रियामा अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनसँग समन्वय गर्दै ब्रिक्सजस्ता बहुपक्षीय मञ्चमार्फत नेपालको आवाजलाई बलियो बनाउन सकिन्छ, जसले वैश्विक समाजवादको यात्रालाई गति दिन्छ।

---

३ प्रश्न

नेपाल सरकारका पूर्वसचिव **विमल वागले**लाई



वायुसेवा निगम अर्बौं ऋणमा डुबेको अवस्थाबारे के भन्नुहुन्छ ?

हाम्रा कुनै पनि सार्वजनिक संस्थान आफैँ बिग्रेका या डुबेका होइनन्, तिनलाई जानीजानी बिगारिएको या डुबाइएको हो। यस कार्यमा पहिल्यैदेखिका सरकार र निगमका सञ्चालक तथा पदाधिकारी जिम्मेवार छन्। जनताको सम्पत्ति सीमित व्यक्तिको स्वार्थमा दोहन गर्न पाइँदैन। विगतमा हामीले निगमलगायत सार्वजनिक संस्थान सुधारका कुरा उठाउँदा माथिदेखि नै छेक्ने कार्य हुन्थ्यो। ०४६ को परिवर्तनसँगै पञ्चायतले चारवटा जेट र १४ वटा साना विमान गरी २० वटा विमान छाडेर गएको थियो। तर, आज ती विमान कहाँ पुगे, अत्तोपत्तो छैन। त्यसयता निगमका नाममा जति विमान खरिद गरियो, ती प्रत्येक खरिदमा करोडौँदेखि अर्बौंसम्मका अनेकौँ घोटालाका काण्ड सार्वजनिक भए। सबैमा संस्था मरे मरोस्, आफू मोटाउन पाए पुग्यो भन्ने मानसिकता छ। अनि, कसरी सुधोस् त निगम ?

पहुँचका भरमा करार र ज्यालादारीमा कर्मचारी राख्नु उचित हो कि होइन ?

कुनै हालतमा पनि उचित होइन। विज्ञापन गर्दा बजारमा नपाइने विशेष क्षमतावान् जनशक्ति नियुक्त गर्नुपर्‍यो भने तिनलाई करारमा ल्याउने हो। आफ्नो संस्थालाई नभई नहुने अत्यावश्यक जनशक्तिलाई विशेष अनुरोधमा विशेष सुविधा र जिम्मेवारी दिएर ल्याइन्छ करारमा। तर, यहाँ त संस्थालाई कहिल्यै नचाहिने जनशक्तिलाई करारका नाममा ल्याएर संस्था डुबाउने खेल चलिरहेको छ। तोक आदेशका भरमा कसैले जागिर खान कहाँ पाउँछ ?

संकटमा पर्दै गएका सार्वजनिक संस्थान सुधारका लागि के गर्नुपर्ला त ?

यसका लागि धेरै गर्नैपर्दैन। सक्षम, इमानदार र दक्ष जनशक्तिलाई संस्थान जिम्मा दिने हो भने सुधार सम्भव छ। सरकारले सक्दैन भने त्यस्तो जनशक्ति खोज्ने जिम्मा स्वतन्त्र निकायलाई दिन सक्नुपर्छ। हाम्रा संस्थान बिग्रिनुको कारण थाहा पाइसकेपछि त्यसलाई सुधार्न नसक्ने भन्ने हुँदैन।

प्रेरक प्रसंग

संगतको प्रभाव

एकपटक एकजना शिक्षक आफ्ना निम्नमाध्यमिक तहका छात्रछात्रालाई लिएर कतै घुम्न जाँदै थिए। लक्षित स्थान पुग्नुअघिको यात्रामा उनी आफ्ना शिष्यलाई असल संगतको प्रभावबारे बताइरहेका थिए। तर, उनले जति नै मृदु स्वरमा बुझाउने कोसिस गरे पनि कलिला बालबालिकाको मस्तिष्कमा उनको भनाइको तात्पर्य घुसिरहेको थिएन।



यसै क्रममा ती शिक्षकले नजिकैको एउटा बर्गैंचामा गुलाफका फूलहरू मुस्कुराइरहेका देखे। उनले तत्काल एक शिष्यलाई सो गुलाफको बोटको फेदबाट एक मुठी माटो ल्याउन अह्राए। उनको आदेश पाउनासाथ एक विद्यार्थी बर्गैंचातिर खुर्रु दौडिए। उनले गुरुको आदेशअनुसार एक मुठी माटो पनि ल्याए। त्यसपछि शिक्षकले सबैलाई पालैपालो सो माटो सुँघ्न अह्राए। प्रत्येक शिष्यले माटो सुँघे। माटो सुँघ्दै जाँदा उनीहरू अचम्ममा पनि परिरहेका थिए। एकजना विद्यार्थीले सोधे- गुरुदेव, यो माटोबाट त ठ्याक्कै गुलाफको जस्तै मिठो बास्ना आइरहेको छ। यसको कारण के हो ? हामी जान्न चाहन्छौं।

शिष्यको जिज्ञासापछि शिक्षकले हल्का मुस्कुराउँदै भने– हो, यही कुरा त म तिमीहरूलाई अघिदेखि बुझाउने कोसिस गरिरहेको थिएँ। वास्तमा यस माटोमा गुलाफको फूलबाट शीतका थोपा तप्तप्प खसिरहन्छन्। अनि, ओइलाउँदै गएका गुलाफका फूलका पत्रहरू पनि यहीं खस्छन्। जसको प्रभावले गर्दा यो सामान्य माटोबाट पनि गुलाफको बास्ना आएको हो। यो सब संगतको प्रभाव हो। यो माटोमा गुलाफको सुगन्धको प्रभाव परेजस्तै असल मानिसको संगतको प्रभाव पनि मानिसमा सकारात्मक नै पर्छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

नेपालीको क्षमतै नभएको हो त ?

आज नेपालीले सक्दैनन् भनेर विदेशी पुकार, भोलि उनीहरूले सञ्चालन गर्दा उनीहरूलाई फाइदा भएपछि आफ्नो फाइदालाई विविध क्षेत्रमा लगानी गर्दाचाहिँ, विदेशी भन्दै दुनियाँथरी दुःख दिनु। फेरि भन्नू- वैदेशिक लगानी आएन, नेपालीले गर्न सक्दैनन्।

● **राजेन्द्र कोइराला**

देश नै विदेशीको इसारामा चलिराको छ। जाबो सुरुङमार्ग विदेशीलाई चलाउन दिनु के नै अनौठो भयो र ?

● **लक्ष्मणकुमार बुढा**

कोरियामा १७ सयवटा टनेलको कुल लम्बाइ १५ सय किमि रहेछ। त्यहाँ पनि कोरिया आफैँले चलाएकै छ। हाम्रो यौटा टनेलमा पनि किन यत्रो रोइलो हो ?

● **अनिर्वचनीय आत्मा**

देश पनि अँध्यारो सुरुङभित्र जाँदै छ। दुवैको टेन्डर खोल्नुपर्ने हो कि ?

● **विशाल सुनार**

दर्ता विदेशमा भएको, नाम विदेशी कम्पनी भए नि त्यसको मालिक नेपालकै एमाले-कांग्रेसी व्यापारीले पाउने हो।

● **प्रेम गड्याल**



ढाट राखेर पैसै उठाउने त हो नि ! हाम्रातिर धेरै छन्। उनीहरूमध्ये नै एउटालाई दिँदा हुन्छ।

● **श्रवण केएन खड्गी**

ठिक हो, नेपालीलाई दियो भने टोले गुन्डाले हप्ता उठाएरै घाटामा लान्छन्। टेन्डर प्रक्रियामार्फत प्रतिस्पर्धामा दिँदा फरक पर्दैन। सरकारले पाउने रकम पाउनुपर्छ।

● **अश्विन समीप**

बनाउन त सकेन, सकेन अर्काले बनाइदेको नि सञ्चालन गर्न नसक्ने, के पारा हो यस्तो ?

● **बलराम गुरुङ**
(नयाँ पत्रिका फेसबुक पेजबाट)

कहिलेसम्म बनाउने भर्तीकेन्द्र ?

नेपाली राष्ट्रिय ध्वजावाहक सरकारी स्वामित्वको नेपाल वायुसेवा निगम यतिखेर ५२ अर्ब ऋणको भारमुनि दबिएको छ। यस्तोमा पहुँचका भरमा भर्ती गरिएको अनावश्यक कर्मचारीको बोझले त निगमको ढाडै भाँचिने पक्का छ। तैपनि, निगम सुधार्ने गफ दिएर राजनीतिक नेतृत्वको चाकडी बजाएर निगमको नेतृत्वमा पुगेकाहरू जसरी पनि निगमलाई दोहन गर्न लागिपर्ने गरेका छन्।

नेपाल वायु सेवा निगमसँग सँगसँगैजस्तो स्थापित अन्य देशका विमान कम्पनी आज हजारौँ विमानसहित विश्वका कुनाकुनासम्म पुगिरहेका छन्। तर, हाम्रो देशको वायुसेवा निगम भने आफ्नै देशका सबै विमानस्थलसम्म पनि पुग्न सकेको छैन। युरोपको आकाशमा त कालोसूचीमै छ। निगम दिनदिनै घाटामा छ। भएका विमानमध्ये अधिकांश ग्राउन्डेड छन्। कुनै विमान मर्मतका लागि पठाइयो भने महिनौँसम्म त्यसको अत्तोपत्तो हुँदैन। अनि, कसरी जाओस् त निगम नाफामा ? नेपालमै पनि निजी क्षेत्रले क्रमशः नयाँ विमान थप्दै छन्। तर, निगम भने उठ्नै नसक्ने गरी गम्भीर घाटा र ऋणको पासोमा फसेको देखिन्छ। के निगमलाई भर्तीकेन्द्र बनाएर उठ्नै नदिने हो ?

● **अमृत महर्जन**, सानोठिमी, भक्तपुर

मोबाइलले बसाउँछ गहिरो लत

मोबाइलमा जतिजति मानव संवेदना र मनोवैज्ञानिक पक्षलाई आकर्षित गर्ने क्षमता बढ्दै छ, त्यति नै फोन चलाउने लत बढ्दै छ



देश/विदेश

● स्टिफन मोन्टेइरो

अहिले विश्वभर मोबाइलको दैनिक प्रयोगको समय बढ्दै गएको छ, जुन विशेषगरी युवामाझ झन् बढी छ। यो चिन्ताको विषय बन्दा क्यानडा, अमेरिका र अन्य देशले आफ्ना स्कुलमा विद्यार्थीको फोन प्रयोग प्रतिबन्ध लगाउने निर्णय लिन थालेका छन्। सामाजिक सञ्जाल, गेमिङ, भिडियो स्ट्रिमिङ र एआई बटसँगको च्याट सबैले हाम्रो मोबाइलमाथिको लत बढाउन योगदान पुऱ्याउँछन्। यो लत बढाउन मोबाइल फोनको डिजाइन जिम्मेवार देखिन्छ।

मोबाइलले हाम्रो उपस्थिति पहिचान गरी ध्यान तान्ने प्रतिक्रिया जनाउँछन्। यस क्रममा तिनले हामीमा कुनै परिचित मित्रको जस्तो सम्बन्ध विकास गर्ने अध्ययनले देखाउँछ, जसले लत निर्माणमा सबैभन्दा बढी योगदान पुऱ्याउँछ। मोबाइलमा जतिजति प्राविधिक फिचर (सुविधा) बढिरहेका छन्, त्यति तिनको मानव संवेदना र मनोवैज्ञानिक पक्षलाई आकर्षित गर्ने क्षमता बढ्दै गएको छ। यही सहजताले गर्दा हामी विनाकारण पटक-पटक मोबाइल हेर्छौं। मोबाइल र यसको सफ्टवेयर इन्टरफेसमा रहेको भावनात्मक पक्ष आकर्षित गर्ने गुणले हामीमा लतको विकास गरिदिन्छ। त्यसै क्रममा ती उपकरणले हाम्रा सबै प्रकारका सूचना लिइरहेका हुन्छन्।

मानिसमा अपनत्व विकास गर्ने मोबाइलका नयाँ फिचरको कुरा गर्दा प्रयोगकर्ताको अनुहार पहिचान गरेर लक खुल्ने (फेस लक) सुविधामै हेर्रौं। छिटो मोबाइल खोल्न उपयोगी यो सुविधाले परिचित अनुहारको एक झलकमा मोबाइल चलाउने अवसर दिन्छ। तर, यसले प्रयोगकर्ता-उपकरणबिचको गहिरो सम्बन्ध बढाइरहेको हुन्छ। बिस्तारै प्रयोगकर्ताले आफ्नो मोबाइललाई कुनै आफूलाई चिन्ने नजिकको मानिसजस्तै ठान्न थाल्छन्। 'फेस अनलक' फिचरजस्तै केही मोबाइलले हातको इसारामा फोटो खिच्ने सुविधा दिएका छन्। यसले पनि प्रयोगकर्तामा फोनप्रति आफ्नोपन विकास गराइरहेको हुन्छ।

त्यस्तै 'जियोलोकेसन' सुविधाले फोनलाई नक्सामा थोप्लामा रुपान्तरण गरेर देखाउँछ। तर, त्यस थोप्लोलाई हामी हाम्रो फोन नभई आफैँ ठान्ने गर्छौं। यो फोन-प्रयोगकर्ताबिच विकास हुने घनिष्टताको अर्को उदाहरण हो। फेस अनलक, जियोलोकेसनका अतिरिक्त टचस्क्रिन, फोनको भाइब्रेसन, ध्वनि अलर्ट र अडियो तथा गति सेन्सरले हाम्रो ध्यान खिच्न र हाम्रा कामप्रति प्रतिक्रिया दिन भूमिका खेलिरहेका हुन्छन्। यी सुविधाले फोनलाई हाम्रो जीवनको एक घनिष्ठ, संवेदनशील र सचेत उपस्थिति भएको भावना विकास गर्छ।

फोनको इन्टरफेस अत्यन्त मिहिन ढंगमा चल्न सम्भव बनाउने टचस्क्रिनले मानव छालाको लचिलोपनको भान दिन्छ। त्यस्तै भाइब्रेसन र ध्वनि अलर्टले हामीलाई उपकरणका ससाना चाल वा ध्वनिप्रति धेरै संवेदनशील बनाउँछ। दिनभर पटक-पटक आउने भाइब्रेसन र अलर्टले हामीमा अवचेतन रूपमा मोबाइल पनि हाम्रो ध्यान आवश्यक सचेत वस्तुजस्तै भएको अनुभूति गराइरहेको हुन्छ।

पछिल्लो समय स्मार्टफोनहरू हाम्रो पहिचान र दैनिक व्यवहारको हिस्सा बनिसकेका छन्। तर, मोबाइलमाथिको बढ्दो निर्भरता गोपनीयतासँग



जोडिएको छ। मोबाइल सेन्सरहरूले निरन्तर हाम्रो आवाज, चाल र निकटता मापन गरिरहेका हुन्छन्। समयसँगै मोबाइलले ध्यान नदिएका हाम्रा व्यवहारमाथि समेत नजर लगाउन थालेसँगै यसमाथिको हाम्रो निर्भरता थप बढ्ने जोखिम छ। निद्रा एउटा राम्रो उदाहरण हो। अडियो र गति सेन्सिङमार्फत मोबाइलले हाम्रो सुत्ने समय र सुत्दाको अवस्थाबारे सटिक तथ्यांक संकलन गर्न सक्छ। त्यस्तै, मोबाइलमा भएका स्वास्थ्यसम्बन्धी एपले अहिले ठुलो मात्रामा बायोमेट्रिक डेटा संकलन गरी अन्य कम्पनीलाई सेयर गर्न थालेका छन्।

अर्को उदाहरण थप उन्नत अनुहार पहिचान गर्ने प्रविधि हो, जसले अब अनुहार मात्र पहिचान गर्दैन कि हाम्रा सतर्कता वा मुडसमेत जाँच्नेछ। यी सबै संकलित तथ्यांक हाम्रो व्यवहार, अन्य मानिससँग हामीले गर्ने अफ-लाइन अन्तर्क्रिया र हाम्रो भावनासमेत कर्पोरेट नाफाका लागि प्रयोग गरिने 'डेटा प्रोफाइल'मा जम्मा गरिन सक्छ।

त्यसो भए हामीले मोबाइलमाथिको निर्भरता व्यवस्थापन गर्न के गर्न सक्छौं ? पहिलो त व्यक्तिगत रूपमा हामीले उपकरणको सेटिङमा गएर आफूलाई साँच्चै आवश्यक पर्ने फिचर मात्र सक्रिय (एक्टिभेट) गर्न सक्छौं। त्यसलाई हाम्रो बदलिँदो आवश्यकताअनुसार समय-समयमा समायोजन गर्नुपर्ने हुन सक्छ। उदाहरणका लागि हामीलाई नक्सामा कुनै ठाउँ खोज्नुपरे मात्र 'लोकेसन' अन गर्ने र पछि बन्द गर्दा एक त हाम्रो गोपनीयता केही बढ्छ र फोन र प्रयोगकर्ता एक अविभाज्य जोडी हुन् भन्ने विश्वास तोड्न मद्दत पुग्छ। त्यस्तै, ध्वनि अलर्ट र भाइब्रेसन बन्द गर्नाले वा सीमित गर्नाले उपकरणमाथिको निर्भरता कम हुन सक्छ। अनुहार पहिचान गरेर लक खुल्ने सुविधाको साटो 'पासकोड'मार्फत फोन खुल्ने सुविधाले हाम्रो अवचेतनलाई मोबाइल एक मेसिन हो, न कि साथी भनेर सम्झाउँछ।

फोन निर्माताले पनि उपकरणमा एपलाई आवश्यक पर्दा 'अन/अफ' गर्न सकिने सेटिङ प्रदान गर्नुपर्छ। त्यसबाहेक फोन प्रयोगका क्रममा हुने डेटाको संकलन र किनबेचको दायित्वबारे थप पारदर्शिता आवश्यक छ। तिनले यो काम आफैँ नगर्ने हुँदा यसमा बलियो सरकारी नियमन आवश्यक हुन्छ, जसले प्रयोगकर्ता र तिनको डेटा सुरक्षालाई प्राथमिकता देओस्।

(स्टिफन कन्कोर्डिया विश्वविद्यालयका सञ्चार संकायका सह-प्राध्यापक हुन्)
द कन्भर्सेसनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

ट्रम्पले नयाँ आणविक दौड सुरु गर्न लागेका हुन् ?

केही समयअघि मात्र रक्षा मन्त्रालयको नाम बदलेर युद्ध मन्त्रालय बनाएका ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लाटफर्ममा अमेरिकासँग अहिले अन्य देशमा भन्दा बढी आणविक हतियार भएको बताएका छन्



● सारा शमिम
शमिम अलजजिराकी स्तम्भकार हुन्



अमेरिकाले सन् १९४५ मा विश्वको पहिलो आणविक परीक्षण गरेको थियो। संयुक्त राष्ट्र संघका अनुसार त्यसयता उसले कुल एक हजार ३२ आणविक परीक्षण गरिसकेको छ। अमेरिकाले अन्तिमपटक सन् १९९२ मा आणविक हतियार परीक्षण गरेको थियो।

विश्वका सबैभन्दा धेरै आणविक हतियार भएका अमेरिका र रुसले आफ्ना केही आणविक हतियार प्रयोगहीन बनाउँदा चीनले आफ्नो भण्डार विस्तार गरिरहेको छ। तथापि, अहिले पनि चीनको आणविक हतियारको संख्या अमेरिका र रुसको भन्दा निकै कम छ।

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले गत बिहीबार आफ्नो सरकारको सम्बन्धित मन्त्रालयलाई 'तत्कालै' आणविक हतियारको परीक्षण पुनः सुरु गर्न निर्देशन दिए। ट्रम्पको निर्देशन कार्यान्वयन भयो भने यो अमेरिकाले ३० वर्षभन्दा लामो समयपछि पहिलोपटक आणविक परीक्षण गर्नेछ। अमेरिकी राष्ट्रपतिले यस निर्णयमा बुरेभेस्टनिक नामक नयाँ आणविक शक्तियुक्त क्षेप्यास्त्र परीक्षणको पनि नाम लिए। केही समयअघि मात्र देशको रक्षा मन्त्रालयको नाम बदलेर युद्ध मन्त्रालय बनाएका ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा पोस्ट गर्दै अमेरिकासँग 'अहिले अन्य कुनै देशसँगभन्दा बढी आणविक हतियार भए पनि चीनले पाँच वर्षभित्रै भेट्न सक्ने' बताए।

चीन र रुसले वासिंटनलाई चुनौती दिएका हुन् ?

ट्रम्पले कुन आधारमा आफ्नो सामाजिक सञ्जाल पोस्टमा पाँच वर्षभित्र चीनले अमेरिकाको आणविक हतियार संख्यालाई बराबर बनाउने आकलन गरे भन्ने स्पष्ट छैन। तथापि, विश्वका सबैभन्दा धेरै आणविक हतियार भएका अमेरिका र रुसले आफ्ना केही आणविक हतियार प्रयोगहीन बनाउँदा चीनले आफ्नो भण्डार विस्तार गरिरहेको छ। तथापि, अहिले पनि चीनको आणविक हतियारको संख्या ती दुई देशको भन्दा निकै कम छ। चीनको आणविक हतियारको संख्या सन् २०२२ मा ३५० रहेकोमा एक वर्षमै बढेर ४१० पुगेको स्टकहोम इन्टरनेसनल पिस रिसर्च इन्स्टिच्युट (सिप्री)ले जनाएको छ। तर, सोही संस्थाका अनुसार त्यो वर्ष अमेरिकाको आणविक हतियारको संख्या चीनको भन्दा झन्डै नौ गुणा बढी अर्थात् तीन हजार ७०८ थियो। रुसको संख्या अमेरिकाको भन्दा थोरै बढी छ।

त्यसबाहेक रुसले अक्टोबर २६ मा आणविक ऊर्जाबाट चल्ने बुरेभेस्टनिक क्रुज मिसाइलको सफलतापूर्वक परीक्षण गरेको घोषणा गऱ्यो। रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले 'पोसेडन'नाम दिएको सो हतियारबारे टिप्पणी गर्दै 'यो मानवरहित वाहनको गति र गहिराइसँग तुलना गर्न सकिने वस्तु अहिले यो संसारमा केही छैन। तुलना हुने सम्भावनासमेत छैन।'

तर, आणविक ऊर्जाले चल्ने कुनै पनि वस्तु, चाहे त्यो युद्धपोत होस् वा मिसाइल वा ड्रोन नै किन नहोस्, त्यो आफैंमा आणविक हतियार भने हुँदैन। विश्वमा उत्पादन हुने विद्युत्को १० प्रशितले आणविक ऊर्जाबाट उत्पादन भइरहेको तथ्य बिर्सिनुहुँदैन। पोसेडनजस्तो आणविक ऊर्जाबाट चल्ने बाहन आणविक हतियार बोक्न प्रयोग भने गरिन सक्छ। तर, अहिले रुसले गरेको परीक्षणमा कुनै पनि आणविक हतियार प्रयोग गरिएको थिएन।

कुन देशले कहिले गऱ्यो आणविक परीक्षण ?

सन् १९९६ मा विश्वव्यापी आणविक परीक्षणमा प्रतिबन्ध लगाउनेसम्बन्धी सन्धि (सिटिबिटी) मा हस्ताक्षर गरेपछि अधिकांश देशले आणविक परीक्षण गरेका छैनन्। विशेषतः आणविक प्रदूषणबाट मानव स्वास्थ्य तथा माटो र पानीमा गम्भीर असर गर्ने देखिएपछि सो सन्धि बनेको थियो।

अमेरिकाले सन् १९४५ मा विश्वको पहिलो आणविक परीक्षण गरेको थियो। संयुक्त राष्ट्र संघका अनुसार त्यसयता उसले कुल एक हजार ३२ आणविक परीक्षण गरिसकेको छ। अमेरिकाले अन्तिमपटक सन् १९९२ मा आणविक हतियार परीक्षण गरेको थियो। वासिंटनले १९९६ मा सिटिबिटीमा हस्ताक्षर गरे पनि यसलाई कहिल्यै अनुमोदन भने गरेको छैन। उता, अमेरिकाको प्रतिद्वन्द्वी सोभियत संघले सन् १९९० मा अन्तिमपटक आणविक परीक्षण गऱ्यो भने कुल ७१५ आणविक परीक्षण गरेको संयुक्त राष्ट्र संघको तथ्यांकले देखाउँछ। सन् १९९० मा सोभियत संघ विघटनपछि रुसले उक्त पूर्वमहाशक्तिको आणविक हतियार विरासतमा पायो। त्यसयता उसले आणविक परीक्षण गरेको छैन।

सन् १९९६ मा सिटिबिटीमा हस्ताक्षर गरेको रुसले सन् २००० मा यसलाई अनुमोदन गरेको थियो। तथापि, सन् २०२३ मा राष्ट्रपति पुटिनले रुसको सन्धिको अनुमोदन खारेज गरिदिए। उता अन्य देशको हकमा चीन र फ्रान्स दुवैले अन्तिमपटक सन् १९९६ मा आणविक हतियार परीक्षण गरेका थिए। फ्रान्सले सन् १९४५ र १९९६ बिच २१० परीक्षण गरेको तथ्यांकले देखाउँछ। सन् १९५२ मा सफल आणविक परीक्षण गरेर अमेरिका र सोभियत संघपछि तेस्रो आणविक सम्पन्न मुलुक बनेको बेलायतले अन्तिमपटक १९९१ सम्म ४५ आणविक परीक्षण गऱ्यो। सिटिबिटी लागू भएयता १० आणविक परीक्षण भएको देखिन्छ। त्यसमा सन् १९९८ मा भारत र पाकिस्तानले गरेका दुई-दुईवटा आणविक परीक्षण पनि पर्छन्। भारत र पाकिस्तानले कहिल्यै पनि सिटिबिटीमा हस्ताक्षर गरेका छैनन्। बाँकी ६ वटा आणविक परीक्षण एउटै देश उत्तर कोरियाले गऱ्यो। संयुक्त राष्ट्र संघका अनुसार उत्तर कोरियाले सन् २००६, २००९, २०१३, २०१६ र २०१७ मा आणविक परीक्षण गऱ्यो। २०१६ मा मात्र उसले दुईपटक परीक्षण गरेको थियो। अहिले विश्वमा अमेरिका, रुस, बेलायत, फ्रान्स, चीन, भारत, पाकिस्तान, उत्तर कोरिया र इजरायलसहित नौ देशसँग आणविक हतियार छन्। अन्य देशविपरीत इजराय भने आफूसँग आणविक हतियार भएको सार्वजनिक रूपमा स्विकार्दैन, जसलाई 'आणविक अस्पष्टता'को नीति भन्ने गरिन्छ।

आणविक सन्धिमा हस्ताक्षर गर्न बाँकी

उसो त सिटिबिटीले पृथ्वीको कुनै पनि भूभागमा सैन्य र नागरिक कारणले आणविक विस्फोट गर्न प्रतिबन्ध लगाएको छ। तर, अमेरिकाले यस सन्धिमा हस्ताक्षर गरेको भए पनि उसले कहिल्यै अनुमोदन गरेन। यस कारणले उसलाई सन्धि पालना गर्नुपर्ने कानुनी बाध्यता छैन। सिटिबिटीमा हस्ताक्षर मात्र गरेका देशले सन्धिको विषयवस्तु र भविष्यमा सन्धिको पालना गर्ने आफ्नो मनसायप्रति सामान्य सहमति मात्र व्यक्त गरेको मानिन्छ। सन्धि अनुमोदनपछि मात्र ती देशले सन्धिलाई व्यवहारमा उतार्न आवश्यक घरेलु कानुनी चरण पूरा गरेको मानिन्छ।

ट्रम्पले आणविक परीक्षण सुरु गरे भने अरू देशले पछ्याउलान् ? आणविक युगको सुरुवातमा इतिहास हेर्ने हो भने त्यस्तै संकेत भेटिन्छ। शीतयुद्धको तनावबिच अमेरिकाले आणविक हतियार कार्यक्रम सुरु गरेपछि प्रतिद्वन्द्वी सोभियत संघलाई चिन्ता बढ्यो। अमेरिकाले आणविक हतियार हासिल गरेको चार वर्षभित्रै सोभियत संघले सन् १९४९ मा सफल परीक्षण गऱ्यो।

त्यसपछि १९५२ मा बेलायत र सन् १९६० मा फ्रान्सले उक्त हतियार हासिल गरे। सन् १९५० को दशकको अन्त्यतिर विश्वव्यापी कम्युनिस्ट आन्दोलन र यसको नेतृत्वको दिशालाई लिएर चीन र सोभियत संघबिच तनाव बढेपछि बेइजिङलाई आफ्नो उत्तरी छिमेकीबाट सैन्य आक्रमणको डर बढ्यो। यसैले उक्त सम्भावनालाई रोक्न चीनले आफूसँग आणविक हतियार हुनुपर्ने ठान्यो। र, तीव्र प्रयासबिच सन् १९६४ मा बेइजिङले आफ्नो पहिलो आणविक बम प्राप्त गऱ्यो। सुरुवाती दिनमा चीनको आणविक कार्यक्रमलाई मस्कोले नै सहयोग गरेको थियो। उता, सन् १९९८ मा भारत र पाकिस्तानले केही दिनको अन्तरमा आणविक हतियारको सफल परीक्षण गरे। अमेरिका र रुसले आफ्ना पुराना हतियार नष्ट गरिरहेकाले विश्वभर आणविक हतियारको कुल संख्या घट्दै गएको छ।

- अलजजिराबाट

विश्व संक्षेप

अफगान भूकम्पमा २० को मृत्यु

काबुल/ उत्तरी अफगानिस्तानको मजार-ए-सरिफ सहरनजिकै गएको भूकम्पमा कम्तीमा २० जनाको मृत्यु भएको छ। ६.३ म्याग्निच्युडको भूकम्पमा ३२० जना घाइते भएका छन्, तालिबान सरकारअन्तर्गतको जनस्वास्थ्य मन्त्रालयले सोमबार जानकारी दिएको छ। सन् २०२१ मा तालिबानले सत्ता लिएदेखि देशमा प्राकृतिक विपत्ति पनि बढिरहेका छन्। दुई महिनाअघि मात्र देशको पूर्वी भागमा आएको भूकम्पमा दुई हजारभन्दा बढीको मृत्यु भएको थियो।

संयुक्त राज्य भूगर्भ सर्वेक्षण (युएसजिएस) का अनुसार सोमबार बिहान १२:५९ बजे मजार-ए-सरिफनजिकै २८ किलोमिटर (१७ माइल) गहिराइमा भूकम्प गएको थियो। स्वास्थ्य मन्त्रालयका प्रवक्ता सराफत जमानले क्षतिको पूर्ण विवरण सार्वजनिक भइनसकेकाले मृतकको संख्या अझै बढ्न सक्ने अनुमान गरे। भूकम्पले मजार-ए-सरिफको पवित्र तीर्थस्थलको केही भाग पनि ध्वस्त पारेको बताइएको छ। लगभग पाँच लाख २३ हजार जनसंख्या भएको मजार-ए-सरिफमा धेरै बासिन्दा भूकम्पपछि मध्यरातमा सडकमा दौडेका थिए। हालैको अफगानिस्तानको इतिहासमा सबैभन्दा घातक ६.० म्याग्निच्युडको भूकम्प यस वर्ष अगस्ट ३१ मा देशको पूर्वी क्षेत्रमा गएको थियो, जसमा दुई हजार २०० भन्दा बढी मानिसको मृत्यु भएको थियो।

नेपालमा जस्तो भारतमा जेन-जी विद्रोह असम्भवः शाह

नयाँदिल्ली/ भारतका केन्द्रीय गृहमन्त्री अमित शाहले नेपालमा देखिएजस्तो प्रणालीविरुद्ध जेन-जीको विद्रोह भारतमा सम्भव नभएको बताएका छन्। भारतमा लोकतन्त्रको जरा धेरै बलियो र गहिरो रहेकाले जेन-जी विद्रोह सम्भव नभएको उनले दाबी गरे। 'भारत नेपाल होइन। हाम्रो लोकतान्त्रिक जरा धेरै बलियो छ। मलाई लाग्दैन कि यहाँ जेन-जीको विरोध सम्भव छ,' गृहमन्त्रीले भने। उनले अगाडि थपे, 'हाम्रो देशका युवाले धेरै मिहिनेत गर्छन् र राष्ट्रको विकासमा योगदान पुऱ्याउँछन्। नेपालको जस्तो विरोध यहाँ सम्भव छ भन्ने मलाई लाग्दैन।' सेप्टेम्बरमा नेपालमा भएको विरोध प्रदर्शनमा ७३ जनाभन्दा बढी व्यक्तिको मृत्यु भएको थियो। जेन-जेडका प्रदर्शनकारीले राष्ट्रको संसद्, अदालत र सरकारी भवनहरूमा आगो लगाएका थिए। सामाजिक सञ्जालमा छोटो प्रतिबन्ध लगाइएपछि अशान्ति फैलिएको थियो। एक प्रसंगमा उनले भारतमा मतदाताले महागठबन्धनलाई निर्वाचित गर्ने गल्ती गरे भने बिहारमा 'जंगलराज'को पुनरागमन निश्चित भएको दाबी गरे। बिहारमा नोभेम्बर ६ र ११ मा निर्वाचन हुँदै छ।

भारत र अमेरिकाबिच दसवर्षे रक्षा सम्झौतामा हस्ताक्षर



नयाँदिल्ली/ भारत र अमेरिकाले आगामी १० वर्षमा रक्षा सहयोग विस्तार गर्न एक सम्झौतामा हस्ताक्षर गरेका छन्। अमेरिकी रक्षामन्त्री पिट हेग्सेथ र उनका भारतीय समकक्षी राजनाथ सिंहबिच क्वालालम्पुरमा भएको बैठकपछि सम्झौतामा हस्ताक्षर गरिएको हो।

सम्झौताले 'समन्वय, सूचना साझेदारी र प्राविधिक सहयोग' बढाउनेछ र 'क्षेत्रीय स्थिरता र प्रतिरोध'लाई अगाडि बढाउने हेग्सेथले सामाजिक सञ्जालमा बताएका छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतमाथि ५० प्रतिशत कर लगाएपछि दुई देशले तनावपूर्ण सम्बन्धलाई अन्त्य गर्ने प्रयास गरिरहेका वेला सम्झौता भएको हो। रुसी तेल र हतियार खरिद गरेको भन्दै वासिङटनले नयाँदिल्लीलाई २५ प्रतिशत जरिवानासमेत लगाएको छ।

सम्झौताले भारत-अमेरिका रक्षा सम्बन्धको सम्पूर्ण क्षेत्रलाई नीतिगत निर्देशन प्रदान गर्ने अपेक्षा गरिएको छ। 'यो हाम्रो बढ्दो रणनीतिक एकताको संकेत हो र यसले साझेदारीको नयाँ दशकको सुरुवात गर्नेछ। हाम्रो द्विपक्षीय सम्बन्धको प्रमुख स्तम्भको रूपमा रक्षा मामिला रहनेछ। स्वतन्त्र, खुला र नियममा आधारित इन्डो-प्यासिफिक क्षेत्र सुनिश्चित गर्न हाम्रो साझेदारी महत्त्वपूर्ण छ,' सिंहले सामाजिक सञ्जाल एक्समा भनेका छन्। युरेसिया ग्रुप थिंक ट्यांकका प्रमित पाल चौधरीका अनुसार सम्झौता यस वर्ष जुलाई-अगस्टमा सम्पन्न हुनुपर्ने थियो। यो सम्झौता दुई देशबिचको सम्झौता शृंखलामा पछिल्लो अंश हो।

इतिहासमा आज

नोभेम्बर ४



सन् २००८ : अमेरिकाको राष्ट्रपतिमा पहिलोपटक अफ्रिकी-अमेरिकी मूलका बाराक ओबामा निर्वाचित। दुई कार्यकाल राष्ट्रपति भएका ओबामा अमेरिकाका ४४औं राष्ट्रपति हुन्।

सन् १९२२ : होवार्ड कार्टरले इजिप्टमा फाराओ तुतान्खुमुन (ईपू १३४१-१३२३)को दुरुस्त चिहान फेला पारे।

सन् १९२४ : अमेरिकी राजनीतिज्ञ नेली टेलो रस अमेरिकी राज्य (वायोमिङ) को गभर्नर निर्वाचित हुने पहिलो महिला बनिन्।

सन् १९४६ : युनेस्कोको स्थपनाका लागि पहल सुरु भयो। संयुक्त राष्ट्र संघको यो विशेष एजेन्सीले शिक्षा, विज्ञान र संस्कृतिमा अन्तर्राष्ट्रिय सहकार्यको प्रवर्द्धनका लागि आह्वान गर्छ।

सन् १९५२ : अमेरिकाको राष्ट्रिय सुरक्षा निकायको गठन। एनएसएका रूपमा परिचित अमेरिकी जासुसी संगठन विश्वभरबाट जासुसी सूचना संकलन र त्यसको अनुगमनका लागि जिम्मेवार निकाय हो।

सन् १९७९ : इरानमा अमेरिकीको ठुलो समूहलाई बन्ध बनाइयो। इरानका विद्यार्थीको एउटा समूहले राजधानी तेहरानस्थित अमेरिकी राजदूतावासलाई कब्जामा लिएर त्यहाँ रहेका ५२ अमेरिकीलाई बन्धक बनाए। ४४४ दिन चलेको यो संकटले अमेरिका र इरानबिचको कूटनीतिक सम्बन्धमा दरार ल्यायो।


श्री काष्ठमण्डप बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
नयाँ वानेश्वर-३१, काठमाडौं, फोन नं. : ०१-४५६५५१८

रकम भुक्तानी गर्न आउने ३५ दिने सूचना

प्रकाशित मिति २०८२/०७/१८

यस संस्थामा मिति २०६३/०९/२० देखि २०७७/१२/३१ सम्म कार्यालय सहायक पदमा कार्यरत तपशिलमा उल्लेखित तपाईले संस्थाबाट लिनु भएको कर्जाको तिर्न बाँकी साँवा, ब्याज, मासिक किस्ता तथा संस्थाको नियमानुसार लाग्ने अन्य दस्तुर तथा संस्थामा कार्यरत रहँदा लिएको पेश्कि रकम समेत तिर्ने सम्बन्धमा पटक-पटक मौखिक तथा पत्रहरूद्वारा जानकारी गराउदा समेत आज सम्म उक्त रकम तिर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र यस संस्थालाई नियमानुसार तिर्नुपर्ने सम्पुर्ण रकम तिर्न बुझाउन आउनु होला अन्यथा यस संस्थाको लिन बाँकी सम्पूर्ण रकम कानुन बमोजिम असुल उपर गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपशिल

नाम, थर, ठेगाना		ऋणीको जमानीकर्ताको विवरण	
नाम : **कृष्ण बहादुर थापा** (ना.प्र.नं. १९/१४४५८) स्थायी ठेगाना : आग्रा-१, मकवानपुर बाबु : किरण थापा बाजे : प्रेम बहादुर थापा		**नाम : लिना कार्की (थापा)** स्थायी ठेगाना : सेतिदेवी-६, काठमाण्डौं बाबु : लाल बहादुर कार्की पति : कृष्ण बहादुर थापा	

Notice for Invitation of Sealed Bid

Nabil Bank Ltd. invites sealed quotations from the interested registered firms/companies for **Printing and Delivery of RFID Card with Digital Lanyard and Card Holder.**

The interested firms/companies must have the experience of printing of ID Cards of any 2 "A" Class Banks or any 4 "B" Class banks.

Bid documents with detailed specifications, delivery destination and Terms & Conditions can be requested from the **Administration Department, Ghantaghar building 4th floor, Kathmandu, Nepal** upon submission of a written request letter.

Bid document along with copy of other supporting documents must be submitted to Nabil Bank Limited, Administration Department, Ghantaghar Building 4th floor, Kathmandu, Nepal, not later than **4:00 PM, 19th November 2025 (Mangsir 3, 2082)**. Bid documents received after this deadline will not be accepted. The submitted bids shall be opened at Administration Department, Ghantaghar Building 4th floor, Kathmandu, Nepal at **11:00 AM, 20th November 2025 (Mangsir 4, 2082).**

In case the last day of submission or opening falls on government holiday, then submission or opening can be done on the next working day.

For further details, please visit the Notice section of our website www.nabilbank.com and/or Facebook page of Nabil Bank Ltd. for detailed information items required.

NABIL BANK®
Administration Department Ghantaghar, Kathmandu Contact No: - 01-5971871

Invitation for Sealed Bids

(Date of Publication: 20th October, 2025)
Second Date of Publication: 4th November, 2025

Mahalaxmi Bikas Bank Limited a leading national level development bank invites sealed bids from interested and eligible firm/ company for Supply and Delivery of Microsoft Operating System for Servers

Terms and Conditions:

- The bid documents can be purchased within office hours (9:30 AM till 5:30 PM) from the office of General Service Department, Head Office, Thapathali upon payment of non-refundable fee of NPR 3,000.00 (NPR Three Thousand Only) for each service on or before 7th day of the date of publication of this notice.
- Bid document fee should be deposited in the following account of our Bank:
  » Account Number: 999-20401010201
  » Account Name: Miscellaneous Deposit Receipt
- Sealed Bids must be submitted within office hours on or before 7th day of the date of publication of this notice. Documents received after this deadline will be rejected.
- Bids must be valid for a period of 90 days from the date of bid opening.

Minimum Eligibility Criteria:

1. Bidder must be in operation for 5 years or above.
2. Bidder must have yearly turnover of NPR 10 million or above for immediate last FY and should have been profit-making since last five year.
3. Proposed solution must have been implemented and live in three (3) or more Banking and Financial Institutions (BFIs) in Nepal.

The bids shall be opened at 3:00 PM on next working day of the last date of bid submission.

If the last date of purchasing, submission and opening of the bid falls on a public holiday, it shall be extended to the next working day.

The Bank reserves the right to accept partly or reject any or all proposals without assigning any reason whatsoever.

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौं फोन नं. ०१-५३६८७१९
सामान्य प्रशासन विभाग थापाथली, काठमाण्डौं फोन नं. ०१-५९११५१९, Ext.: ४०२, ४०४
सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

Invitation for Sealed Bids

(Date of Publication: 20th October, 2025)
Second Date of Publication: 4th November, 2025

Mahalaxmi Bikas Bank Limited a leading national level development bank invites sealed bids from interested and eligible firm/ company for Colocation of its Data Center (DC) Colocation and to provide Managed cum Hosting Disaster Recovery (DR) Site & Service under following **minimum eligibility criteria:**

1. Bidder should have well established International standard Data Center (DC) inside Kathmandu Valley and Disaster Recovery (DR) Site at different seismic zone with real time replication of servers and its installed applications
2. Bidder must be in operation on related business preferably for 5 years or above.
3. Bidder must have yearly turnover of NPR 10 million or above and should have been profit-making preferably since last five year.
4. The bidder must have provided similar services to preferably three (3) or more Banking and Financial Institutions (BFIs) in Nepal.

Terms and Conditions:

- The bid documents can be purchased within office hours (9:30 AM till 5:00 PM) from the office of General Service Department, Head Office, Thapathali upon payment of non-refundable fee of NPR 5,000.00 (NPR Five Thousand Only) on or before 7th day of the date of publication of this notice.
- Bid document fee should be deposited in the following account of our Bank:
  » Account Number: 999-20401010201
  » Account Name: Miscellaneous Deposit Receipt
- Sealed Bids must be submitted within office hours on or before 7th day of the date of publication of this notice. Documents received after this deadline will be rejected.
- Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid bond, amounting to a minimum of 5% of the bid amount in the form of bank guarantee from any commercial bank, which shall be valid for 30 days beyond the validity of the bid (total 120 days validity bid bond). The bid bond may also be deposited through cash margin deposit in the following account of the Bank:
  » Account Number: 99921607031017
  » Account Name: Miscellaneous Sundry Creditors

Bidders may submit bids for both services. However, those submitting bids for both must prepare and submit separate bid documents for each service.

The bids shall be opened at 3:00 PM on next working day of the last date of bid submission.

If the last date of purchasing, submission and opening of the bid falls on a public holiday, it shall be extended to the next working day.

The Bank reserves the right to accept partly or reject any or all proposals without assigning any reason whatsoever.

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौं फोन नं. ०१-५३६८७१९
सामान्य प्रशासन विभाग थापाथली, काठमाण्डौं फोन नं. ०१-५९११५१९, Ext.: ४०२, ४०४
सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

अर्थ पत्रिका

नयाँ पत्रिका
मंगलबार १८ कार्तिक ०८२

विद्युत् बक्यौता विवाद समाधानका लागि उद्योग वाणिज्य महासंघ र प्रधानमन्त्री कार्कीको अग्रसरता

पञ्चकन्यासहित चार उद्योगीले बुझ्काए बक्यौताको पहिलो किस्ता, लाइन जोडियो

पञ्चकन्या ग्रुपका कार्यकारी निर्देशक उज्ज्वलकुमार श्रेष्ठ भन्छन्- **किस्ता तिरेर पुनरावलोकन गर्ने पहिलादेखि नै योजना थियो, सोमबार प्रधानमन्त्रीले अग्रसरता लिएपछि सहज भयो**



सोमबार प्रधानमन्त्री कार्यालयमा पहिलो किस्ता तिरेपछि लाइन जोडेर थप न्यायिक प्रक्रिया अगाडि बढाउन दिने सहमति भएको जानकारी आएको छ। त्यसपछि हामीले दुईवटा उद्योगको पहिलो किस्ता बुझाएका छौं। लाइन पनि जोडिएको छ। यद्यपि, हाम्रो यसअघि नै पहिलो किस्ता तिरेर न्यायिक प्रक्रियामा जाने योजना नै थियो। तर, प्रधानमन्त्री कार्यालयमा भएको सहमतिको स्पष्ट खाका भने आएको छैन। अब किस्ता तिर्दै न्यायिक प्रक्रियामा जाने योजना छ। हामी सीधै अदालत जान पाउँदैनौं, त्यसैले विद्युत् नियमन आयोगमा निवेदन दिएका छौं।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

प्रधानमन्त्री सुशीला कार्कीले विद्युत् बक्यौता विवाद समाधानका लागि पहल लिएलगत्तै पञ्चकन्या ग्रुपसहितका चार उद्योगीले प्राधिकरणको बिलअनुसार तिर्नुपर्ने रकमको पहिलो किस्ता बुझाएका छन्।

डेडिकेटेड तथा ट्रंकलाइनबाट विद्युत् उपभोग गरेका रुपन्देहीका चार उद्योग पञ्चकन्या प्लास्टिक उद्योग, पञ्चकन्या स्टिल इन्डस्ट्रिज, सिद्धार्थ पेटप्लान्ट र श्याम प्लास्टिकले सोमबार बक्यौताको पहिलो किस्ता तिरेको प्राधिकरणले जनाएको छ। पहिलो किस्ता तिरेपछि उद्योगहरूको विच्छेद गरिएको विद्युत् लाइन जडान गरिएको प्राधिकरणका कार्यकारी निर्देशक मनोज सिलवाललले जानकारी दिए। उद्योगहरूले ०७२ माघदेखि ०७५ वैशाखसम्ममा डेडिकेटेड तथा ट्रंकलाइन प्रयोगबापतको प्रिमियम महसुलको पहिलो किस्ता बुझाएका हुन्। पञ्चकन्या प्लास्टिकको २४ लाख ६३ हजार, पञ्जकन्या स्टिलको ५२ लाख १९ हजार, सिद्धार्थ पेटप्लान्टको एक करोड ८३ लाख र श्याम प्लास्टिकको ४९ लाख १० हजार रुपैयाँ बक्यौता रहेको छ। बक्यौतालाई २८ किस्तामा विभाजन गरी उद्योगहरूले पहिलो किस्ता तिरेका हुन्।

अझै जगदम्बा स्टिल, रिलायन्स स्पिनिङ मिल्स, शिवम सिमेन्ट, घोराही सिमेन्ट उद्योग, अर्घाखाँची सिमेन्ट इन्डस्ट्रिज, त्रिवेणी स्पिनिङ मिल्स, सोनापुर मिनरल एन्ड आयल, जगदम्बा सिन्थेटिक, बुटवल सिमेन्ट, हिमाल आइरन एन्ड स्टिल, कसमस सिमेन्ट फ्याक्ट्री, एभरेस्ट पेपर मिल, निगाले सिमेन्ट प्राली, त्रिवेणी सिन्थेटिक यार्न इन्डस्ट्रिज, विशाल सिमेन्ट इन्डस्ट्रिज, एसआर फुड्स, भलबारी स्वचालित कारखाना, एभरेस्ट रोलिङ मिल र एसआर स्टिल इन्डस्ट्रिज बक्यौता तिर्न आएका छैनन्।



उद्योगीले पहिलो किस्ता तिरे पुनरावेदन मानिने, त्यसपछि उद्योगमा लाइन जोडिने

उद्योगीले लोडसेडिङका बेला डेडिकेटेड फिडर र ट्रंकलाइनबाट प्रयोग गरेको बिजुलीको प्रिमियम महसुल तिर्न आनाकानी गरेर लम्बिरहेको विवाद सुल्झाउन उद्योग वाणिज्य महासंघको पहलमा प्रधानमन्त्री सुशीला कार्कीले अग्रसरता लिएकी छिन्।

सोमबार प्रधानमन्त्री सुशीला कार्कीको आह्वानमा अर्थमन्त्री रामेश्वर खनाल, ऊर्जामन्त्री कुलमान घिसिङ, उद्योगमन्त्री अनिलकुमार सिन्हा र महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालसहितका उद्योगीले छलफल गरेका छन्। सो छलफलमा प्राधिकरणले हाल जारी गरेको बिलअनुसार पहिलो किस्ताबराबरको रकम उद्योगीले तिरेको खण्डमा पुनरावेदन गरेको मानिने र लगत्तै प्राधिकरणले पनि सम्बन्धित उद्योगमा लाइन जोड्ने सहमति जुटेको छ।

'आइतबार पनि महासंघका अध्यक्ष चन्द्र ढकाल र प्रधानमन्त्रीबिच छलफल भएको थियो। त्यसपछि सोमबार प्रधानमन्त्रीज्यूले महासंघका अध्यक्ष ढकालसहित अर्थमन्त्री, ऊर्जामन्त्री र कानुन तथा उद्योगमन्त्रीलाई राखेर छलफल गर्नुभएको हो,' प्रधानमन्त्री कार्यालयका एक अधिकारीले भने, 'छलफलमा पहिलो किस्ताबराबरको रकम तिरेपछि उद्योगमा लाइन जोड्ने सहमति भएको छ। चित्त नबुझेका उद्योगीले पहिलो किस्ताबराबरको रकम तिरेसँगै आफ्नो गुनासोसहित निवेदन दिने र त्यसमा क्रमशः अधिकारप्राप्त निकायले उचित निर्णय गर्ने सहमति भएको छ। साथै, अन्य कानुनी प्रक्रियामा जान पनि सकिने सहमति भएको छ।' यसअघि प्राधिकरणले पठाएको बिलमा चित्त नबुझेका उद्योगीलाई ५ प्रतिशत धरौटी राखेर पुनरावेदन गर्न पाउने सुविधा दिइएको थियो, तर पहिलो किस्ताबापत बुझाएको रकमलाई नै पुनरावेदनबापतको धरौटीसमेत मानेर जाने गरी सरकारले अहिले थप सुविधा प्रदान गरेको हो।

महासंघले पनि विज्ञप्ति जारी गर्दै प्रधानमन्त्री कार्कीसहितको छलफलमा डेडिकेटेड फिडर र टंकलाइनको शुल्कसम्बन्धी विवादको मध्यमार्गी प्रस्ताव गरेको जनाएको छ। 'छलफलमा भएको प्रस्तावअनुसार उद्योगीहरूले विद्युत् प्राधिकरणलाई यसअघि रकम बुझाउने गरी दिएको सुविधा २८ किस्ताको एक किस्ताबराबरको रकमलाई किस्ताका रूपमा नभई विवादित रकम मानी धरौटीका रूपमा बुझाएपछि काटिएको विद्युत्को लाइन तुरुन्त जोडिनेछ,' विज्ञप्तिमा भनिएको छ।

डेढ महिनामा ५० मिलियन युरो र एक सय ७५ मिलियन डलर सहायता स्वीकृत

● अर्थ मन्त्रालय प्रवक्ता **टंकप्रसाद पाण्डेय** भन्छन्-



लक्ष्यअनुसार राजस्व संकलन नभएर सरकारलाई स्रोतको समस्या भइरहेका बेला द्विपक्षीय तथा बहुपक्षीय दाताहरूले अन्तरिम सरकारलाई गरेको भरोसा प्रशंसनीय छ। सरकारका तर्फबाट पनि दातालाई नियमित भेट गर्ने, विगतका प्रतिबद्धता र नयाँ प्रतिबद्धताका लागि पहल गर्ने काम भइरहेका छन्। खासगरी दूतावासका प्रतिनिधि र बहुपक्षीय संस्थाका प्रतिनिधिसँग हामी निरन्तर छलफल र सहकार्यमै छौं। नियमित खर्च धान्ने र विकासका आवश्यकता पूरा गर्ने सवालमा दाताले गरिरहेको सहयोगले सरकारलाई काम-कारबाही अघि बढाउन पनि धेरै मद्दत मिलेको छ।

पवन तिमिल्सिना/नयाँ पत्रिका

जेन-जी आन्दोलनपश्चात्को डेढ महिनामा सरकारले द्विपक्षीय तथा बहुपक्षीय दाताबाट ५० मिलियन युरो र एक सय ७५ मिलियन डलर सहायता स्वीकृत गरेको छ। अर्थ मन्त्रालयका अनुसार यसमध्ये केही नयाँ सहायता छन् भने अधिकांश पुराना प्रतिबद्धता हुन्।

अस्थिरतालाई देखाएर पुराना प्रतिबद्धताबाट दाताहरू पछि हटेका विश्वमा कैयौं उदाहरण छन्, तर अन्तरिम सरकारमा अर्थ प्रशासनका जानकार रामेश्वर खनाल अर्थमन्त्री भएपछि द्विपक्षीय र बहुपक्षीय दातासँग समन्वय गरी सहायता भित्र्याउन अग्रपंक्तिमा खटिएका थिए। जसकारण डेढ महिनाको अवधिमा विश्व बैंक, एसियाली विकास बैंक, युरोपेली युनियन, अमेरिका, जर्मनीलगायतका दाताहरूले पुरानासहित नयाँ सहायताको प्रतिबद्धतासमेत गरेका छन्।

अर्थ मन्त्रालयले सार्वजनिक गरेको सरकार गठनयताको कार्यप्रगतिमा २ असोजमा युरोपेली युनियनसँग नौ मिलियन युरो प्राविधिक सहायता सम्झौता र जर्मन सरकारसँग २२ असोजमा २० मिलियन युरो वित्तीय तथा २१ मिलियन युरो प्राविधिक सहायता सम्झौता गरेको उल्लेख छ। त्यस्तै, ३० असोजमा विश्व बैंकको मल्टी डोनर ट्रस्ट फन्डमार्फत १० मिलियन अमेरिकी डलर अनुदान र एसियाली विकास बैंकबाट सय मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण लिन २३ असोजमा वार्ता सम्पन्न भएको अर्थ मन्त्रालयले जानकारी दिएको छ।

विश्व वातावरण सुविधामार्फत 'मध्य नेपालमा धानमा आधारित खेती तथा खाद्य प्रणालीको जलवायु उत्थानशील रूपान्तरण' परियोजनाका लागि ८७ लाख अमेरिकी डलर अनुदान, जिइएफ कोषबाट सुदूरपश्चिममा वन तथा पर्वतीय पारिस्थितिक प्रणाली पुनर्स्थापना परियोजनाका लागि २२ लाख अमेरिकी डलर अनुदान, स्थानीय जलवायु अनुकूलनशील जीवनयापन सुविधा परियोजनाका लागि ४२ लाख अमेरिकी डलरबराबरको सहायता सम्झौता स्वीकृत र एमसिसीका अतिरिक्त ५० मिलियन अमेरिकी डलर सहयोग स्वीकार गर्ने १२ असोजको मन्त्रिपरिषद्ले निर्णय गरेको अर्थले जनाएको छ।

यस्तो छ अर्थ मन्त्रालयको प्रगति विवरण

जेन-जी घाइतेको उपचार खर्चदेखि क्रिकेट रंगशाला बनाउने रकम निकासासम्म

● अर्थले २३ र २४ भदौमा भएको जेन-जी आन्दोलनमा ज्यान गुमाउने ५३ जनाका परिवारलाई जनही १५ लाखका दरले सात करोड ९५ लाख र दुई हजार चार सय २९ घाइतेलाई २० हजारका दरले राहतबापत चार करोड ८५ लाख गरी कुल १२ करोड ८० लाख निकासा गरेको जनाएको छ।

● आन्दोलनबाट प्रभावित उद्योग, व्यापार र व्यवसायका लागि 'एकीकृत व्यावसायिक पुनरुत्थान योजना' लागू गरिएको छ। यसअन्तर्गत प्रभावित क्षेत्रलाई राहत, कर छुट र सहुलियत प्रदान गरिने उल्लेख छ।

● आन्दोलनका कारण क्षति भएका संरचनाको पुनर्निर्माण र आर्थिक पुनरुत्थानका लागि भौतिक पूर्वाधार पुनर्निर्माण कोष पनि स्थापना गरिएको र असोज मसान्तसम्म ६ करोड १० लाख रुपैयाँ जम्मा भइसकेको छ।

● सार्वजनिक संस्थानमा सुशासन बढाउन 'सार्वजनिक संस्थानको व्यवस्थापन तथा सुशासन नीति, २०८२' लागू गरिएको छ। कानुनविपरीत सुविधा लिएका पदाधिकारी र कर्मचारीलाई सवारीसाधन, सहयोगी, सुरक्षा गार्ड र अन्य सुविधा फिर्ता गर्न सबै मन्त्रालय, आयोग र सचिवालयलाई पत्र पठाइएको छ।

● प्रहरीका लागि एक सय ७५ थान पिकअप र ६ थान प्रिजनर भेहिकल खरिदका लागि बजेट स्वीकृत गरिएको छ। सशस्त्र प्रहरी बलका लागि पनि ७० पिकअप, २० रियट कन्ट्रोल भेहिकल, दुई एम्बुलेन्स, तीन डिजास्टर रेस्क्यु भ्यान र पाँच ठुला ट्रक खरिदका लागि बजेट उपलब्ध गराइएको छ।

● कीर्तिपुर अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माणका लागि ४० करोड रुपैयाँ खर्च गर्ने अख्तियारी प्रदान गरिएको छ।

● पुँजी बजारका समस्या समाधानका लागि गठित कार्यदलले बुझाएको प्रतिवेदन कार्यान्वयन गर्न थालिएको छ।



● तेम्रो सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीति (२०८२-२०८७) कार्यान्वयनमा आएको छ। विराटनगर र वीरगन्ज भन्सार कार्यालयबाट अनलाइन मूल्यांकन प्रणाली सुरु गरिएको छ।

● आन्दोलनका कारण करदाताले कर बुझाउने समयसीमा २५ असोजसम्म पुऱ्याएर व्यवसायीलाई राहत प्रदान गरिएको थियो।

● दोस्रो वित्तीय क्षेत्र विकास रणनीति (०८२/८३-०८६/८७) मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनमा पठाइएको छ।

● सहुलियतपूर्ण कर्जाको ब्याज अनुदानका लागि नौ अर्ब ८० करोड रुपैयाँ बजेट निकासा गरिएको छ।

● सरकार गठन भएको पहिलो महिनामै २० अर्ब आन्तरिक ऋण उठाइएको छ।

बन्चरेडाँडामा रात्रिकालीन कार्यका लागि विद्युत् जडान



नयाँ पत्रिका

बन्चरेडाँडा ल्यान्डफिल्ड साइटमा रात्रिकालीन फोहोर व्यवस्थापनका लागि विद्युत् जडान गर्न सुरु भएको छ। विद्युत् प्राधिकरण नुवाकोट वितरण केन्द्रले सोमबार ल्यान्डफिल्ड साइटमा बत्ती जडानका लागि पोल झारेको छ। अब पोल गाडेर बत्ती जडान गरिनेछ।

ऊर्जा जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले आइतबार ल्यान्डफिल्ड साइटको अनुगमन र स्थानीयसँगको अन्तर्क्रियाका क्रममा रात्रिकालीन फोहोर व्यवस्थापनका लागि तुरुन्तै बत्ती जडान सुरु गर्ने प्रतिबद्धता जनाएका थिए। त्यसपछि प्राधिकरणका कार्यकारी निर्देशक मनोज सिलवाल र नुवाकोट वितरण केन्द्र प्रमुखलाई बत्ती जडानका लागि आवश्यक व्यवस्था गर्न निर्देशन दिएका थिए।

यसैगरी, फोहोरबाट निस्किने लिच्चिड व्यवस्थापनका लागि जडान गर्न पम्प साइटमा आपूर्ति गरिसकिएको छ।

राष्ट्र बैंक र भारतीय रिजर्व बैंकको सहकार्य बढाइने



काठमाडौं/ राष्ट्र बैंक र भारतीय रिजर्व बैंक (आरबिआई)को साझा समन्वय संयन्त्र (जेटिसिसी)को नवौं बैठक सोमबार सम्पन्न भएको छ। बैठकको उद्घाटन गर्दै गभर्नर प्राडा विश्वनाथ पौडेलले मौद्रिक तथा वित्तीय क्षेत्रका अन्तरदेशीय सरोकारका विषयमा परिणाममुखी संवाद र तिनलाई प्राविधिक रूपमा समाधानका लागि उक्त संयन्त्र प्रभावकारी रहेको बताए। उनले दुवै देशको केन्द्रीय बैंकको समन्वय र सहकार्य थप विस्तार गर्ने पनि बताए।

भारतीय रिजर्व बैंकका कार्यकारी निर्देशक एवं 'जेटिसिसी' संयोजक अर्णवकुमार चौधरीले संयन्त्र स्थापना भएयता मुद्रा व्यवस्थापन, वैदेशिक व्यापार र भुक्तानी कारोबारको सहजीकरण, वित्तीय समावेशीकरणको प्रवर्द्धनका सन्दर्भमा फलदायी अभ्यासहरू कार्यान्वयनमा आएको विचार व्यक्त गरे।

प्रहरीले बरामद गऱ्यो ४० लाखको अवैध सामान

बुटवल/ रुपन्देहीमा प्रहरीले ४० लाख रुपैयाँबराबरको अवैध सामान बरामद गरेको छ। प्रहरी कार्यालय रुपन्देहीका प्रहरी नायब उपरीक्षक सुरज कार्कीका अनुसार गत बुधबारदेखि शनिबारसम्ममा जिल्लाका विभिन्न स्थानहरूमा चेकजाँच गर्ने क्रममा भन्सार छली चोरी-पैठारी गरेको ३९ लाख ७० हजार एक सय ३० रुपैयाँबराबरको सामान नियन्त्रणमा लिइएको हो।

प्रहरीले ती सामान आइतबार कारबाहीका लागि भैरहवा भन्सार कार्यालय बेलहिया रुपन्देहीमा पठाएको छ। प्रहरी टोलीले ओमसतिया गाउँपालिका वडा नं ४ र रोहिणी गाउँपालिका वडा नं १ र २ बाट लु१.ज ४४८९ नंको बलेरो पिकअप, लु.प्र.०१-००१ ह ०३०८ नं को इरिक्सा, यूपी ५६ आर ५९४६ नम्बरको मोटरसाइकलसहित विभिन्न सामान बरामद गरेको हो।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना
(प्रकाशित मिति २०८२/०७/१८)

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाण्डौं नेपाल पोष्ट बक्स नं ३४१२
फोन नं: ५३२८२२९, ५३४२५३०
इमेल: info@nimb.com.np
वेवसाइट: www.nimb.com.np

तपशिलमा उल्लिखित ऋणीहरुले यस नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.(साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था) बाट उपभोग गर्नुभएको कर्जा समय(समयमा तिर्नु/बुझाउनुपर्ने सांवा, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको सांवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण सांवा, ब्याज, किस्ता र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ। अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी/प्रोपाइटर/सेयरधनि/संचालक/साझेदार तथा व्यक्तिगत जमानीकर्ताहरु/धितो सुरक्षणदाताले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चलअचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको सम्पत्ति लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणी/प्रोपाइटर/सेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण
१.	**ऋणी : दुर्गा फेन्सी एण्ड सेल (अधिविकर्ष कर्जा) -शाखा कार्यालय सुर्खेत,** प्रा.फ.र.नं. : ५३६८/०७२/०७३, ठेगाना : वीरेन्द्रनगर न.पा. २०, सुर्खेत **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. डम्मर बहादुर खत्री -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ६७१०१०/४४७८, मिति २०६५/१०/०६ मा जि.प्र.का.कैलालीबाट जारी भएको) बाबु : टोप बहादुर खत्री, बाजे : खड्क बहादुर खत्री **२. धनसरा देवी खत्री -जमानीकर्ता** (ना.प्र.नं. ६७-३-०१०/१०९, मिति २०६३/११/०८ मा जि.प्र.का. कैलालीबाट जारी भएको) पति : डम्मर बहादुर खत्री, ससुरा : टोप बहादुर खत्री
२.	**ऋणीहरु :** **क) स्वरुपा संगम डेरी सप्लायर्स एण्ड स्वीट्स हाउस (विविध कर्जा) -शाखा कार्यालय इमाडोल,** प्रा.फ.र.नं. : १४४७०२/०७५/०७६, ठेगाना : महालक्ष्मी न.पा. ०१, ललितपुर **ख) भगवती आचार्य (घर कर्जा) -शाखा कार्यालय इमाडोल,** (ना.प्र.नं. ३१३०१५/१२६, मिति २०६३/११/२५ मा जि.प्र.का. मकवानपुरबाट जारी भएको) ठेगाना : ललितपुर म.न.पा ०२, ललितपुर पति: भरत तिमल्सिना, ससुरा: राम प्रसाद तिमल्सिना **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. भरत तिमल्सिना -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ३०१००५/१७०६७१, मिति २०६५/०४/०५ मा जि.प्र.का. काभ्रेपलाञ्चोकबाट जारी भएको) बाबु : राम प्रसाद तिमल्सिना, बाजे : कमलापति तिमल्सिना **२. भगवती आचार्य -जमानीकर्ता** (ऐ. ऐ.)
३.	**ऋणी : ह्याप्पील्याण्ड अर्गानिक फार्म एण्ड रिसोर्ट प्रा.लि. (आवधिक कर्जा) -शाखा कार्यालय जावलाखेल,** दर्ता नं. : २५७४३०/०७७/०७८, ठेगाना : तारकेश्वर न.पा. ०३, काठमाडौं **शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :** **१. सजिता पोखरेल -शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं.१६०३३४३८१, मिति २०६२/१०/०९ मा जि.प्र.का.पर्सांबाट जारी भएको) बाबु : हरि प्रसाद पोखरेल, बाजे : लोकनाथ पोखरेल **२. स्वयंभु प्रसाद वाग्ले -जमानीकर्ता** (ना.प्र.नं.३५१७३७१३, मिति २०५१/०२/०३ मा जि.प्र.का.सर्लाहीबाट जारी भएको), बाबु: देवी प्रसाद वाग्ले, बाजे: मनि प्रसाद वाग्ले
४.	**ऋणी : विरेन्द्र कुमार साह स्वर्णकार (व्यक्तिगत मोर्टगेज कर्जा) -शाखा कार्यालय विराटनगर,** (ना.प्र.नं. ९१०२३/९२०२३, मिति २०६१/०६/०६ मा जि.प्र.का. सुनसरीबाट जारी भएको), ठेगाना : छिटाहा ०८, सुनसरी बाबु : मोहन सोनार, बाजे : पंचु साहु सोनार **व्यक्तिगत जमानीकर्ताहरु :** **१. मोहन सोनार -जमानीकर्ता** (ना.प्र.नं.१७६/१५२७, मिति २०४५/०२/०९ मा जि.प्र.का.सुनसरीबाट जारी भएको), बाबु: पंचु साहु सोनार, बाजे: शिव साहु सोनार **२. मनोज कुमार साह सोनार -जमानीकर्ता** (ना.प्र.नं. ७५५५१/७६५५१, मिति २०५९/११/०५ मा जि.प्र.का.सुनसरीबाट जारी भएको) बाबु : मोहन सोनार, बाजे : पंचु साहु सोनार **३. प्रकाश कुमार स्वर्णकार -जमानीकर्ता** (ना.प्र.नं. १२३७०/१४३७०, मिति २०५७/०५/२१ मा जि.प्र.का.सुनसरीबाट जारी भएको) बाबु : मोहन सोनार, बाजे : पंचु साहु सोनार
५.	**ऋणी : नविना राजवंसी र शहदेव राजवंशी (घर कर्जा) -शाखा कार्यालय बिर्तामोड,** ठेगाना : डागीबारी ०६ झापा हाल बाह्रदशी ०७, झापा **क) नविना राजवंसी** (ना.प्र.नं.१८२४२००८, मिति २०५९/०७/०८ मा जि.प्र.का. झापाबाट जारी भएको), बाबु : रंगलाल राजवंसी, बाजे : पालनु राजवंशी **ख) शहदेव राजवंशी** (ना.प्र.नं.२३३७३५७, मिति २०५०/०१/११ मा जि.प्र.का. झापाबाट जारी भएको), बाबु : रंगलाल राजवंशी, बाजे : पालनु राजवंशी **व्यक्तिगत जमानीकर्ता :** **नयान राजवंशी -जमानीकर्ता** (ना.प्र.नं.२३३७२७४, मिति २०४३/०८/२५ मा जि.प्र.का. झापाबाट जारी भएको) पति: रंगलाल राजवंशी, ससुरा : पालनु राजवंशी
६.	**ऋणीहरु : दुर्गा देवी कायस्थ र नविन मेहेर कायस्थ (धितो कर्जा) -शाखा कार्यालय कमलादी,** ठेगाना: चापागाउँ ०४, ललितपुर हाल का.म.न.पा. ०४, बालुवाटार काठमाडौं **क) दुर्गा देवी कायस्थ** (ना.प्र.नं.२३८७२, मिति २०६०/०९/२९ मा जि.प्र.का. ललितपुरबाट जारी भएको), पति: चक्रशन मेहेर कायस्थ, ससुरा: वद्रि मेहेर कायस्थ **ख) नविन मेहेर कायस्थ** (ना.प्र.नं.००२०५१, मिति २०५७/१२/०८ मा जि.प्र.का. ललितपुरबाट जारी भएको), बाबु : चक्रशन मेहेर कायस्थ, बाजे: वद्रि मेहेर कायस्थ **व्यक्तिगत जमानीकर्ताहरु :** **१. चक्रशन मेहेर कायस्थ -जमानीकर्ता** (ना.प्र.नं.१२६/२९, मिति २०२९/०५/०७ मा जि.प्र.का.ललितपुरबाट जारी भएको), बाबु: वद्रि मेहेर कायस्थ, बाजे: चन्द्र मेहेर कायस्थ **२. रस्मिन शाक्य -जमानीकर्ता** (ना.प्र.नं.९९९२८, मिति २०५९/१२/११ मा जि.प्र.का. गोरखाबाट जारी भएको), पति: नविन मेहेर कायस्थ, ससुरा: चक्रशन मेहेर कायस्थ

सार्वजनिक सूचना

नेपाल ईकरात इन्जिनियरिङ कम्पनी प्रा.लि.बाट उत्पादित उच्च गुणस्तर युक्त NEA Standard का विद्युतिय ट्रान्सफरमरको तपशिलमा उल्लेख भए अनुसार २०८२/०८३ को मुल्यसूचि कायम गरिएको व्यहोरा यसै सार्वजनिक सूचनाद्वारा समस्त ग्राहकवर्गलाई जानकारी गराउन चाहन्छौं।

NEA Standard Transformer Rate

S. No:	Transformer Rating	No Load Loss (Watts)	Load Loss (Watts)	Ex- Works Hetauda Per Unite Price Without VAT
1	11/0.230 kV, 15 kVA	62	300	265,000.00
2	11/0.4kV, 25kVA	75	460	350,000.00
3	11/0.4kV, 50kVA	120	750	505,000.00
4	11/0.4 kV, 75 kVA	170	1000	635,000.00
5	11/0.4kV,100kVA	220	1210	750,000.00
6	11/0.4 kV, 125 kVA	255	1430	880,000.00
7	11/0.4kV,150kVA	295	1675	995,000.00
8	11/0.4kV,200kVA	365	2100	1,195,000.00
9	11/0.4kV,250kVA	455	2550	1,350,000.00
10	11/0.4kV,300kVA	550	3000	1,450,000.00
11	11/04 kV, 350 kVA	650	3550	1,630,000.00
12	11/0.4kV,400kVA	745	4025	1,690,000.00
13	11/0.4kV,500kVA	960	5150	1,950,000.00
14	33/0.4 kV, 25 kVA	75	460	450,000.00
15	33/0.4 kV, 50 kVA	140	800	640,000.00
16	33/0.4 kV, 100 kVA	290	1800	830,000.00

Nepal Ekarat Egineering Co. Pvt. Ltd.
NEEK Since 1992
Jaycees Margh, Thapathali, Kathmandu
Tel: 01-4243436 / 4244857 / 4252169. Fax: 4253612
Website : www.neek-transformer.com

Factory
Thana Bharyang, Nawalpur, Hetauda, Tel: +977-57-520994, 520935
Fax: +977-57-520689, email: works@neek-transformer.com

जिसस उदयपुरका दुई भवन र सवारीसाधनसहित झन्डै दुई करोडको सम्पत्ति प्रयोगविहीन

उदयपुरमा **विदुर कटुवाल**

जिल्ला समन्वय समिति उदयपुरका दुई भवनसहित दुई करोड मूल्यबराबरको सवारीसाधन र अन्य जिन्सी सम्पत्ति प्रयोगविहीन भएको छ। संघीयता कार्यान्वयन भएसँगै जिल्ला समन्वय समितिमा परिणत भएको तत्कालीन जिल्ला विकास समितिका दुई भवनसहित सवारीसाधन र जिन्सी सम्पत्ति प्रयोगविहीन भएका हुन्।

जिल्ला समन्वय समिति उदयपुरका सूचना अधिकारी दीपक पोखरेलका अनुसार आर्थिक वर्ष ०८१/८२ को सम्पत्ति तथा जिन्सी मालसामानको विवरणअनुसार अनुमानित मुख्य झन्डै दुई करोडको सम्पत्ति कौडीको भाउमा बेच्नुपर्ने भएको छ। उनले भने, 'अब काम नै नलाग्ने भइसकेका सामानहरू छन्। हामीले लिलाम प्रक्रिया अघि बढाउने तयारी



गरेका छौं।' जिससमा तीनवटा जिप रहेकामा एउटा मात्र प्रयोगमा छ। प्रदेश-१-०५-झ-०००२ नम्बरको जिप हाल समन्वय प्रमुख गौरबहादुर विश्वकर्माले प्रयोग गरेका छन्। यसैगरी १० वटा मोटरसाइकल र दुईवटा साइकल प्रयोगविहीन छन्।

पोखरेलका अनुसार अन्य जिन्सी मालसामानमा जिल्ला विकासबाट जिल्ला समन्वय समिति हुँदा ७२ प्रकारका सामान थिए। अहिले ६० प्रतिशत प्रयोगविहीन छन्। डेस्कटप कम्प्युटर ११ थान, ल्यापटप ३० थानमा ६ प्रयोगविहीन, ट्याब्लेट नौ, सर्बर च्याक एक थान, टेलिभिजन ६ थान, डिजिटल क्यामरा पाँच थान बिग्रेका छन्। यसैगरी मोबाइल सात थान, सिसिटिभी क्यामरा ६ थान, जिपिएस मेसिन एक थान, ३० थान प्रिन्टरमा २४ वटा बिग्रेको, फ्याक्स मेसिन आठ थान, प्रोजेक्टर पाँच थान, सिलिङ पंखा २५ थान, टेबल पंखा १४ थान, जेनेटर तीन थान, एयर कन्डिसन एक थान, पानी तान्ने पम्प चार थान, फ्रिज र युपिएस मेसिन आठ थान, स्टेबलाइजेर सात थान, इन्भर्टर आठ थान, स्टिल दराज ५५ थान, काठका दराज २२ थान, खाट-पलङ १० थान, टेबल २२ थान, ग्यास सिलिन्डर १५ थान, डेस्क-बेन्च ४४, अन्य फर्निचर कुर्सीमा एक सय ३८ थान प्रयोगविहीन भएका छन्।

२२ मंसिरबाट सुदूरपश्चिम महोत्सव

धनगढी/ दुई दशकदेखि धनगढीमा हरेक वर्ष सञ्चालन हुँदै आएको सुदूरपश्चिम महोत्सव २२ मंसिरबाट सुरु हुने भएको छ। कैलाली उद्योग वाणिज्य संघले आइतबार धनगढीमा पत्रकार सम्मेलन गरेर महोत्सवको तयारी सुरु गरिएको जनाएको छ। संघका अध्यक्ष पुष्करराज ओझाले एउटा मूल आयोजक समिति र अन्य २३ वटा उपसमिति गठन गरेर महोत्सव सञ्चालनको तयारीका काम थालिएको जानकारी दिए। महोत्सव सञ्चालन गर्न करिब तीन करोड रुपैयाँ लाग्ने, सात लाख मानिसले अवलोकन गर्ने र महोत्सवमा करिब १५ करोड रुपैयाँको व्यावसायिक कारोबार हुने संघले अनुमान गरेको छ।

सडक डिभिजन भक्तपुर

कटुन्जे, भक्तपुर

बोलपत्र स्वीकृतीको लागि छनौट गरिएको आशयको सूचना

प्रकाशित मिति : २०८२/०७/१८

यस डिभिजनको मिति २०८२/०६/२९ मा प्रकाशित आर्थिक प्रस्ताव खोल्ने सूचना अनुसार रितपूर्वक प्राप्त हुन आएका आर्थिक प्रस्तावहरूको मूल्याङ्कन भई तपशिल बमोजिमको ठेक्का नम्बर तथा बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्राही भई छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७(२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि अनुरोध छ।

ठेक्का नं.	बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक (भ्याट र पि.एस. समेत)
DROBKT/337011384/081/082/72	M/S Uma & Company/Bhandari/ Amarjyoti JV, Kavre	रु. ६८,८०,६८,५८९.३६

डिभिजन प्रमुख

Government of Nepal (GoN)
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Bridge Branch,
Babarmahal, Kathmandu (Currently: Chakupat, Lalitpur)

Quotation for Modular/Bailey Bridge

Date of Publication: 4th November 2025

The **Government of Nepal (GoN)**, **Ministry of Physical Infrastructure and Transport**, **Department of Roads (DOR)**, **Bridge Branch**, Bridge Improvement and Maintenance Program (BIMP III) intends to procure **Modular Bridges** to be utilized for **emergency response** purposes, ensuring continuity of traffic movement without delay. Interested **manufacturers or suppliers** of modular/bailey bridges are hereby **requested to submit their quotations** (excluding Value Added Tax) along with the following documents:

- Company Registration Certificate
- Relevant authorized Product Catalogue and Technical Specifications

Quotations and supporting documents shall be submitted via email to: dorbridgebranch2@gmail.com. Further details, descriptions, and specific requirements of the modular bridges can be accessed from the official website of the Department of Roads: https://dor.gov.np. The Department reserves the right to accept or reject any or all quotations without assigning any reason whatsoever.

Deadline for submission: On or before 25th November 2025, during official office hours.

For further information, please contact:

Department of Roads, Bridge Branch, BIMP III
Babarmahal, Kathmandu (Currently: Chakupat, Lalitpur)
Email: dorbridgebranch2@gmail.com

एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतीस) दिने सूचना

(प्रकाशित मितिः २०८२।०७।१८ को नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानून तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असूल उपर गरिनेछ। कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

तपसिल

ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र धितो लेखिदिएको सम्पत्तिको विवरणः

१. ऋणीको नामः न्यू प्रविण फेन्सी पसल **कर्जा शिर्षकः** क्यास क्रेडिट

(नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य कार्यालय, धनगढी, कैलालीमा दर्ता रहेको), दर्ता नं.: २६७७२/०७५/७६, दर्ता मितिः २०७५/११/१३, स्थायी लेखा नं.: ६०९२८४८३०, ठेगानाः कैलाली जिल्ला, लम्की चुहा न.पा., वडा नं. ६।

प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः

भद्र बहादुर भण्डारीः ना.प्र.प.नं (जारी मिति/स्थानः): २०५००(२०६२/०९/१०/कैलाली), बाजेको नामः चाखुरे भण्डारी, बाबुको नामः पहराम भण्डारी, ठेगानाः कैलाली जिल्ला, चुहा गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, लम्की चुहा न.पा., वडा नं. ६।

व्यक्तिगत जमानतकर्ताः

कल्पना विष्ट भण्डारीः ना.प्र.प.नं (जारी मिति/स्थानः): ६७-०२-७४-०६८३६(२०७४/०७/२१/कैलाली), बाबुको नामः अम्मर बहादुर विष्ट, पतिको नामः भद्र बहादुर भण्डारी, ससुराको नामः पहराम भण्डारी, ठेगानाः कैलाली जिल्ला, लम्की चुहा न.पा., वडा नं. ६।

धितो लेखिदिएको सम्पत्तिको विवरणः

चाखुरे भण्डारीको नाति, पहराम भण्डारीको छोरा, कैलाली जिल्ला,चुहा गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, लम्की चुहा न.पा., वडा नं. ६ बस्ने **भद्र बहादुर भण्डारी**को नाममा मालपोत कार्यालय टीकापुर, कैलालीको लगतमा दर्ता श्रेष्ता कायम रहेको कैलाली जिल्ला, चुहा गा.वि.स./न.पा., वडा नं. र नक्सा सिट नं. ७ स्थित कि.न. २१७६ को क्षेत्रफल ०-५-० विघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

२. ऋणीको नामः रण बहादुर तुम्बाहाम्फे **कर्जा शिर्षकः** सम्पत्ति धितो कर्जा

ना.प्र.प.नं (जारी मिति/स्थानः): १०४२०/२१ (२०४५/११/१०/ताप्लेजुङ्ग), बाजेको नामः नेपाल सिं तुम्बाहाम्फे, बाबुको नामः भगिमान, ठेगानाः ताप्लेजुङ्ग जिल्ला, फुङलिङ गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल ताप्लेजुङ्ग जिल्ला, फुङलिङ न.पा. वडा नं. २।

व्यक्तिगत जमानतकर्ताहरुः

क. दिल माया मगर (लिम्बु): ना.प्र.प.नं (जारी मिति/स्थानः): ०११०२७/१३५९ (२०६७/१०/२०/ताप्लेजुङ्ग), बाबुको नामः नर बहादुर मगर, ससुराको नामः भगिमान, पतिको नामः रण बहादुर तुम्बाहाम्फे, ठेगानाः ताप्लेजुङ्ग जिल्ला, फुङलिङ गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल ताप्लेजुङ्ग जिल्ला, फुङलिङ न.पा. वडा नं. २।

ख. टिकेन्द्र नेपालीः ना.प्र.प.नं (जारी मिति/स्थानः): ५६३९३-७१६९ (२०५९/०५/१३/ताप्लेजुङ्ग), बाजेको नामः बुद्दिमान नेपाली, बाबुको नामः विक्रम नेपाली, ठेगानाः ताप्लेजुङ्ग जिल्ला, फुङलिङ गा.वि.स., वडा नं. ५।

धितो लेखिदिएको सम्पत्तिको विवरणः

नेपाल सिं तुम्बाहाम्फेको नाति, भगिमानको छोरा, ताप्लेजुङ्ग जिल्ला, फुङलिङ गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल ताप्लेजुङ्ग जिल्ला, फुङलिङ न.पा. वडा नं. २ बस्ने **रण बहादुर तुम्बाहाम्फे**को नाममा मालपोत कार्यालय ताप्लेजुङ्गको लगतमा दर्ता श्रेष्ता कायम रहेको ताप्लेजुङ्ग जिल्ला, फुङलिङ गा.वि.स./न.पा., वडा नं. र नक्सा सिट नं. ३ स्थित कि.न. १७९९ को क्षेत्रफल २-३-२-३ रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

३. ऋणीको नामः लेलिन कार्की **कर्जा शिर्षकः** आवास निर्माण कर्जा

ना.प्र.प.नं (जारी मिति/स्थानः): ८५२७७/२०५७/१२/१३/पाल्पा), बाजेको नामः तेज बहादुर कार्की, बाबुको नामः कर्ण बहादुर कार्की, ठेगानाः पाल्पा जिल्ला, मस्याम गा.वि.स., वडा नं. १ परिवर्तित ठेगाना हाल पाल्पा जिल्ला, तिनाउ गा.पा., वडा नं. ६।

व्यक्तिगत जमानतकर्ताहरूः

क. कर्ण बहादुर कार्की: ना.प्र.प.नं (जारी मिति/स्थानः): ३९-०१-७१-०३०९४(२०७१/०४/१४/पाल्पा), बाजेको नामः तारा बहादुर कार्की, बाबुको नामः तेज बहादुर कार्की, ठेगानाः पाल्पा जिल्ला, मस्याम गा.वि.स., वडा नं. १ परिवर्तित ठेगाना हाल पाल्पा जिल्ला, तिनाउ गा.पा., वडा नं. ६।

ख. नन्द कुमारी कार्की: ना.प्र.प.नं (जारी मिति/स्थानः): ९६ (२०४५/०२/०५/पाल्पा), बाबुको नामः हुम बहादुर खड्का, ससुराको नामः तेज बहादुर कार्की, पतिको नामः कर्ण बहादुर कार्की, ठेगानाः पाल्पा जिल्ला, मस्याम गा.वि.स., वडा नं. १ परिवर्तित ठेगाना हाल पाल्पा जिल्ला, तिनाउ गा.पा., वडा नं. ६।

धितो लेखिदिएको सम्पत्तिको विवरणः

हुम बहादुर खड्काको छोरी, तेज बहादुर कार्कीको बुहारी, कर्ण बहादुर कार्कीको पत्नी, पाल्पा जिल्ला, मस्याम गा.वि.स., वडा नं. १ परिवर्तित ठेगाना हाल पाल्पा जिल्ला, तिनाउ गा.पा., वडा नं. ६ बस्ने **नन्द कुमारी कार्की**को नाममा मालपोत कार्यालय पाल्पाको लगतमा दर्ता श्रेष्ता कायम रहेको पाल्पा जिल्ला, मस्याम गा.वि.स./न.पा., वडा नं./नक्सा सिट नं. २ स्थित कि.न. ५६४ को क्षेत्रफल ०-५-०-० रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | FMO Entrepreneurial Development Bank The Netherlands | Member of: Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

PRiME COMMERCIAL BANK LTD. प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालयः कमलपोखरी, काठमाण्डौ फोन नं.: ०१-४५२३४३२/३४/३६ | शाखा कार्यालयः सुन्दरबजार, लमजुङ फोन नं. ०६६-४०२३८२ | शाखा कार्यालय : भरतपुर, चितवन फोन नं. : ०५६-५३३२४०/४१ | शाखा कार्यालयः पुष्पलालचोक, मोरङ्ग फोन नं.: ०२१-४६५५६०/६१

को

तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२/०७/१८ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा ओप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्धारा सूचित गरिन्छ ।

तपसिल

शाखा कार्यालयः सुन्दरबजार, लमजुङ

ऋणीको विवरण

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय, लमजुङमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम मिति २०६६/०१/१५ मा दर्ता नं. ३८२/०६५/०६६ कायम भई दर्ता भएको लमजुङ जिल्ला, सुन्दरबजार गा.वि.स. वडा नं. ४ स्थित श्री महालक्ष्मी सुन चांदी पसल प्रोप्राइटरः लाल बहादुर विश्वकर्मा

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. तारापती विश्वकर्माको नाति, हिमलाल विश्वकर्माको छोरा, चितवन जिल्ला, जगतपुर गा.वि.स./न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको लाल बहादुर विश्वकर्मा (ना.प्र.प.नं. ३५-०१५, चितवन)

२. हिमलाल विश्वकर्माको बुहारी लाल बहादुर विश्वकर्माको पत्नी, चितवन जिल्ला, जगतपुर गा.वि.स./न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको बुद्धिकला विश्वकर्मा (ना.प्र.प.नं. २०९९/०६२, चितवन)

३. डाँसे कामीको नाति, तारापती विश्वकर्माको छोरा, नवलपरासी जिल्ला, दाउन्ने देवी गा.वि.स./न.पा. वडा नं. ७, स्थित स्थायी ठेगाना भएको हिमलाल विश्वकर्मा (ना.प्र.प.नं. १००१३, नवलपरासी)

४. तारापती विश्वकर्माको बुहारी, हिमलाल विश्वकर्माको पत्नी, नवलपरासी जिल्ला, दाउन्ने देवी गा.वि.स./न.पा. वडा नं. ७, स्थित स्थायी ठेगाना भएको निम कुमारी वि.क. (ना.प्र.प.नं. ३२४-८७२६६, नवलपरासी)

५. हिमलाल विश्वकर्माको नाति, लाल बहादुर विश्वकर्माको छोरा, लमजुङ जिल्ला, सुन्दरबजार न.पा. वडा नं. ७, स्थित स्थायी ठेगाना भएको अमित बि.क. (ना.प्र.प.नं. ४५-०१-७५-०१४७५, लमजुङ)

६. हिमलाल विश्वकर्माको नातिनी, लाल बहादुर विश्वकर्माको छोरी, लमजुङ जिल्ला, सुन्दरबजार न.पा. वडा नं. ७, स्थित स्थायी ठेगाना भएको आस्मा वि.क. (ना.प्र.प.नं. ४५-०१-७३-०१६३४, लमजुङ)

धितोमा रहेको सम्पतिको विवरण

१. लाल बहादुर विश्वकर्माको नाममा मालपोत कार्यालय लमजुङको लगतमा दर्ता श्रेस्ता कायम रहेको लमजुङ जिल्ला, सुन्दरबजार गा.वि.स./न.पा. वडा नं. ४ स्थित किता नं. १७४०, २१११ र २१६१ का क्रमशः क्षेत्रफल ०-३-२-१, ०-८-०-२ र ०-३-०-०(रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. बुद्धिकला विश्वकर्माको नाममा मालपोत कार्यालय बेसीशहर लमजुङको लगतमा दर्ता श्रेस्ता कायम रहेको लमजुङ जिल्ला, सुन्दरबजार गा.वि.स./न.पा. वडा नं. ६ स्थित किता नं. ६७२ को क्षेत्रफल ०-४-१-१ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

३. बुद्धिकला विश्वकर्माको नाममा मालपोत कार्यालय बेसीशहर लमजुङको लगतमा दर्ता श्रेस्ता कायम रहेको लमजुङ जिल्ला, परेवाडाँडा गा.वि.स./न.पा. वडा नं. २ स्थित किता नं. १७६६ को क्षेत्रफल १-९-१-३ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

४. लाल बहादुर विश्वकर्माको नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, जगतपुर गा.वि.स./न.पा. वडा नं. ३ स्थित किता नं. २८७ को क्षेत्रफल ०-३-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

५. हिम लाल विश्वकर्माको नाममा मालपोत कार्यालय चनौली चितवनको लगतमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, जगतपुर गा.वि.स./न.पा. वडा नं. ३ स्थित किता नं. २७७ को क्षेत्रफल १२५२.२१ (व.मि) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

शाखा कार्यालयः पुष्पलालचोक, मोरङ्ग

ऋणीको विवरण

प्रदेश सरकार, १ नं. प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, विराटनगर, मोरङ्गमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ तथा औद्योगिक व्यवसाय ऐन, २०७३ बमोजिम मिति २०७७/०६/२० मा दर्ता नं. १६७५३/०७७/०७८ कायम भई दर्ता भएको मोरङ्ग जिल्ला, कटहरी गा.पा. वडा नं. ७ स्थित पन्चकन्या कृषि फर्म, प्रोप्राइटरः राम बहादुर कटवाल क्षेत्री

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. धनवीर कटवालको नाति, कर्ण बहादुर कटवाल क्षेत्रीको छोरा, खोटाङ्ग जिल्ला, विजयखर्क गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. ३ बस्ने राम बहादुर कटवाल क्षेत्री (ना.प्र.प.नं. इ.न ४ १०२४७२/२४२१, खोटाङ्ग)

२. कर्ण बहादुर कटवाल क्षेत्रीको नाति, राम बहादुर कटवाल क्षेत्रीको छोरा, मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. ३ बस्ने कुशल कटुवाल (ना.प्र.प.नं. ०५१०६६-१७८८, मोरङ्ग)

३. कर्ण बहादुर कटवाल क्षेत्रीको बुहारी, राम बहादुर कटवाल क्षेत्रीको पत्नी, खोटाङ्ग जिल्ला, छोरम्ब गा.वि.स./न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. ३ बस्ने मैया देवी खत्री (ना.प्र.प.नं ८८८/१२२१, खोटाङ्ग)

४. राम बहादुर कटवाल क्षेत्रीको बुहारी, कुशल कटुवालको पत्नी, झापा जिल्ला, शिवसताक्षी न.पा. वडा नं. ६, स्थित स्थायी ठेगाना भएको इन्दु प्रसाई (ना.प्र.प.नं. ०४-०२-७२-०१०२८, झापा)

धितोमा रहेको सम्पतिको विवरण

राम बहादुर कटवाल क्षेत्रीको नाममा मालपोत कार्यालय विराटनगर मोरङ्गको लगतमा दर्ता श्रेस्ता कायम रहेको मोरङ्ग, जिल्ला, कन्चनवारी गा.वि.स./न.पा. वडा नं. १ स्थित किता नं. २२५२ को क्षेत्रफल ०-२-०-० (बिघा) को घर / जग्गा तथा सो घर / जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

नोटः माथि उल्लेखित शाखा कार्यालय पुष्पलालचोक, मोरङ्गको धितोमा रहेको सम्पति ऋणी राम बहादुर कटवाल क्षेत्रीका लागि समेत धितोमा रहेको ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८२/०७/१८ गते मंगलबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु सुन्दरबजार, लमजुङ, भरतपुर, चितवन र पुष्पलालचोक, मोरङ्गबाट प्राप्त गर्न सकिनेछ।

२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।

३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ घरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२०००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।

४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तित्वारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

५. शिलबन्दी बोलपत्र मिति २०८२/०७/२४ गते सोमबार कार्यालय समय भित्र शाखा कार्यालय सुन्दरबजार, लमजुङको धितोमा रहेको सम्पतिको विवरण नं. ४ र ५ को हकमा यस बैंकको शाखा कार्यालय भरतपुर, चितवनमा तथा अन्य सम्पूर्ण धितोको हकमा सम्बन्धित शाखा कार्यालयमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।

६. शिलबन्दी बोलपत्र मिति २०८२/०७/२५ गते मंगलबार दिउँसो ४:०० बजे शर्त नं. ५ मा उल्लेख भए अनुसारको शिलबन्दी बोलपत्र दर्ता भएको यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।

८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा घरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

९. धितो सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु सुन्दरबजार, लमजुङ, भरतपुर, चितवन र पुष्पलालचोक, मोरङ्गमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७७

भारत महिला विश्वकपको नयाँ विजेता

पहिलोपटक फाइनलमा पुगेको दक्षिण अफ्रिकामाथि ५२ रनको सहज जित
निकाली भारतले उचाल्यो एकदिवसीय विश्वकप ट्रफी



अहिलेसम्मका विजेता

सन्	विजेता	उपविजेता	नतिजा
१९७३	इंग्ल्यान्ड	अस्ट्रेलिया	शीर्ष स्थान
१९७८	अस्ट्रेलिया	इंग्ल्यान्ड	शीर्ष स्थान
१९८२	अस्ट्रेलिया	इंग्ल्यान्ड	तीन विकेटले विजयी
१९८८	अस्ट्रेलिया	इंग्ल्यान्ड	आठ विकेटले विजयी
१९९३	इंग्ल्यान्ड	न्युजिल्यान्ड	६७ रनले विजयी
१९९७	अस्ट्रेलिया	न्युजिल्यान्ड	पाँच विकेटले विजयी
२०००	न्युजिल्यान्ड	अस्ट्रेलिया	चार रनले विजयी
२००५	अस्ट्रेलिया	भारत	९८ रनले विजयी
२००९	इंग्ल्यान्ड	न्युजिल्यान्ड	चार विकेटले विजयी
२०१३	अस्ट्रेलिया	वेस्ट इन्डिज	११४ रनले विजयी
२०१७	इंग्ल्यान्ड	भारत	९ रनले विजयी
२०२२	अस्ट्रेलिया	इंग्ल्यान्ड	७१ रनले विजयी
२०२५	भारत	द.अफ्रिका	५२ रनले विजयी

एजेन्सी

भारतीय महिला क्रिकेट टोली एकदिवसीय विश्वकपको नयाँ विजेता बनेको छ। मुम्बईको नाभी रंगशालामा आइतबार राति भारतले दक्षिण अफ्रिकालाई फाइनलमा ५२ रनले हराउँदै विश्व च्याम्पियन ट्रफी उचालेको हो। ५२ वर्षको महिला विश्वकप इतिहासमा पहिलोपटक फाइनलमा दक्षिण अफ्रिका पुगेको थियो। १३औँ संस्करणको विश्वकपको फाइनलअघि नै पूर्वविजेता बाहिरिएका कारण यसपटक नयाँ विजेता पाउने निश्चित भइसकेको थियो। सर्वाधिक सातपटकको विजेता अस्ट्रेलिया, चारपटकको च्याम्पियन इंग्ल्यान्ड र न्युजिल्यान्ड फाइनलसम्म पुग्न सकेनन्।

सेमिफाइनलमा साबिक विजेता अस्ट्रेलियामाथि सनसनी जित निकाली आत्मविश्वास देखिएको भारतीय महिला टोलीले दक्षिण अफ्रिकालाई सहजै हरायो। पहिलो ब्याटिङ गरेको भारतले ५० ओभरमा सात विकेट गुमाएर दुई सय ९८ रनको विशाल योगफल खडा गऱ्यो। दक्षिण अफ्रिकाले प्रत्युत्तरमा ४५.३ ओभरमा सबै विकेट गुमाएर दुई सय ४६ रन जोड्दा भारत विजयी भयो। भारतलाई विश्व च्याम्पियन बनाउने क्रममा साफेली बर्माले अलराउन्ड प्रदर्शन गरेकी थिइन्।

उनले ब्याटिङमा सर्वाधिक ८७ रन बनाइन्। बलिङमा उनले दक्षिण अफ्रिकाका महत्त्वपूर्ण दुई विकेट लिइन्। १३औँ महिला विश्वकपको म्यान अफ दी सिरिज भारतीय खेलाडी दीप्ति शर्मा भइन्। उनले प्रतियोगिताभरि दुई सय १५ रन बनाउनुका साथै २२ विकेट लिइन्। उपाधि भिडन्तमा उनी घातकसिद्ध भइन्। उनले ९.३ ओभरमा ३९ रन खर्चेर सर्वाधिक पाँच विकेट हात पारिन्। ब्याटिङमा पनि उनले उत्कृष्ट योगदान दिइन्। दीप्तिले ५८ बलमा तीन चौका र एक छक्का प्रहार गरी ५८ रन बनाइन्।

सन् १९७३ मा पहिलोपटक महिला विश्वकप आयोजना भएको थियो। आइसिसीले पुरुष विश्वकपभन्दा महिला विश्वकप अगाडि आयोजना गरेको थियो। सन् १९७८ मा डायना एन्जीको कप्तानीमा भारतले पहिलोपटक विश्वकपमा सहभागिता जनाएको थियो। विश्वकप उपाधि उचाल्न भारतले ४७ वर्ष प्रतिक्षा गरेको हो।

सन् २००५ मा भारत पहिलोपटक फाइनलमा पुगेको थियो। अस्ट्रेलियासँग भारत ९८ रनले पराजित भयो। त्यसको १२ वर्षपछि (२०१७)मा भारतले सेमिफाइनलमा अस्ट्रेलियालाई हराउँदै फाइनल स्थान पक्का गऱ्यो। तर, फाइनलमा भारत इंग्ल्यान्डबाट झिनो नौ रनले पराजित भयो। त्यसपछि सन् २०२५ मा भारत तेस्रोपटक फाइनलमा पुग्यो। भारतले यसपटक सेमिफाइनलमा ठुलो लक्ष्य पछ्याउँदै अन्तिम दुई स्थान पक्का गरेको हो।

बिसिसिआईबाट ५१ करोड भारु दिने घोषणा

पहिलोपटक एकदिवसीय विश्व च्याम्पियन बनेको भारतीय महिला टोलीका खेलाडी तथा स्टार्फ करोडपति बन्ने भएका छन्। भारतीय क्रिकेट बोर्ड (बिसिसिआई)ले च्याम्पियन टोलीलाई ५१ करोड भारु दिने घोषणा गरेको छ। यो पुरस्कार रकम खेलाडी, प्रशिक्षक तथा स्टार्फले पाउने छन्।

यसैगरी, ट्रफी जितेपछि भारतले प्रतियोगिताको विजेता धनराशि ३९ करोड ५० लाख भारु पाएको छ। पुरुषको तुलनामा महिलातर्फको विश्वकप विजेताको धनराशि धेरै छ। सन् २०२३ मा अस्ट्रेलियाली पुरुष टोलीले विश्वकप उपाधि जित्दा ३३ करोड ३१ लाख भारु पाएको थियो।

नियमित खेलाडी घाइते हुँदा सेफालीको भाग्य

भारतलाई विश्वकप उपाधि दिलाउन महत्वपूर्ण योगदान दिएकी सेफाली सुरुवाती चरणको टोलीमा थिइनन्। बिसिसिआइले विश्वकप खेल्ने खेलाडी घोषणा गर्दा उनी टोलीबाट बाहिर रहिन्। गत वर्ष खराब फर्ममा रहँदा उनले भारतीय टोलीमा स्थान बनाउन नसकेकी हुन्। एक वर्षअघि नै राष्ट्रिय टोलीबाट बाहिर रहेकी सेफालीको भाग्य फेरियो। २६ अक्टोबरमा बंगलादेशविरुद्धको प्रतिस्पर्धामा भारतकी नियमित ओपनर प्रतिका रावल घाइते भइन्। त्यसपछि बोर्डले रावलको स्थानमा अनुभवी खेलाडीकै रूपमा सेफालीलाई टोलीमा बोलायो। उनले फाइनलमा ८७ रन जोड्नुका साथै दुई विकेट पनि लिइन्। यसै प्रदर्शनका आधारमा उनी खेलकै म्यान अफ दी म्याच पनि भइन्।

भारतले जित्यो आइसिसीको १५औँ उपाधि

समग्रमा भारतीय क्रिकेट टोलीले आइसिसीबाट आयोजना हुने १५ वटा प्रतियोगिता जितेको छ। १५औँ उपाधिका रूपमा महिला विश्वकप रह्यो। भारतको पुरुष टोलीले उमेर समूह र सिनियर विश्वकप जितेको छ। सिनियर पुरुष टोलीले दुई एकदिवसीय विश्वकप, दुईपटक टी-२० आई विश्वकप तथा तीनपटक आइसिसी च्याम्पियन्स ट्रफी हात पारेको छ। यसैगरी, भारतको उमेर समूहको पुरुष टोलीले पाँचपटक यू-१९ विश्वकप जितेको छ। महिला टोलीले दुईपटक यू-१९ विश्वकप उपाधि हात पारेको छ। अस्ट्रेलियाले सर्वाधिक २७ पटक आइसिसीको उपाधि जितेको छ।

अर्को वर्ष मात्र 'ए' डिभिजन लिग

एन्फाले तीन वर्षदेखि आयोजना गर्न नसकेको सहिद स्मारक 'ए' डिभिजन लिग १४ क्लबसँगको सहमतिपछि ०८३ पुसमा गरिने



नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)ले सहिद स्मारक 'ए' डिभिजन लिग १४ महिनापछि मात्रै गर्ने भएको छ। एन्फाका पदाधिकारी र १४ क्लबका पदाधिकारीबिच सोमबार भएको बैठकले ०८३ पुसमा 'ए' डिभिजन लिग गर्ने निर्णय भएको हो। एन्फाले लिगका लागि तालिकासमेत प्रकासन गरेको छ। 'ए' डिभिजन लिग होम एन्ड अवे प्रणालीअनुसार हुनेछ,' एन्फाका प्रवक्ता सुरेश शाहले भने 'लिगमा आबद्ध १४ क्लबका पदाधिकारी पनि एन्फाको निर्णयमा सहमत भएका छन्।'

पंकजविक्रम नेम्वाङ एन्फाको अध्यक्ष भएयता 'ए' डिभिजन लिग एकपटक मात्र भएको छ। ०७९/८० को सिजनमा नेम्वाङले लिग आयोजना गरेका थिए। त्यसपछि क्लबका पदाधिकारीसँग सहमति जुटाउन नसक्दा एन्फाले लिग गर्न अमसर्थ हुँदै आएको छ। एन्फाले आगामी २९ मंसिरमा लिगसम्बन्धी नियमावली प्रकाशन गर्नेछ। १४ क्लबले माघदेखि चैतसम्म होम ग्राउन्ड चयन गर्नेछ। उनीहरूले चैत मसान्तसम्ममा कागजी प्रक्रिया पूरा गर्नुपर्नेछ।

एन्फाले ०८३ को ३ जेठमा लिगका लागि क्लबहरूलाई पत्राचार गर्नेछ। ३ साउनमा सहभागी क्लबले 'ए' डिभिजन लिगमा सहभागिता जनाउन टोलीको नाम दर्ता गर्नुपर्ने एन्फाले जनाएको छ। ५ साउनमा सहभागी क्लबहरूको होमग्राउन्ड निरीक्षण गर्ने र ३ भदौमा आवश्यक जनशक्तिका लागि प्रशिक्षण गर्ने एन्फाका प्रवक्ता शाहले बताए।

क्लबहरूले एन्फामा अर्को वर्षको १ मंसिरदेखि खेलाडी दर्ता प्रक्रिया थाल्ने उनले बताए। ३ मंसिरदेखि २ पुससम्म प्रिसिजनका प्रतियोगिता सञ्चालन गर्नेछ। एक वर्षको अवधिमा एन्फा र क्लबले सबै प्रक्रिया पूरा गरेपछि मात्र ०८३ को पुस ३ मा 'ए' डिभिजन लिगको खेल तालिका प्रकाशन हुनेछ।

हेटौँडामा एन्फा प्रेसिडेन्ट लिग हुने

मकवानपुरमा पोष्टराज अधिकारी

एन्फाको आयोजनामा हेटौँडामा एन्फा प्रेसिडेन्ट लिग १९ कात्तिक देखि ४ मंसिरसम्म हुने भएको छ। हेटौँडा उपमहानगरपालिका वडा नम्बर ६ स्थित गौरीटार रंगशालामा १० टोलीले प्रतिस्पर्धा गर्ने एन्फाले जनाएको छ। लिगकम नकआउटअनुसार हुने प्रतियोगितामा सातै प्रदेशका जिल्ला लिग च्याम्पियन पनि सहभागी हुने एन्फाका प्रवक्ता शाहले बताए।

गाईघाट फुटबल (उदयपुर), जनजागृति युवा (बर्दिया), देउराली युथ (धनकुटा), काक्रेविहार युथ (सुर्खेत), नवजनजागृति (बारा), विजय स्पोर्टस् (कैलाली), चित्लाङ फुटबल (काठमाडौं), हैरान्स क्लब (तनहुँ), टाइगर्स टिम टीकाथली (दोलखा) र लालीगुराँस एसोसिएसन क्लब (कास्की) गरी १० टिम सहभागी हुनेछन्। यी सबै क्लब एन्फामा आबद्ध भई जिल्ला लिगमार्फत प्रदेश लिगमा छनोट भएका टोली हुन्।

लिग चरणपछि उत्कृष्ट प्रदर्शन गर्ने चार टोलीले आगामी राष्ट्रिय लिगका लागि छनोट हुनेछन्। प्रतियोगितामा सहभागी प्रत्येक क्लबले 'ए' डिभिजन क्लबका तीन र राष्ट्रिय टिमका दुई गरी पाँचजना खेलाडी दर्ता गर्न पाउने व्यवस्था गरिएको छ। प्रतियोगितामा कुनै पनि टोलीले विदेशी खेलाडी समावेश गर्न नपाउने नियम लागू गरिएको छ।

प्रतियोगिताको विजेताले १० लाख र उपविजेताले पाँच लाख रुपैयाँ प्राप्त गर्नेछन्। त्यस्तै, फेयर प्ले टिम र मोस्ट भ्यालुएबल टोलीले ५० हजार रुपैयाँ पाउनेछन्। सर्वाधिक गोलकर्ता र उत्कृष्ट गोलरक्षकलले जनही २५ हजार रुपैयाँ हात पार्नेछन्। एन्फा प्रेसिडेन्ट लिगका शीर्ष चार गरी १० टोलीसम्मलित राष्ट्रिय लिग आयोजना हुने एन्फाले जनाएको छ। राष्ट्रिय लिग च्याम्पियनले एएफसी क्लब च्याम्पियनसिप लिग खेल्नेछ।

■ झापा गोल्डकप

चर्च ब्वाइजमाथि पुलिसको गोल वर्षा



पहिलो खेलबाटै नेपाल पुलिसलाई सेमिफाइनलमा स्थान सुरक्षित गराउन मीना देउवाले पाँच र रेखा पौडेलले ह्याट्रिक गरे

झापामा चिरञ्जीवी घिमिरे

स्ट्राइकरद्वय मीना देउवा र रेखा पौडेल चम्किँदा सोमबार नेपाल पुलिस क्लबको महिला टोली झापा महिला गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ। सहिद स्मारक 'ए' डिभिजन लिग विजेता चर्च ब्वाइज युनाइटेडले भर्खरै महिला टोली बनाएर झापा गोल्डकपमा सहभागिता हुँदा पुलिसबाट ८-० ले पराजित भयो। पुलिसले १९ कात्तिकमा घरेलु टोली झापा र संकटा क्लबबिच विजेताविरुद्ध प्रतिस्पर्धा गर्नेछ।

झापाको शिवशताक्षीस्थित दुधे रंगशालामा भएको उद्घाटन खेलमा मीनाले व्यक्तिगत पाँच गोल गरेकी थिइन्। अर्की स्ट्राइकर रेखाले ह्याट्रिक लगाइन्। भारतमा भएको त्रिकोणात्मक तथा मैत्रीपूर्ण खेलमा मीनाले राष्ट्रिय टोलीमा डेब्यु गरेकी थिइन्। उत्कृष्ट लयमा रहेकी मीनाले सबै पाँचै गोल दोस्रो हाफमा गरेकी हुन्। उनले खेलको ५१औँ, ५९औँ र ६२औँ मिमेटमा ह्याट्रिक लगाइन्। त्यसपछि उनले ६८औँ र ८१औँ मिनेटमा थप दुई गोल गर्दा पुलिसको सानदार जित भयो।

चर्च ब्वाइजले पहिलो हाफमा उत्कृष्ट प्रदर्शन गरी पुलिसलाई १-० को गोलमा रोकेको थियो। चर्च ब्वाइजले दोस्रो हाफमा लय गुमाउनपुग्यो। राष्ट्रिय टोलीकी अनुभवी स्ट्राइकर रेखाले पुलिसलाई खेलको ३७औँ मिनेटमा १-० को अग्रता दिलाइन्। मीनाले डिबक्समा दिएको क्रसमा अनमार्क रहेकी रेखाले पहिलो बारमै गोल गरिन्।

रेखाले मैदानको मध्यभागबाट चर्च ब्वाइजका खेलाडीलाई बिट गर्दै उत्कृष्ट डिब्लिङका साथ ह्याट्रिक पूरा गरेकी हुन्। पुलिसविरुद्ध कमजोर प्रदर्शन गरेको चर्च ब्वाइजको महिला टोलीले सम्झनालायक मुभ नै बनाउन सकेन। उद्घाटन खेलको प्लेयर अफ द म्याच मीना घोषित हुँदै १५ हजार रुपैयाँ पाइन्।

हाम्रो लक्ष्य उपाधि जित्ने हो

● **भोला सिलवाल**, प्रशिक्षक, पुलिस



स्ट्राइकिङ लाइन हाम्रो राम्रो पक्ष हो। स्ट्राइकिङ लाइनमा खेल्ने रेखा पौडेल, मीना देउवा, अनुष्का शेर्पा, सम्झना लावतीको राम्रो प्रदर्शन भयो। सबैले एकजुट भएर खेल्दा स्कोर निस्कियो। हाम्रो योजना अट्याकिङ खेल्ने थियो। त्यहीअनुसार खेल्यौं। हामी उपाधि लैजाने तयारीका साथ प्रतियोगिता खेल्न आएका हौं। हामी धेरैपटक एपिएफसँग फाइनलमा हार्यौं। यसपटक हामीले जित्नुपर्छ। विगतमा कहिले रेखा पौडेल वा पूजा राना नहुने थियो। अहिले सबै खेलाडी छन्। यसपटक हाम्रो लक्ष्य उपाधि जित्ने हो। मीनाबाट हामीले धेरै अपेक्षा गरेका छौं।

पुलिससँग हाम्रो तुलना हुन सक्दैन

● **सुजन श्रेष्ठ**, अफिसियल, चर्च ब्वाइज



नेपाली फुटबलमा पुलिस सिनियर टोली हो। उनीहरू शीर्ष डिभिजन लिग पनि खेलेर आइसकेको छ। चर्च ब्वाइज सुरुवाती चरणमा छ। हामीले पहिलो हाफमा पुलिससँग प्रतिस्पर्धा गर्‍यौं। पहिलो गोल रेफ्रीको गलत निर्णयले भयो। दोस्रो हाफमा पुलिसले हाम्रो रणनीति राम्रोसँग बुझ्यो। राष्ट्रिय टोलीका अनुभवी खेलाडीले हामीलाई दोस्रो हाफमा कमजोर बनायो। गोलअन्तरले केही दुखित बनाएको छ। तर, पनि हाम्रा खेलाडीले खेलेकै हो। चर्च ब्वाइजको पुरुष टोली राम्रो छ, तर महिला त्यो स्तरमा पुगेको छैन। गत महिनादेखि महिला टोली बनाएर बल्ल खेलमा आएका छौं।

अमेरिका दुई सय ४३ रनको अन्तरले विजयी

एजेन्सी/ आइसिसी विश्वकप क्रिकेट लिग २ मा अमेरिकाले सोमबार युएईमाथि दुई सय ४३ रनको विशाल अन्तरले जित हात पारेको छ। दुबईको डिआइसिएस मैदानमा पहिलो ब्याटिङ गरेको अमेरिकाले ५० ओभरमा तीन विकेट गुमाएर २ सय ९२ रन बनायो। प्रत्युत्तरमा युएई २२.१ ओभरमा ४९ रनमै समेटियो। एकदिवसीय विश्वकपमा युएईले जोडको यो योगफल १०औँ कम हो। अमेरिकाको जितमा रुसिलले पाँच तथा सौरभले तीन विकेट लिए। यसअघि अमेरिकाका लागि सैतेजा मुकामलले १३७ रन तथा मिलिन्द कुमारले १२३ रन बनाएका थिए। दुवैले चौथो विकेटका लागि दुई सय ६४ रनको कीर्तिमानी साझेदारी गरेका थिए।



खेल संक्षेप

माउन्टेन टेनिसको तयारी पूरा

काठमाडौं/ होटेल मिस्टिक माउन्टेन ग्रान्ड ओपन टेनिस प्रतियोगिताको तयारी पूरा भएको छ। प्रतियोगिता मंगलबारदेखि सातदोबाटोस्थित टेनिस कम्प्लेक्समा हुँदै छ। प्रतियोगितामा सात उमेरसमूह र दुई खुला गरी १६ स्पर्धामा प्रतिस्पर्धा हुने प्रतियोगिता संयोजक सूर्यभूषण बज्राचार्यले जनाएका छन्। प्रतियोगितामा १ सय ३६ पुरुष र ८३ महिला खेलाडी सहभागी हुनेछन्। दोस्रो संस्करणमा खुला स्पर्धा थपिएको हो। उमेरसमूहको सबै स्पर्धा पहिलो संस्करणमा पनि थियो। प्रतियोगिताको कुल पुरस्कार राशि २ लाख ७८ हजार रुपैयाँ रहेको छ।

सगरमाथा पौडी च्याम्पियन

काठमाडौं/ दोस्रो नेपालगन्ज राष्ट्रिय पौडी च्याम्पियनसिपको उपाधि ललितपुरको सगरमाथा स्विमिङ क्लबले जितेको छ। नेपालगन्ज स्विमिङ क्लब बाँकेले आयोजना गरेको प्रतियोगितामा सगरमाथा क्लबले सर्वाधिक २७२ अंक जोड्दै उपाधि जितेको हो। बाँके कोहलपुरको शिखा एकेडेमी ५२ अंकसहित तेस्रो भएको छ। लिटिल एन्जेल्स स्कुल ललितपुरले ४६ अंकका साथ तेस्रो भयो। आदर्श माध्यमिक विद्यालय नेपालगन्जले ३५ अंक हात पारेको छ। कोशी प्रदेशले २० अंक जोडेको छ। सगरमाथाका अरेक कर्माचार्य सर्वाधिक सात स्वर्ण र रिजा अवालेले पाँच स्वर्ण हात पारेको आयोजकले जनाएको छ।

■ दोस्रो नेपाल प्रिमियर लिग

सुदूरपश्चिमले भित्र्यायो चौथो विदेशी खेलाडी जोस

एनपिएलको साविक उपविजेता सुदूरपश्चिम रोयल्सले अस्ट्रेलियाको चर्चित फ्रेन्चाइज लिग बिग वासका खेलाडी जोस ब्राउनलाई अनुबन्ध गरेको छ



नयाँ पत्रिका

दोस्रो नेपाल प्रिमियर लिग (एनपिएल)का लागि साबिक उपविजेता सुदूरपश्चिम रोयल्सले चौथो विदेशी खेलाडीका रूपमा अस्ट्रेलियाका ब्याट्सम्यान जोस ब्राउनलाई अनुबन्ध गरेको छ। ब्राउन बिग बास लिगका अनुभवी खेलाडी हुन्। एनपिएलका लागि सुदूरपश्चिमले स्कट कुगेलिजन, क्रिस लिन तथा हर्मित सिंहलाई विदेशी खेलाडीका रूपमा अगाडि भिऱ्याएको थियो। टोलीमा दीपेन्द्र सिंह ऐरी, आरिफ शेख, विनोद भण्डारी, अविनाश बोहरा, दीपक बोहरा, मिलन बोहरा, हेमन्त धामी, ईशान पाण्डे, टेक रावत, नरेश साउद र दीपेन्द्र थापा छन्।

अस्ट्रेलियन खेलाडी जोसले एनपिएलमा आबद्ध हुन पाउँदा खुसी व्यक्त गरेका छन्। 'एनपिएल खेल्न अवसर पाउँदा धेरै खुसी लागेको छ,' उनले सोसल मिडियामा भनेका छन्, 'यहाँको लिगबाट म उत्साहित छु। नेपाली समर्थकलाई छिट्टै भेट्नेछु।' सुदूरपश्चिमका प्रमुख कार्यकारी अधिकृत (सिइओ) प्रकाश खड्काले जोसले बिग बासमा फरक छाप छाडेको बताए। 'हामीले अस्ट्रेलियाको चर्चित लिग बिग बासकै उत्कृष्ट खेलाडीलाई ल्याएका छौं र उसले नेपालमा पनि उत्कृष्ट प्रदर्शन गर्ने आशा लिएका छौं।'

टी-२० सिरिज 'ए'मा एक शतक

दायाँहाते अफ ब्रेक बलिङ गर्ने जोसले टी-२० फर्म्याटमा एक शतकीय इनिङ्स खेलेका छन्। उनले ४० टी-२० खेलमा नौ सय ४५ रन बनाएका छन्। उनको स्ट्राइक १४८.८१ रहेको छ। उनले यस विधामा तीन अर्धशतक बनाएका छन्। स्ट्रोक लगाउन र आक्रामक रूपमा ब्याटिङ गर्न रुचाउने उनले टी-२० फर्म्याटमा ८१ चौका र ६५ छक्का लगाएका छन्। यसैगरी, लिस्ट 'ए'मा जोसले पाँच खेलमा ६९ रन जोडेका छन्। जोसले टी-२० क्रिकेटमा सर्वाधिक १४० रन बनाएका छन्। टी-२० क्रिकेट यो स्कोर कमै खेलाडीले बनाएका छन्।

एनपिएललाई एक्स स्टेपको साथ

दोस्रो एनिपिएल सिजनका लागि पोसाक साझेदारका रूपमा एक्स स्टेप नेपाल रहने भएको छ। एक्स स्टेपको नेपालका लागि आधिकारिक विक्रेता रेन्बो प्रालिका प्रबन्ध निर्देशक गणेशमान श्रेष्ठ र नेपाल क्रिकेट संघ (क्यान)का सचिव पारस खड्काले सोमबार सम्झौता पत्रमा हस्ताक्षर गरेका छन्। यो सम्झौता यसै सिजनका लागि मात्र रहनेछ। रेन्बोका प्रबन्ध निर्देशक श्रेष्ठले धेरै वर्षको अन्तरालमा विभिन्न खेलमा प्रायोजन गरेको र एनपिएलमार्फत पहिलोपटक क्रिकेटमा सहकार्य गर्न पाउँदा खुसी लागेको बताए।

क्यानको आयोजनामा गत वर्षबाट सुरु भएको एनपिएलमा देशका विभिन्न सहरलाई प्रतिनिधित्व गर्दै आठ फ्रेन्चाइज टोलीले प्रतिस्पर्धा गर्नेछन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com